सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ फागुन २०८१, बुधबार (9F eb9 Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३०४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ एमसिसी अनुदान पनि स्थगित

रोकिए एक खर्बका परियोजना



BISHWA THAPA

दाताले नै 'स्टप' भनेपछि सबै काम स्थगित भएको छ



● **श्यामप्रसाद भण्डारी**
प्रवक्ता, अर्थ मन्त्रालय

दाताको फन्डबाट चल्ने कुरा हो। दाताले नै स्टप भनेपछि योसम्बन्धी काम-कारबाही स्थगित भएको छ। तर, अहिले नै अबका दिनमा कसरी अघि बढ्ने भनेर निर्णय भइसकेको छैन। अबका दिनमा कसरी अघि बढ्ने, परियोजनाको निर्माण कसरी अघि बढाउने भन्ने विषयमा छलफल गरेर निर्णय हुनेछ।

एमसिसीबाट आइसकेको छ तीन करोड ७४ लाख डलर

हालसम्म एमसिसीबाट तीन करोड ७४ लाख ८७ हजार ८४ डलर नेपाल आइसकेको छ। नेपाली रुपैयाँमा रूपान्तरण गर्दा चार अर्ब ६५ करोड ३२ लाख ७१ हजार रुपैयाँ प्राप्त भएको एमसिए नेपाललेयसअघि नै उपलब्ध गराएको लिखित सूचनामा उल्लेख छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

डोनाल्ड ट्रम्पको हातमा सत्ता आएसँगै अमेरिकी सहायताका कैयौँ परियोजना र कार्यक्रम रोकिएकामा नेपालका लागि बहुचर्चित मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदान पनि स्थगित भएको छ। २० जनवरीमा राष्ट्रपतिको शपथ लिएलगत्तै अमेरिकाका सबै सहायता ९० दिनका लागि स्थगित गर्ने कार्यकारी आदेश जारी गरेका ट्रम्पले एमसिसी अनुदानलाई भने निरन्तरता दिएको अनुमान गरिएको थियो। नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनले पनि १४ माघ (२७ जनवरी)मा परराष्ट्रसचिव अमृतबहादुर राईलाई भेटेर एमसिसी अनुदान नरोकिएको जानकारी दिएका थिए। तर, उक्त आदेशअनुसार एमसिसी अनुदान पनि स्थागित गरिएको जानकारी २ फागुन (१४ फेब्रुअरी)मा एमसिसीले इमेलमार्फत नेपाललाई जानकारी गराएको अर्थ मन्त्रालयले मंगलबार विज्ञप्तिमार्फत सार्वजनिक गरेको हो।

अमेरिकाले एमसिसी अनुदान स्थगन गरेसँगै एक खर्ब रुपैयाँको परियोजना संकटमा परेका छन्। एमसिसीको ५५ करोड डलर र नेपाल सरकारले १९.७ करोड डलर गरी परियोजनाको कुल रकम ७४.७ करोड डलर अर्थात् करिब एक खर्ब रुपैयाँ पुगेको थियो। एमसिसी परियोजनाअन्तर्गत विद्युत् प्रसारणलाइन र सडक पूर्वाधार निर्माणका काम सुरु भएका थिए।

» पृष्ठ २ मा क्रमशः

परियोजनामा के-के छन्, के भएका छन् काम ?

चार सय केभी क्षमताको कुल ३१५ किमि लामा चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन, पूर्व-पश्चिम राजमार्गको ४० किमि सडकखण्ड र मुग्लिन-नारायणगढ सडकको विशेष मर्मत एमसिसी परियोजनाअन्तर्गत छन्।

प्रसारणलाइनतर्फ ११७ किमि लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा, ९० किमि रातमाटे-न्यु दमौली, ९० किमि न्यु दमौली-न्यु बुटवल र १८ किमि 'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन परियोजनामा छन्। यसमध्ये 'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन निर्माणका लागि एक करोड २३ लाख ६० हजार डलर लागतमा भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग गत १४ भदौमा ठेक्का सम्झौता भइसकेको छ। बाँकी २९७ किमि लामो तीन प्रसारणलाइनका लागि एमसिसी नेपाललले १२ मंसिरमा ग्लोबल टेन्डर आह्वान गरेको छ। त्यसमा प्रस्ताव पेस गर्ने समय ७ फागुन अर्थात् बुधबार (आज) सकिँदै छ।

त्यस्तै, सबस्टेसनतर्फ चार सय केभीका रातमाटे सबस्टेसन, नयाँ दमौली सबस्टेसन र नयाँ बुटवल सबस्टेसनको ठेक्का सम्झौता भएर निर्माणको तयारीमा छन्। रातमाटे सबस्टेसन निर्माणका लागि पाँच करोड १५ लाख डलर, नयाँ दमौलीको तीन करोड ८८ लाख ९० हजार डलर र नयाँ बुटवलको तीन करोड ५५ लाख १० हजार डलरमा सम्झौता भएको छ। ठेकेदारहरूले भन्डै ३० प्रतिशतका दरले पेस्कीसमेत लगिसकेका छन्।

सडकतर्फ ४० किमि लामो धानखोला-लमही खण्ड विशेष मर्मतका लागि ठेकेदार कम्पनी छनोट प्रक्रियामै छ। ग्लोबल टेन्डरमा १३ प्रस्ताव आएकामा आन्तरिक मूल्यांकन भइरहेको छ। नारायणगढ-मुग्लिन सडकखण्ड मर्मतका लागि भने ठेक्का आह्वान हुन बाँकी छ।

परियोजनाका लागि सरकारले चालू आवमा १३ अर्ब ३६ करोड १९ लाख रुपैयाँ खुद बजेट विनियोजन गरेको थियो। यसमा एमसिसीले नौ अर्ब ९० करोड ८२ लाख र नेपाल सरकारले तीन अर्ब ४५ करोड १८ लाख रुपैयाँ व्यहोर्ने उल्लेख छ। जसमा पुससम्म एक अर्ब ११ करोड १७ लाख खर्च भएको छ।

■ ओडिसामा विद्यार्थीमाथि ज्यादती प्रकरण

विश्वविद्यालय फर्किँदा सुरक्षित हुनेमा ढुक्क छैनन् नेपाली विद्यार्थी

कुटपिट गर्दै जबर्जस्ती छात्रावासबाट निकालिएका विद्यार्थीमध्ये करिब तीन सय कोलकातामा अलपत्र

प्रकृतिको शव आज नेपाल ल्याइने

विश्वविद्यालय छात्रावासमा शंकास्पद मृत्यु भएकी प्रकृति लम्सालको शव बुधबार गोरखपुर हुँदै रुपन्देही (घर) ल्याइने भएको छ। ओडिसा सरकारले खर्च व्यहोर्ने दिल्लीस्थित नेपाली दूतावासका एक अधिकारीले बताए।

■ **नेपाली राजदूत शंकरप्रसाद शर्मा भन्छन्**- अहिले स्थिति शान्त छ



विश्वविद्यालयले बाहिरिएका विद्यार्थीलाई आउने-जाने टिकट वा पैसा उपलब्ध गराउने, छुटेको परीक्षा अलगै व्यवस्था गर्ने, सुरक्षा र सम्मानको पूर्ण प्रत्याभूति गर्ने आश्वासन दिएको छ। अहिले विश्वविद्यालयको स्थिति शान्त छ।

पर्शुराम काफ्ले, कमलराज भट्ट

भारतको ओडिसामा रहेको केआइआइटी विश्वविद्यालयमा उत्पन्न असहज परिस्थिति शान्त बनाउने चौतर्फी प्रयास भए पनि नेपाली विद्यार्थीमा उत्पन्न त्रास यथावत् छ। २० वर्षीया प्रकृति लम्सालको शंकास्पद मृत्युपछि स्वतन्त्र छानबिनको माग गर्दा छात्रावासबाट अमानवीय व्यवहारसहित जबर्जस्ती निकालिएका विद्यार्थी फर्किनका लागि अझै ढुक्क भइसकेका छैनन्। विश्वविद्यालय सुरक्षित रहेकामा विश्वस्त हुन नसकेको भन्दै उनीहरू फर्किन मानेका छैनन्।

» पृष्ठ २ मा क्रमशः

■ **कोलकातामा अलपत्र करिब तीन सय विद्यार्थीको बिलौना**- हामीसँग न खाने पैसा छ न अगाडि जाने टिकट, घर कसरी पुग्ने थाहा छैन



विश्वविद्यालयको छात्रावासबाट सोमबार जबर्जस्ती निकालिएका करिब तीन सय विद्यार्थी १२ घण्टा स्थानीय रेलवे स्टेसनमा कुरेर मंगलबार कोलकाता रेलवे स्टेसन पुगेका छन्। भोकभोकै त्यहाँ पुगेका उनीहरूले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियोमा कलेज प्रशासनले जनावरसरह व्यवहार गरेको, कुटपिट गरेको बताएका छन्। विश्वविद्यालय फर्किन सुरक्षित हुनेमा आफूहरू विश्वस्त हुन नसकेको उनीहरूको भनाइ छ। 'हामीलाई सोमबार बिहान सुरक्षागार्डको ड्रेसमा लोकल गुन्डाहरू लगाएर कुटिकुटी निकालियो। 'आफ्नो देश जा' भनेर आधालाई कटक स्टेसन, आधालाई भुवनेश्वर रेलवे स्टेसनमा ल्याएर छाड्यो। सबैलाई लात मारेर निकालियो,' एक विद्यार्थीले भनेका छन्, '१२ घण्टा रेलवे स्टेसनमा कुरेर बल्लतल्ल रेल भेटाएर कोलकाता पुगेका छौं। करिब तीन सयजना छौं।'

कोलकाताबाट अगाडि बढ्न समस्या भएको उनीहरूले बताएका छन्। 'यहाँसम्म त आयौं। अब अगाडि के गर्ने, कसरी जाने थाहा छैन। अझै अरू विद्यार्थीहरू पनि आइरहेका छन्। हामीमध्ये कतिपयसँग खाने पैसा छैन, अगाडि जाने टिकट छैन। सबैको घर सात-आठ सय किलोमिटर टाढा छ। कसरी जाने थाहा छैन,' अर्का विद्यार्थीले भिडियोमा भनेका छन्। 'हामीमाथि चरम अमानवीय व्यवहार गरियो। केटी साथीहरूलाई महिला वार्डेनहरूले कुटपिट गरे। हिँड्न गाह्रो भएको छ। नेपाली विद्यार्थीलाई जनावरजस्तो व्यवहार गरियो। वार्डेन, फ्याकल्टी मेम्बर, स्टाफ सबै लागेर निकाले। जेलका अपराधीजस्तो व्यवहार गरियो। यसरी निकाल्नुपर्ने हाम्रो के अपराध थियो ? बुझ्न सकेका छैनौं,' अर्का एक विद्यार्थीले भनेका छन्। कलेजले फिर्ता बोलाएको विषयमा उनीहरूले भिडियोमा भनेका छन्, 'तिमीहरू फिर्ता आऊ त भनेको छ। तर, कसको विश्वासमा जाने ? पहिला लात मारेर पठाउने अहिले के ग्यारेन्टी भएर जाने ? सुरक्षाको ग्यारेन्टी के छ ? अलिकति प्रश्न गर्दा कुटियो, दुर्व्यवहार गर्दै निकालियो। अहिले फेरि संरक्षण दिन्छौं आइज भन्छ, कसरी विश्वास गर्ने ? यो दोहोरो चरित्रलाई कसरी पत्याउने ?'

■ केआइआइटी प्रकरणमा के-के भयो ?

● सरकारको कूटनीतिक क्षमतामाथि प्रश्न उठाउँदै प्रतिनिधिसभाका सांसदले गरे निष्पक्ष छानबिनको माग, नेपाली विद्यार्थीमाथिको अमानवीय अत्याचार र विश्वविद्यालयका प्रशासकबाट नेपालप्रति घृणायुक्त अभिव्यक्ति दिएको भए पनि सरकारको कूटनीतिक पहल कमजोर देखिएको टिप्पणी

● ओडिसा घटनामा राष्ट्रिय सभाको रुलिङ : सत्यतथ्य छानबिन गरी यथार्थ अवस्था पहिचान गरी निज छात्रालाई उचित न्याय प्रदान गर्न यथाशीघ्र गम्भीर रूपमा कूटनीतिक पहल गर्न नेपाल सरकारको ध्यानाकर्षण

● केआइआइटी विश्वविद्यालयमा नेपाली विद्यार्थीमाथि भएको घटना निन्दनीय रहेको शिक्षा मन्त्रालयको भनाइ, न्यायपूर्ण र वैधानिक समाधान नभए ओडिसामा एनओसी रोक्ने चेतावनी

● प्रभावकारी कूटनीतिक पहल गर्न रास्वपाको माग, सरकारले घटनालाई गम्भीरताका साथ नलिएको आरोप

● दोषीलाई कारबाही गर्न र नेपाली विद्यार्थीलाई सुरक्षाको प्रत्याभूति गरी छात्रावासमा बस्ने व्यवस्था मिलाउन एकीकृत समाजवादीको माग

■ रिंकुको शंकास्पद मृत्यु प्रकरणमा एसएसपी नेतृत्वको समितिले थाल्यो छानबिन

पञ्चायती बसाएर पैसाको बार्गेनिङ भएको प्रारम्भिक निष्कर्ष

- बलात्कार आरोपी र पञ्चायती बस्ने फरार
- निष्पक्ष छानबिनको माग गर्दै काठमाडौंमा प्रदर्शन
- राष्ट्रिय सभाका सांसदहरूले मागे गृहमन्त्रीको जवाफ

लहानमा **मणिलाल विश्वकर्मा**
सप्तरीमा **सौरभ यादव**

सिराहाकी १७ वर्षीया किशोरी रिंकुकुमारी सदायको शंकास्पद मृत्युअघिको सामूहिक बलात्कार घटना दबाउन पञ्चायती बसाएर पैसाको बार्गेनिङ भएको प्रहरीले प्रारम्भिक निष्कर्ष निकालेको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका एसएसपी शान्तिराज कोइराला नेतृत्वको पाँच सदस्यीय

» पृष्ठ २ मा क्रमशः



रिंकुकुमारी सदायको रहस्यमय मृत्युबारे अनुसन्धान गर्न उनको घर पुगेको एसएसपी शान्तिराज कोइराला नेतृत्वको पाँच सदस्यीय छानबिन समिति। छानबिन समितिले सोमबार र मंगलबार मृतक रिंकुकी आमा सीतादेवी र ठुलोबुबा रामसेवकसँगै छिमेकीसँग सोधपुछ र छलफल गरेको थियो। 'घटनास्थल पुगेर वस्तुस्थितिबारे जानकारी लिएका छौं, मृतकका परिवार, आफन्त, छरछिमेकलगायतसँग कुराकानी पनि गरेका छौं,' एसएसपी कोइरालाले बताए।

भव्य महल भाडामा लिएर अनलाइन सट्टेबाजी

१५ दिनमा प्रहरीको चार 'रेड', झन्डै १० अर्बको भएको थियो सट्टेबाजी



तीन महिनादेखि निर्वाध सट्टेबाज खेलाइरहेका उनीहरूले प्रतिमहिना दुई लाख रुपैयाँ भुक्तानी गर्ने सर्तमा महल भाडामा लिएका थिए

(विस्तृत पृष्ठ ३)

आगामी आर्थिक वर्षको बजेटका लागि १९ खर्बको सिलिङ



चालू आर्थिक वर्षको खर्च र राजस्वको संशोधित अनुमानभन्दा करिब १२ प्रतिशतले बढी हुने गरी तोकियो सिलिङ

बाढीका कारण ५९.३८%ले घट्यो निर्जीवन बिमाको नाफा

जीवन बिमा कम्पनीको नाफामा भने वृद्धि

(विस्तृत पृष्ठ ६)

कार्यसम्पादनमा सरकारका १२ मन्त्रीको ३५ भन्दा कम अंक

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकै प्रतिवेदनले देखायो सरकारको कमजोर कार्यसम्पादन नतिजा

■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको चालू आर्थिक वर्षको ६ महिनामा प्रधानमन्त्री कार्यालयसहित अधिकांश मन्त्रालयको अर्धवार्षिक नतिजा कमजोर

तर, प्रधानमन्त्री कार्यालयका प्रवक्ता प्रेमप्रसाद आचार्य भन्छन्-

धेरै क्रियाकलाप तथा माइलस्टोन चालू अवस्थामा रहेकाले नतिजा केही कमजोर देखिएको हुन सक्छ। तर, विगतका आर्थिक वर्षको आधारमा तुलना गर्ने हो भने वार्षिक कार्ययोजनाअनुसार को काममा प्रगति भएका छन्।



नवराज मैनाली/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले आफ्नो नेतृत्वमा सरकार बनेपछि देशमा विकासले गति लिएको र सुशासन सुरु भएको बताइरहँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकै प्रतिवेदनले उनको दाबीको खण्डन गरेको छ। चालू आर्थिक वर्षको ६ महिनामा प्रधानमन्त्री कार्यालयसहित अधिकांश मन्त्रालयको अर्धवार्षिक नतिजा कमजोर देखाएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको चालू आर्थिक वर्षको पुस

» पृष्ठ २ मा क्रमशः





२८.५
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री कार्यालयले तयार परेको प्रतिवेदनमा के छ ?

● प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २१ वटा मन्त्रालय तथा राष्ट्रिय योजना आयोग, नेपाल ट्रस्टको कार्यालय, लगानी बोर्ड, सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, लगानी बोर्डको कार्यालय, तथ्यांक कार्यालयसमेत २८ निकायका क्रियाकलाप र माइलस्टोनलाई एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरी विश्लेषण। लक्ष्यको ३२.०५ प्रतिशत मात्र काम, क्रियाकलापतर्फ १७.२ तथा माइलस्टोतर्फ ४६.९ प्रतिशत प्रगति।

● चालू आर्थिक वर्षका लागि एक हजार १० क्रियाकलाप कार्ययोजना तयमध्ये ४.३ प्रतिशत सम्पन्न। १५७ क्रियाकलाप सक्ने लक्ष्य रहेकोमा २७ वटा मात्र सम्पन्न। आर्थिक क्षेत्रमा ४१ मध्ये १२, पूर्वाधार मा ३८ मध्ये पाँच, शासकीय सुधारमा ३९ मध्ये आठ र सामाजिक क्षेत्रमा ३९ मा दुईवटा मात्रै सम्पन्न।

● माइलस्टोनतर्फ पनि ४६.९ प्रतिशत मात्र लक्ष्यअनुसार काम। ६५१ वटा माइलस्टोन तोकिएकोमा ३०५ वटा मात्र सम्पन्न। वार्षिक कार्ययोजनामा तोकिएको माइलस्टोन कायान्वयनमा नौवटा मन्त्रालय तथा कार्यालय न्यूनतम ३५ अंक ल्याउन पनि असफल।

कुन मन्त्रीले कति अंक पाए ?


१००
अजय चौरसिया
कानुन


८०.५५
बद्री पाण्डे
पर्यटन


५९
मानवीर राई
रक्षा


५२.६
रमेश लेखक
गृह


४८.१
दामोदर भण्डारी
उद्योग


४७.७
दीपक खड्का
ऊर्जा


४२.९
आरजु राणा
परराष्ट्र


४०.९
प्रदीप पौडेल
स्वास्थ्य


३९.२
विष्णु पौडेल
अर्थ


३६.६५
ऐनबहादुर शाही
वन


३३.३५
बलराम अधिकारी
भूमि


२९.४
रामनाथ अधिकारी
कृषि


२६.२५
प्रकाशमान सिंह
सहरी


२५
राजकुमार गुप्ता
संघीय मामिला


२४.५५
विद्या भट्टराई
शिक्षा


२३.३५
प्रदीप यादव
खानेपानी


१८.७५
शरत्सिंह भण्डारी
श्रम


१८.१५
पृथ्वीसुब्बा गुरुङ
सञ्चार


१५.३
तेजुलाल चौधरी
युवा


१०.७
नवलकिशोर साह
महिला


७.९
देवेन्द्र दाहाल
भौतिक

अन्य निकायको अंक

● योजना आयोग : ४१.६५ ● सतर्कता केन्द्र : ० ● लगानी बोर्ड : १६.६५ ● नेपाल ट्रस्ट : १०० ● तथ्यांक कार्यालय : ६०.७ ● सार्वजनिक खरिद : १६.६५

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

केआइआइटीमा प्रकृति लम्सालको शंकास्पद मृत्यु र नेपाली विद्यार्थीमाथि दुर्व्यवहार प्रकरण

सांसदले सरकारको कूटनीतिक क्षमतामाथि उठाए प्रश्न

काठमाडौं/ सांसदहरूले भारतको उडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयमा अध्ययनरत छात्रा प्रकृति लम्सालको शंकास्पद मृत्यु र नेपाली विद्यार्थीमाथि गरिएको दुर्व्यवहारको निष्पक्ष छानबिनको माग गरेका छन् । नेपाली विद्यार्थीमाथिको अमानवीय अत्याचार र विश्वविद्यालयका प्रशासकबाट नेपालप्रति घृणायुक्त अभिव्यक्ति दिएको भए पनि सरकारको कूटनीतिक पहल कमजोर देखिएको सांसदहरूको भनाइ छ ।

मंगलबार प्रतिनिधिसभामा बैठकमा बोल्दै एमालेका सांसद छविलाल विश्वकर्माले शंकास्पद मृत्यु घटनाको तथ्यपरक छानबिन गर्न माग गरे । 'विद्यार्थी अझै पनि दबाबमा छन् । सरकारको ध्यान जाओस्,' उनले भने । एमालेकै ठाकुर गैरेले विश्वविद्यालयका प्रशासकद्वारा नेपालीमाथि गरिएको व्यवहार, बोलिएका भाषा र व्यक्त शब्दले लज्जाबोध भएको बताए । त्यस्तै, कांग्रेसका रामहरि खतिवडाले शव नेपाल ल्याउन आवश्यक सहयोग गर्न परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराए ।

माओवादी सांसद माधव सापकोटाले सरकारको कूटनीतिक अक्षमताका कारण अहिले पनि नेपाली विद्यार्थीले अपमानजनक व्यवहारको सामना गरिरहनुपरेको बताए । 'पीडित छात्राको परिवारलाई न्याय दिन सरकारले यथाशीघ्र उच्चस्तरीय राजनीतिक संवाद थालनी होस्,' उनले भने, 'छानबिन गरेर घटनाको सत्य-तथ्य सार्वजनिक गरियोस् ।' माओवादीकै ज्ञानु बस्नेत सुवेदीले घटनाबारे परराष्ट्रमन्त्रीले फेसबुकमा लेखेर नहुने भन्दै सदनमा आएर जानकारी दिन माग गरिन् । रास्वपाका मनीष झाले घटनाबाट नेपालको कूटनीतिक रणनीतिको कमजोरी उजागर भएको बताए । रास्वपाकै स्वर्णिम वाग्लेले निष्पक्ष छानबिनका लागि भारत सरकारमार्फत पहल गर्नुपर्ने बताए । 'विद्यार्थीको भौतिक सुरक्षा र पढाइको निरन्तरता हुनुपर्छ । न्याय र क्षतिपूर्तिको कुरा छन् । दुई-चार विज्ञप्तिले पुग्दैन । हरेक दिन अपडेट चाहिन्छ । गरिब, भ्रष्ट र अक्षम हुँदा धेरैले हेप्दा रहेछन् । यो पनि हेर्नुपर्छ,' उनले भने ।

राप्रपाका ध्रुवबहादुर प्रधानले एकातिर नेपालीले प्राण आहुति गरेर छिमेकको सुरक्षा गरिरहेका वेला नेपाली चेलीले प्राण त्याग्ने अवस्था सिर्जना हुनु दुःखद भएको बताए । एकीकृत समाजवादीका शेरबहादुर कुँवरले नेपाली विद्यार्थीमाथि अमानवीयता र अत्याचार अझै नरोकिएको बताए ।

ओडिसा घटनामा राष्ट्रिय सभाको रुलिङ– यथाशीघ्र कूटनीतिक पहल गर्न सरकारको ध्यानाकर्षण

मंगलबारको बैठकमा आकस्मिक र शून्य समयमा सांसदहरूले घटनाको भर्त्सना गर्दै दोषीलाई कारबाही, विद्यार्थीको सुरक्षा र पीडितलाई न्यायका लागि कूटनीतिक पहल गर्न माग गरेका थिए । त्यसपछि अध्यक्ष नारायण दाहालले रुलिङ गर्दै सरकारको ध्यानाकर्षण गराएका हुन् । 'भारतको ओडिसा राज्यस्थित केआइआइटीमा अध्ययनरत छात्रा प्रकृति लम्सालको रहस्यमय मृत्युको विषयले सभाको गम्भीर ध्यानाकर्षण भएको छ,' अध्यक्ष दाहालले रुलिङ्मा भनेका छन्, 'यस विषयमा सत्यतथ्य छानबिन गरी यथार्थ अवस्था पहिचान गरी निज छात्रालाई उचित न्याय प्रदान गर्न यथाशीघ्र गम्भीर रूपमा कूटनीतिक पहल गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछु ।' अध्यक्ष दाहालले कलेजमा अध्ययनरत नेपाली छात्र-छात्राले सुरक्षित वातावरणमा निर्भीकताका साथ अध्ययन गर्ने वातावरण बनाउन पनि सरकारको ध्यानाकर्षण गराएका छन् ।

ओडिसामा एनओसी रोक्ने शिक्षा मन्त्रालयको चेतावनी

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले केआइआइटी विश्वविद्यालयमा अध्ययनरत प्रकृति लम्सालको शंकास्पद मृत्यु र न्यायको आवाज उठाउने विद्यार्थीमाथि भएको अत्याचारको न्यायपूर्ण र वैधानिक समाधान गर्न आग्रह गरेको छ । घटनाको समाधान नभए भविष्यमा ओडिसाका विश्वविद्यालय तथा शिक्षण संस्थानमा अध्ययनका लागि आवश्यक वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) स्थगित गर्ने मन्त्रालयको चेतावनी छ ।

'सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेको नियम पालना गरी नियमानुसार बुझाउनुपर्ने शुल्क बुझाई अध्ययन गर्न पाउने विद्यार्थीको विश्वव्यापी मान्यताको विपरीत विश्वविद्यालय प्रशासनबाट विद्यार्थीहरूप्रति भएको व्यवहार निन्दनीय छ,' मंगलबार मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सिर्जित समस्याको न्यायपूर्ण र वैधानिक रूपमा समाधान नगरिएमा भविष्यका लागि भारतको ओडिसा राज्यका विश्वविद्यालय/शिक्षण संस्थानमा अध्ययनका लागि एनओसी प्रदान गर्ने कार्य स्थगित गर्न सकिने व्यहोरा पनि सम्बन्धित सबैको जानकारीका लागि पनि अनुरोध छ ।'

कार्यसम्पादनमा...

पृष्ठ १ बाट क्रमशः

महिनासम्मको प्रगति विवरणमा प्रधानमन्त्रीकै कार्यालयसहितका अधिकांश मन्त्रालय तथा निकायले लक्ष्यअनुसार आधा पनि काम गरेका छैनन् ।

सरकारले वार्षिक कार्ययोजनामा उल्लेख क्रियाकलाप तथा माइलस्टोनलाई आधार बनाएर प्रधानमन्त्री कार्यालयले त्यसको कार्यान्वयन गरेर प्रतिवेदन बनाएको हो ।६ महिनाको अवधिमा लक्ष्यको ३२.०५ प्रतिशत मात्र काम भएका छन् । क्रियाकलापतर्फ १७.२ तथा माइलस्टोतर्फ ४६.९ प्रतिशत मात्र काम भएको प्रतिवेदनमा उल्लेख छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २० वटा मन्त्रालय तथा राष्ट्रिय योजना आयोग, नेपाल ट्रस्टको कार्यालय, लगानी बोर्ड, सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, लगानी बोर्डको कार्यालय, तथ्यांक कार्यालयसमेत २८ निकायका क्रियाकलाप र माइलस्टोनलाई एकीकृत अनुगमन प्रणालीमा प्रविष्ट गरी विश्लेषण गरिएको थियो ।

६ महिनामा चार प्रतिशत मात्र क्रियाकलाप सम्पन्न

चालू आर्थिक वर्षका लागि एक हजार १० वटा क्रियाकलाप कार्ययोजनामा, त्यसमध्ये ४.३ प्रतिशत मात्र क्रियाकलाप सम्पन्न भएको प्रतिवेदनमा उल्लेख छ । जबकि आर्थिक वर्ष ०८०/८१ को यही अवधिमा ८.५ तथा ०७९/८० मा ११.२ प्रतिशत थियो ।

पुस मसान्तसम्म भने१५७ क्रियाकलाप सम्पन्न गर्ने लक्ष्य रहेकोमा २७वटा मात्र सम्पन्न भएको छ । जुन लक्ष्यको १७.२ प्रतिशत हो ।७९.६ प्रतिशत चालू अवस्थामा रहेको र३.२ प्रतिशत सुरु नै हुन नसकेको प्रतिवेदनमा उल्लेख छ । आर्थिक क्षेत्रमा ४१ मध्ये १२, पूर्वाधारमा ३८ मध्ये पाँच, शासकीय सुधारमा ३९ मध्ये आठ र सामाजिक क्षेत्रमा ३९ मा दुईवटा मात्र सम्पन्न भएका छन् । माइलस्टोनतर्फ पनि ४६.९ प्रतिशत मात्र लक्ष्यअनुसार काम भएको छ । ६ महिनाको अवधिमा ६५१ वटा माइलस्टोन तोकिएकोमा ३०५ वटा मात्र सम्पन्न भएका छन् । २७४ वटा चालू अवस्थामा रहेको र ७२ वटा सुरु नै हुन सकेका छैनन् ।

माइलस्टोनमा नौ कार्यालय 'फेल'

वार्षिक कार्ययोजनामा तोकिएको माइलस्टोन कार्यान्वयनमा नौवटा मन्त्रालय तथा कार्यालय न्यूनतम ३५ अंक ल्याउन पनि असफल भएका छन् ।

माइलस्टोनमा सबैभन्दा कमजोर प्रधानमन्त्री कार्यालय प्रत्यक्षमातहतमा रहेको राष्ट्रिय सतर्कता केन्द्र, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय छन् । सतर्कता केन्द्रका प्रगति शून्य प्रतिशत, भौतिक पूर्वाधारको १५.८ र महिला मन्त्रालयको २१.४ प्रतिशत छ ।

नौवटा कार्यालयले लक्ष्यअनुसार ३५ प्रतिशत पनि काम गर्न सकेका छैनन् । जसमा श्रम तथा रोजगार मन्त्रालयको २५ प्रतिशत, सञ्चार तथा सूचना प्रविधिको ३०.४, युवा तथा खेलकुदको ३०.६, सहरी विकासको ३२.५ तथा सार्वजनिक अनुगमन खरिद कार्यालय र लगानी बोर्डको कार्यालयले तोकिएको लक्ष्यको ३३.३ प्रतिशत काम मात्र सम्पन्न गरेका छन् ।

माइलस्टोनतर्फ कानुन र स्वास्थ्य मन्त्रालय अगाडि

माइलस्टोनतर्फको प्रगतिमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल ट्रस्टको कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रगति सबैभन्दा राम्रो देखिएको छ । कानुन र नेपाल ट्रस्टले शतप्रतिशत माइलस्टोन पूरा गरेका छन्। पुस मसान्तसम्म कानुन मन्त्रालयका ११ र नेपाल ट्रस्टका तीनवटा माइलस्टोन थिए । तेस्रो स्थानमा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ११ मध्ये नौवटा सम्पन्न गरेको छ ।

शासकीय सुधारमा प्रधानमन्त्री कार्यालय नै कमजोर

सरकारको वार्षिक कार्ययोजनाअनुसार शासकीय सुधारकै काममाप्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रगति कमजोर देखिएको छ ।

प्रधानमन्त्री कार्यालयले अर्धवार्षिक समिक्षामा लक्ष्यअनुसार न्यूनतम प्राप्ताङ्क समेत प्राप्त गर्न सकेन । क्रियाकलापतर्फ १३ तथा माइलस्टोनतर्फ ४३.२ प्रतिशत काम गरेको प्रम कार्यालयले औसतमा औसतमा २८.५ प्रतिशत मात्र कार्य सम्पन्न गरेको प्रतिवेदनमा उल्लेख छ ।

साउनदेखि पुस मसान्तसम्मको ६ महिनाको अवधिमा प्रधानमन्त्री कार्यालयले शासकीय सुधारको क्षेत्रमा २३ वटा काम गर्नुपर्ने तोकिएको थियो । जसमा तीनवटा मात्र सम्पन्न भएका छन् । १८ वटा चालू रहेको र दुईवटा सुरुवात नै नभएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, माइलस्टोनतर्फ पनि १७औँ स्थानमा छ । पुस मसान्तभित्र प्रधानमन्त्री कार्यालयले सम्पन्न गर्नुपर्ने ४४ वटा माइलस्टोन रहेकोमा १९ वटा मात्र सम्पन्न भएका छन् । रोलमोडल हुनुपर्ने प्रधानमन्त्री कार्यालयकै कार्यसम्पादन कमजोर देखिएको छ । शासकीय सुधारको माइलस्टोनतर्फ पनि कानुन मन्त्रालय पहिलो स्थानमा छ । पुस मसान्तभित्र ११ वटा माइलस्टोन तोकिएकोमा उसले सबै सम्पन्न गरेको छ । नेपाल ट्रस्टको कार्यालयले पनि ३ वटा तोकिएकोमा सबै माइलस्टोन पूरा गरेको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले १४ मा १०, रक्षा मन्त्रालयले २५ मा १७, गृह मन्त्रालयले ३८ मा २०, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ६ मा तीन, योजना आयोगले ६ मा तीन, प्रधानमन्त्री कार्यालयले ४४ मा १९, परराष्ट्र मन्त्रालयले सातमा तीन, सार्वजनिक खरिद अनुगमन कार्यालयले सातमा दुई तथा राष्ट्रिय सतर्कता केन्द्रले १० मा दुईवटा मात्र माइलस्टोन सम्पन्न गरेका छन् । लक्ष्यअनुसार ५६.२ प्रतिशत मात्र माइलस्टोन पूरा भएको छ ।

वार्षिक कार्ययोजनाअनुसार काम गर्न प्रधानमन्त्री केपी ओलीले २७ भदौ ०८१ मा मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता पनि गरेका थिए । तर, त्यो पनि प्रभावकारी देखिएको छैन ।

विश्वविद्यालय...

पृष्ठ १ बाट क्रमशः

कुटपिट र चेतावनीसहित छात्रावासबाट निकालिएका नेपाली विद्यार्थीमध्ये तीन सयजना कोलकातामा अलपत्र छन् । पीडित विद्यार्थीको गुनासो र प्रश्न छ, 'जनावरलाई जसरी लात हानेर निकालिएको छ । कसरी कलेज फर्किने ?' नियमित पठनमा फर्काउन पहल गरेको नेपाल सरकार र सुरक्षाको सुनिश्चितता गरिने विश्वविद्यालयको प्रतिबद्धताप्रति चरम अमानवीय अत्याचार भोगेका नेपाली विद्यार्थी आश्वस्त भएका छैनन् ।

सोमबार बिहान ८ बजे छात्रावासबाट निकालिएका तीनसयभन्दा बढी विद्यार्थी १२ घण्टा स्थानीय रेलवे स्टेसनमा कुरेर मंगलबार कोलकाता रेलवे स्टेसन पुगेका छन् । भोकभोकै त्यहाँ पुगेका उनीहरूले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियोमा कलेजमा वार्डेनले जनावरसरह व्यवहार गर्दै कुटपिट गरेको बताएका छन् ।

सोमबार आठ सयभन्दा बढी विद्यार्थीलाई धक्कामुक्की गर्दै छात्रावासबाट निकालिएको थियो । निकालिएका आधा विद्यार्थी घरतर्फ लागेका छन् भने भुवनेश्वरमै रहेका आधा विद्यार्थी छात्रावास फर्किने क्रममा छन् । कोलकाता पुगेका नेपाली विद्यार्थीको समूहले भने वातावरण सहज नभएको भन्दै नफर्किने जनाएको छ ।

विश्वविद्यालय प्रशासनले 'आफ्नो देश जाऊ' भन्दै गुन्डा लगाएर लात मारेर निकालिएको पीडित विद्यार्थीले बताएका छन् । 'हामीलाई बिहान भोकभोकै कलेजबाट निकालियो । १२ घण्टा रेलवे स्टेसनमा कुरेर बल्लतल्ल रेल भेटाएर कोलकाता पुग्यौँ । करिब तीन सय नेपाली छौँ,' एक विद्यार्थीले भनेका छन्, 'कलेजले लोकल गुन्डा प्रयोग गरेर निकाल्यो । गार्डको ड्रेसमा गुन्डा लगाएर कुटीकुटी निकाल्यो । आधालाई कटक स्टेसन र आधालाई भुवनेश्वर रेलवे स्टेसनमा ल्याएर छाड्यो । आफ्नो देश जा भनेरसबैलाई लात मारेर निकालिएको छ ।'

कोलकाताबाट अगाडि बढ्न समस्या भएको पनि विद्यार्थीको गुनासो थियो । 'यहाँसम्म (कोलकाता रेलवे स्टेसन) त आयौँ । अब अगाडि के गर्ने,कसरी जाने थाहा छैन। अझै अरू विद्यार्थी पनि आइरहेका छन्,'अर्का विद्यार्थीले भिडियोमा भनेका छन्, 'हामीमध्ये कतिपयसँग खाने पैसा छैन, अगाडि जाने टिकट छैन । सबैको घर सात-आठसय किलोमिटर टाढा छ । कसरी जाने भन्ने टुंगो छैन ।'

विश्वविद्यालयले फिर्ता आउन भनेको विषयमा पीडितविद्यार्थीले भनेका छन्, 'तिमीहरू फिर्ता आऊ त भनेको छ । तर, कसको विश्वासमा जाने ? पहिला लात मारेर पठाउने अनि अहिले के ग्यारेन्टी भएर जाने ? सुरक्षाको ग्यारेन्टी के छ ? अलिकति प्रश्न गर्दा कुटियो, रित्तै फालियो । फेरि संरक्षण दिन्छौँ आइज भन्छ, कसरी विश्वास गर्ने ? यो दोहोरो चरित्र कसरी पत्याउने ?'

पीडित अर्का विद्यार्थीले सुनाए, 'हामीमाथि अमानवीय व्यवहार भएको छ । हिँड्नसमेत गाह्रो भएको छ । छात्राहरूलाई पनि महिला वार्डेनहरूले कुटपिट गरेर निकाले । जनावरजस्तो व्यवहार भयो । यसरी निकाल्नुपर्ने हाम्रो के अपराध थियो ? बुझ्न सकेका छैनौँ ।'

अर्का विद्यार्थीको भनाइ छ, 'हामी कलेज जाँदैनौँ । होस्टेलबाट निकालेर फालिदिए । वार्डेन, फ्याकल्टी मेम्बर, स्टाफ सबै लागेर निकाले । अब कलेज को जान्छ ? जुन हिसाबले हामीले कलेजलाई सपोर्ट गरेका थियौँ, यो हालतमा निकाले, अब कसरी फर्किने ?'

विद्यार्थीलाई कलेजले अपराधीजस्तो व्यवहार गरेको अर्का विद्यार्थीको गुनासो छ। 'दुनियाँलाई देखाउनका लागि फिर्ता बोलाएको छ । तर, असुरक्षाबिच हामी कसरी जाने?' अर्का विद्यार्थीले भिडियोमा भनेका छन् ।

भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्माका अनुसार दिल्लीस्थित दूतावासबाट दुईजना सुरक्षा अधिकारी केआइआइटी विश्वविद्यालय पुगेर मंगलबार नेपाली विद्यार्थी र विश्वविद्यालयका अधिकारीसँग छलफल गरेका छन् । दूतावासमा कार्यरत काउन्सिलर नेपाल प्रहरीका एसएसपी सञ्जीव शर्मा दास र राष्ट्रिय अनुसन्धान विभागका एसएसपी नवीन अधिकारी मंगलबार भुवनेश्वर पुगेका छन् । घटनाक्रममाथि नजर राखिरहेका तथा समस्या समाधानको जिम्मेवारी पाएकाराजदूत शर्माले स्थिति शान्त रहेको भन्दै विश्वविद्यालय फर्किन विद्यार्थीलाई अनुरोध गरेका छन् । 'मैले संस्थापक अच्युत सामन्तसँग कुरा गरेँ, त्यहाँका उपकुलपतिले घटनाप्रति सार्वजनिकरूपमा माफी मागेका छन् । भुवनेश्वरबाट बाहिर गएका नेपाली विद्यार्थीलाई आउने-जाने टिकट वा पैसा उपलब्ध गराउने, नेपालीको छुटेको परीक्षा अलग्गै व्यवस्था गर्ने, सुरक्षा र सम्मानको पूर्ण प्रत्याभूति गर्ने आश्वासन दिएका छन्,' राजदूत शर्माले दिल्लीबाट टेलिफोनमा भने, 'भारत सरकारले हाम्रो चासो तदारुकतासाथ सम्बोधन गरेको छ । अहिले विश्वविद्यालयको स्थिति शान्त छ ।अब नेपाली विद्यार्थीलाई समस्या हुँदैन भनेर आश्वस्त तुल्याइएको छ । अब विद्यार्थी फर्केर पठनपाठनमा सामेल हुनुपर्छ ।' राजदूत शर्माका अनुसार विद्यार्थीलाई दूतावासले आवश्यक परामर्शको पनि व्यवस्था गरेको छ ।

सोमबार छात्रावासबाट निकालिएका र मंगलबार बिहान फर्केका केही नेपाली विद्यार्थीले परिस्थिति शान्त रहेको बताए । 'हामी डर र अविश्वासकै बिचमा आयौँ । परिस्थिति सहज र शान्त हुँदैछ । दिल्लीबाट नेपाली दूतावासका अधिकारी आएपछि सजिलो भएको छ,' पाल्पाका एक विद्यार्थीले टेलिफोनमा भने, 'बिस्तारै अरू साथीहरू छात्रावास फर्किरहेका छन् । अहिले कसैले नराम्रो भनेको छैन । बरु, गेटदेखि भित्रसम्म सबैले हामीसँग माफी मागेका छन् ।' सोमबार विद्यार्थीलाई छात्रावासबाट जबर्जस्ती निकाल्ने र नेपालबारे जथाभावी बोल्ने दुईजना छात्रावासका वार्डेन जयन्ती नाथ र मञ्जुषापाण्डेलाई विश्वविद्यालयले निलम्बन गरेको छ । उनीहरूले नेपालको बजेटभन्दा धेरै बजेट त्यहाँका विद्यार्थीलाई खुवाउन विश्वविद्यालयले खर्च गरेको भन्दै नेपाली छात्रासामु नेपालबारे नकारात्मक टिप्पणी गरेका थिए । विश्वविद्यालयका उपकुलपति सरजित सिंहले सार्वजनिकरूपमा क्षमायाचना गर्दै तीनजनालाई निलम्बन गरेको जनाएका छन् । 'घटनाप्रति हामी क्षमायाचना गर्दछौँ । म विश्वस्त तुल्याउन चाहन्छु कि हामी नेपालीलाई भारतीयजतिकै माया गर्छौं । अब विद्यार्थीलाई फर्केर कक्षामा सामेल हुन अनुरोध गर्छौं,' उपकुलपति सिंहले भनेका छन् । नेपालबारे जथाभावी बोल्ने महिला कर्मचारीले पनि सार्वजनिक रूपमा भिडियो सन्देशमार्फत माफी मागेकी छिन् ।

पाँच पक्राउ, ओडिसा सरकारद्वारा जाँचबुझ समिति गठन

उडिसा प्रहरीले केआइआइटी विश्वविद्यालयमा नेपाली विद्यार्थीमाथि भएको दुर्व्यवहार तथा नेपाली छात्रा प्रकृति लम्सालको मृत्यु प्रकरणमा संलग्न भएको आरोपमा एकजना महानिर्देशक, दुई निर्देशक र दुईजना सुरक्षागार्ड गरी पाँचजनालाई मंगलबार साँझ पक्राउ गरिएको छ । राज्य सरकारले घटनाको छानबिनका लागि उच्चस्तरीय जाँचबुझ समिति पनि गठन भएको छ ।

उडिसा प्रहरीले मानव स्रोत हेर्ने महानिर्देशक शिवानन्द मिश्र, प्रशासन निर्देशक प्रतापकुमार चमुपति र छात्रावास हेर्ने निर्देशक सुधिर रथ तथा सुरक्षा गार्ड रमाकान्त नायक र जोगेन्द्र बोहरालाई पक्राउ गरेको हो । आत्महत्या दुरुत्साहन मुद्दामा विश्वविद्यालयका विद्यार्थी अद्विक श्रीवास्तवलाई सोमबारै पक्राउ गरेर अनुसन्धान थालिसकेको छ । नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्युको छानबिन गर्न माग गर्दै अर्का नेपाली विद्यार्थी सिद्धान्त सिग्देलले दिएको जाहेरीका आधारमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

ओडिसाका मुख्यमन्त्री मोहनचरण माझीको अग्रसरतामा राज्यसरकारले जाँचबुझ समिति गठन गरेको र आरोपीलाई पक्राउ गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । मुख्यमन्त्री माझीले सोमबार विश्वविद्यालयको अनुगमनसमेत गरेका थिए ।

राज्य सरकारले गठन गरेको समितिले विद्यार्थीमाथि भएको दुर्व्यवहार तथा शक्तिको दुरुपयोगको जाँचबुझ गर्ने जनाएको छ । जाँचबुझ समितिमा गृह विभागका अतिरिक्त मुख्य सचिव, महिला तथा बाल विकास विभागका सचिव र उच्च शिक्षा विभागका अधिकारी सम्मिलित छन् । 'समितिले विद्यार्थीमाथ विश्वविद्यालय प्रशासनबाट भएको शक्तिको दुरुपयोगसमबन्धी छानबिन गर्ने र उनीहरूलाई कानुनीरूपमा जवाफदेही बनाउनेछ,' सूचना विभागको विज्ञप्तिमा भनिएको छ,'राज्य सरकार विद्यार्थीको सुरक्षा, सम्मान एवं हकहितका लागि कार्य गर्न प्रतिबद्ध छ । निष्पक्ष र शीघ्र न्याय सुनिश्चित गर्न आवश्यक सबै कदम चालिनेछ ।'

ओडिसाको विधानसभामा हंगामा,
कलेज संस्थापकलाई गिरफ्तार गर्न माग

केआइआइटी विश्वविद्यालयमा भएको नेपाली विद्यार्थीको मृत्यु घटना र दुर्व्यवहारका विषयमा उडिसाको विधानसभामा मंगलबार बहस भएको छ । विधानसभाको शून्य समयमा बोल्दै भाजपा सांसद बाबु सिंहले विश्वविद्यालयका संस्थापक अच्युत सामन्तलाई पक्राउ गर्न माग गरेका छन् । विपक्षी दलका सांसदहरूले विश्वविद्यालयको घटना राज्यसरकारको फितलो कानुनी शासनको कारण भएको पनि आरोप लगाएका छन् ।

बिजु जनता दलका उपप्रमुख तथा सचेतक प्रताव देवले नेपाली विद्यार्थीको दुःखद निधनले विश्वव्यापीरूपमा उडिसाको नकारात्मक छवि उजागर भएको बताए । कंग्रेसका सांसद ताराप्रसाद बाहिनीपतिले नेपाली विद्यार्थीप्रतिको दुर्व्यवहार र दमनको घटनामा न्यायिक जाँचबुझ आयोग गठन गर्न माग गरे । त्यसैबिच दार्जिलिङका लोकसभा सांसद राजु विष्टले भारतीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानसँग घटनामा चासो राख्दै निष्पक्ष छानबिनको माग गरेका छन् ।

पञ्चायती...

पृष्ठ १ बाट क्रमशः

छानबिन समितिले सोमबारबाट घटना भएको गाउँ नवराजपुर गाउँपालिका- १ भगवतीपुर पुगेर अनुसन्धान गरिरहेको छ । छानबिन समितिका सदस्य रहेका प्रहरी निरीक्षक विक्रम शाहले पञ्चायती बसेको भिडिओ/फोटोसमेत फेला परेको र पीडित परिवारका सदस्यले पञ्चायती बसेको, रकममा बार्गेनिङ भएको विषय आफूहरूलाई सुनाएको बताए । 'यसले घटना दबाउन पञ्चायती बसेको र रकममा बार्गेनिङ भएको विषयलाई पुष्टि गर्ने देखिन्छ,' उनले बताए ।

रिंकु २७ माघ राति शौच गर्न गएका वेला रूपेश मण्डल, चन्दन साह र रामविनय मण्डलबाट सामूहिक बलात्कारमा परेकी थिइन् । घटना थामथुम पार्न २९ माघमा बोलाइएको पञ्चायतीमा रिंकुले सामूहिक बलात्कार गरेको सुनाउँदा पनि वडासदस्यसहितको पञ्चायतीले घटनामा संलनमध्ये रूपेशबाट एक लाख ५० हजार तिराउने निर्णय सुनाएको मृतकका ठुलोबाबा रामसेवक सदायले यसअघि नै नयाँ पत्रिकालाई बताएका थिए ।

प्रहरी निरीक्षक शाहले पनि २९ माघको पञ्चायतीमा बलात्कार आरोपी केटासँग विवाह गर्न भन्दै बार्गेनिङ भएको देखिएको बताए । 'सुरुको पञ्चायतीमा सहमति नभएपछि भोलिपल्ट पञ्चायती राखिएको रहेछ,' उनले भने । दोस्रोपटकको पञ्चायतीकै दिन साँझ रिंकु घरमा झुन्डिएको अवस्थामा फेला परेकी थिइन् ।

तीन सन्तानमध्ये एक्ली छोरीमाथि बलात्कार, पञ्चायतको निर्णय, आफ्नै घरको कोठामा शंकास्पद अवस्थामा झुन्डिएको भेटिएपछि विक्षिप्त बनेकी आमा सीतादेवी सोमबार लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका अस्पतालमा उपचार गरी मंगलबार घर फर्किएकी छिन् । भारतमा रोजगारीमा रहेका बाबु बिजुल पनि छोरीको शंकास्पद मृत्युपछि घर फर्किएर किरियामा बसेका छन् ।

छानबिन समितिले सोमबार र मंगलबार मृतक रिंकुकी आमा सीतादेवी र ठुलाबुबा रामसेवकसँगै छिमेकीसँग सोधपुछ र छलफल गरेको थियो । 'घटनास्थल पुगेर वस्तुस्थितिबारे जानकारी लिएका छौँ, मृतकका परिवार, आफन्त, छरछिमेकलगायतसँग कुराकानी पनि गरेका छौँ,' एसएसपी कोइरालाले बताए । मधेश प्रदेश प्रहरी कार्यालय प्रमुख प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यका अनुसार छानबिन समितिलाई एक हप्ताको समय दिइएको छ । 'छानबिन समितिले अनुसन्धान गर्न सहयोग पुर्याउँछ । स्थानीय अनुसन्धान टोली सबै ठाउँमा पुगेर सबै कुरा नगर्न सक्ला । अनुसन्धान टोलीले गरेको कुरा तलमाथि हुन नदिन समितिले काम गर्छ,' उनले भने ।

उनका अनुसार समितिले अनुसन्धानलाई सही ट्र्याकमा ल्याउन निर्देश गर्नुका साथै कहीँकसैले नियतवश बदमासी गरेको भए कारबाहीको सिफारिससमेत गर्नेछ ।

बलात्कार आरोपी र पञ्चायती बस्ने फरार

बलात्कारको आरोप लागेकाहरू फरार छन् । त्यति मात्र होइन, पञ्चायती सभामा बसेका वडासदस्य नथुनी साह र स्थानीय रामकृपाल मण्डल, रामप्रित साह, रामपुकार मण्डल फरार छन् ।

तर, इलाका प्रहरी कार्यालय लहानले भने आत्महत्या दुरुत्साहन कसुरमा रूपेश मण्डलमाथि मात्र अनुसन्धान गरिरहेको छ ।

मधेश प्रहरी कार्यालयका डिएसपी माधव काफ्लेले स्थानीय (इलाका) प्रहरीमा दर्ता भएको आत्महत्या दुरुत्साहनसम्बन्धी उजुरीमा अनुसन्धान भइरहेको बताए । 'प्रदेश प्रहरीले अनुसन्धानमा सघाइरहेको छ, पीडित परिवार, स्थानीयले सोधपुछको क्रममा दिएको बयानको आधारमा बलात्कार भएको हो-होइन भन्ने बुझ्दै छौँ । तर, अन्तिम आधार भनेको पोस्टमार्टम रिपोर्ट हो, त्यो आइसकेको छैन,' उनले भने । पोस्टमार्टम रिपोर्टमा बलात्कार रहेको खुलेमा सोहीअनुसार अनुसन्धान अघि बढ्ने काफ्लेले बताए । धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शव परीक्षणपछि परीक्षण प्रतिवेदन प्राप्त भइनसकेको प्रहरीले जनाएको छ ।

निष्पक्ष छानबिनको माग गर्दै काठमाडौंमा प्रदर्शन

रिंकुको मृत्यु प्रकरणको निष्पक्ष छानबिन गर्न माग गर्दै मंगलबार काठमाडौंको माइतीघरमा प्रदर्शन भएको छ । मधेशका जिल्लाबाट काठमाडौंमा रहेका युवाले माइतीघरमा मैनबत्तीसमेत बालेर घटनामा संलग्न र पञ्चायती गर्नेहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने माग गरेका छन् ।

त्यसअघि प्रदर्शनका क्रममा उनीहरूले 'बलात्कारपीडितलाई न्याय दे, अपराधीलाई कारबाही गर, बलात्कारको मूल्य तोक्ने पञ्चहरूमाथि कारबाही गर, जस्टिस फर रिंकु सदायलगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए ।

'रिंकुकुमारी सदायको घटना एउटा उदाहरण मात्र हो, यस्ता दर्जनौँ घटना मधेशमा लुकाइएका छन्,' प्रदर्शन गर्न पुगेका शिव यादवले भने, 'देशमा कानुन छ, तर राज्य र राज्यका संयन्त्र त्यसको कार्यान्वयनमा कहिल्यै गम्भीर भएनन् ।'

राष्ट्रिय सभाका सांसदहरूले मागे गृहमन्त्रीको जवाफ

सिराहा नवराजपुरकी १७ वर्षीया किशोरी रिंकुकुमारी सदाको सामूहिक बलात्कारपछि शंकास्पद मृत्यु भएको घटनामा संलग्नलाई पक्राउ गरेर कारबाही गर्न नसकेको भन्दै राष्ट्रिय सभाका सदस्यहरूले गृह प्रशासनको आलोचना गरेका छन् । मंगलबार बैठकको आकस्मिक र शून्य समयमा बोल्दै उनीहरूले बलात्कारमा संलग्नदेखि घटना दबाउन पञ्चायत बसेर आर्थिक लेनदेन गराउन खोज्नेसम्मलाई कारबाही गर्न माग गरेका हुन् ।

'स्थानीय पञ्चहरूले डेढ लाख बार्गेनिङ गरेर घटना मिलाउन खोजेका थिए । त्यसकारण स्थानीय जनप्रतिनिधि र अपराधीलाई तुरुन्त कारबाही होस् भनी गृहमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु,' माओवादीका राधेश्याम पासवानले भने । उनले सर्लाहीका सत्येन्द्र राम र नेहा रौनियारको अन्तरजातीय विवाह छुटाउन खोज्नेमाथि छानबिन गर्न समिति बनाउनुपर्ने र गृहमन्त्रीले राष्ट्रिय सभामा जवाफ दिनुपर्ने माग पनि गरे ।

जसपा नेपालका मोहम्मद खालिदले दलित महिलामाथि हिंसा र अत्याचारको शृंखला बढ्दै गइरहेको र सिराहाकी किशोरी रिंकुमाथि भएको घटना सह्य नभएको बताए । 'यस्ता घटना बारम्बार हुनु सह्य छैन । त्यसैले, यस सदनमा दलित हक अधिकार संकल्प प्रस्ताव पनि पारित गरेका छौँ । अब यस्ता घटना नदोहोरियोस् भनेर सरकारसँग माग गर्दछु,' उनले भने ।

राष्ट्रिय जनमोर्चाका तुलप्रसाद विश्वकर्माले सत्येन्द्र र नेहाको अन्तरजातीय सम्बन्ध तोड्न राज्यबाटै भएको अत्याचारको घटना सेलाउन नपाउँदै रिंकुको सामूहिक बलात्कारपछि हत्या गरिएको बताए । 'गाउँलेले त्यसखालको जघन्य अपराधलाई प्रहरी प्रशासनको जिम्मा लाउनुको बदला स्थानीय पञ्चायत बसेर मिलाउने प्रयास गरियो । आखिर न्याय नपाएपछि उनको मृत्यु भयो । यसरी दलितहरूमाथि बारम्बार उत्पीडन, बलात्कार, हत्या भइरहेको छ । यसप्रति सरकारको गम्भीर ध्यानाकृष्ट होस्,' उनले भने ।

माओवादीका विष्णुबहादुर विश्वकर्माले रिंकुको सामूहिक बलात्कारपछि रहस्यमय मृत्युको सत्यतथ्य छानबिन गरी दोषीलाई कडा कारबाहीको माग गरे ।

■ सत्येन्द्रका आमा र मामालाई साधारण तारेखमा छाड्न आदेश

सर्लाही/ बालविवाहको झुटो मुद्दा खेपिरहेका सर्लाहीको बरहथवा नगरपालिका- १० का सत्येन्द्रकुमार रामका आमा गीतादेवी राम र मामा राजु रञ्जनलाई साधारण तारेखमा छाड्न सर्लाही जिल्ला अदालतले आदेश दिएको छ । न्यायाधीश जीवनकुमार भण्डारीको सोमबारको इजलासले साधारण तारेखमा छाड्न आदेश दिएको अदालतका स्रेस्तेदार ज्ञानेन्द्र दाहालले बताए । अन्तरजातीय जोडी सत्येन्द्र राम र नेहा रौनियारले कपिलवस्तु जिल्ला अदालतमा 'कोर्ट म्यारिज' गरिसकेपछि सर्लाही जिल्ला अदालतमा बालविवाहको मुद्दा दायर भएको थियो । सत्येन्द्रविरुद्ध मात्र होइन, उनका आमा र मामाविरुद्ध पनि मुद्दा चलाइएको छ । उक्त मुद्दापछि सत्येन्द्रको परिवार नै विस्थापित भएको थियो ।

सत्येन्द्र र नेहालाई छुटाउन गृहमन्त्री रमेश लेखकको आदेश र आइजिपी वसन्त कुँवरको निर्देशनमा मुम्बईसम्म प्रहरी पुगेर कुटपिट गर्दै पक्राउ गरिएको थियो भने बालविवाहको झुटा मुद्दा चलाइएको थियो । प्रहरीले गीतादेवी र राजुविरुद्ध अदालतबाट पक्राउ पुर्जीसमेत ल्याएकामा झुटा मुद्दा चलाइएकोबारे नयाँ पत्रिकामा समाचार प्रकाशित भएपछि पक्राउबाट पछि हटेको थियो । समाचार आएसँगै सडकदेखि सदनसम्म विरोध चर्किएपछि सरकार दबाबमा परेको थियो ।

चौतर्फी दबाब परेपछि सरकारले सुरक्षा ग्यारेन्टी लिएर सत्येन्द्रको परिवारलाई २८ माघमा गाउँ पठाइएको थियो । यो घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगले पनि छानबिन गरिरहेको छ ।

रोकिए एक...

पृष्ठ १ बाट क्रमशः

'अमेरिकी सहायता संस्था मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)ले २ फागुन (१४ फेब्रुअरी)को इमेल पत्रमार्फत नेपाल सरकार र उक्त निकायबिच २९ भदौ ०७४ मा सम्पन्न कम्प्याक्टअन्तर्गत कार्यान्वयन भइरहेका आयोजनासँग सम्बन्धित एमसिसी फन्डबाट भुक्तानी हुने क्रियाकलापहरू अमेरिकी राष्ट्रपतिको २० जनवरीमा जारी ९० दिनको स्थगनसम्बन्धी कार्यकारी आदेशानुसार रोकिएको व्यहोरा सरोकारवालाहरूलाई जानकारी गराइन्छ,' अर्थ मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अमेरिकाले स्थगन गरेका सहायताबारे ९० दिनपछि अर्थात् २० अप्रिलमा निर्णय लिनेछ । उक्त निर्णयपछि एमसिसी अनुदान आउने-नआउने पक्का हुनेछ । तर, त्यतिवेलासम्म एमसिसी अनुदानमा अघि बढेका सबै काम रोकिनेछ ।

अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले एमसिसी अनुदान स्थगित भएको बताए । 'दाताको फन्डबाट चल्ने कुरा हो । दाताले नै स्टप भनेपछि योसम्बन्धी काम-कारबाही स्थगित भएको छ । तर, अहिले नै अबका दिनमा कसरी अघि बढ्ने भनेर निर्णय भइसकेको छैन,' उनले भने, 'अबका दिनमा कसरी अघि बढ्ने, परियोजनाको निर्माण कसरी अघि बढाउने भन्ने विषयमा छलफल गरेर निर्णय हुनेछ ।'

एमसिसीको ५० करोड डलर अनुदान र नेपाल सरकारको १३ करोड डलर लगानीमा विद्युतीय प्रसारणलाइन, सबस्टेसन र सडक पूर्वाधार बनाउने गरी २९ भदौ ०७४ (२०१७ सेप्टेम्बर) मा द्विपक्षीय सम्झौता भएको थियो । पछि एमसिसीले पाँच करोड डलर र नेपालले ६.७ करोड डलर थप गर्ने निर्णय गरेर कुल लगानी ७४.७ करोड डलर पुर्याइएको थियो । उक्त सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा संसद्बाट अनुमोदन भएसँगै कार्यान्वयनको ढोका खुलेको थियो । त्यसपछि १३ भदौ ०८० (३० अगस्ट २०२३) देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्टु फोर्स) गराइएको थियो । परियोजना कार्यान्वयनमा आएको डेढ वर्ष भइसकेको छ । सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र अर्थात् २९ अगस्ट २०२८ (१२ भदौ २०८५) भित्र एमसिसीअन्तर्गतका परियोजनाको निर्माण सम्पन्न गर्नुपर्ने थियो ।

चार सय केभी क्षमताको कुल ३१५ किमि लामा चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन तथा पूर्व-पश्चिम राजमार्गको ४० किमि सडक खण्ड र मुग्लिन-नारायणगढ सडकको विशेष मर्मत एमसिसी परियोजनाअन्तर्गत छन् । ९० दिनपछि अमेरिकाले एमसिसीलाई निरन्तरता नदिए यी परियोजना संकटमा पर्नेछन् । ठुलो बजेट भएकाले नेपाल सरकारले आफैँ अगाडि बढाउन चुनौती हुने देखिन्छ । १८ किमि लामो न्यु बुटवल नेपाल/भारत सीमापार अन्तरदेशीय प्रसारणलाइनअन्तर्गत नेपाल खण्डको हो । भारत खण्डको निर्माण द्रुत गतिमा अघि बढेको छ । सन् २०२६ भित्रै भारत खण्डको निर्माण सम्पन्न हुँदै छ । तर, नेपाल खण्डको निर्माण अन्योलमा पर्ने देखिएको छ । त्यसले नेपाल-भारत विद्युत् व्यापार पनि अन्योलमा पर्ने देखिन्छ । अन्य प्रसारणलाइन तथा सबस्टेसनको निर्माणमा पनि ढिलाइ हुँदा आन्तरिक विद्युत् प्रसारण र निर्यात पनि प्रभावित हुने देखिन्छ । सरकारले सन् २०३५ भित्र साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । त्यो अवस्थामा यी प्रसारणलाइन तथा सबस्टेसन नबन्दा ठुलो मात्रामा चुनौती आउने देखिन्छ ।

अमेरिकाले बजेट नदिएको अवस्थामा सरकार आफैँले लगानी गरेर समयमै यी परियोजना बनाउनुपर्ने विज्ञहरू बताउँछन् । यी परियोजनाको विकल्प नभएको नेपाल विद्युत् प्राधिकरणका एक उच्च अधिकारीले बताए । 'अमेरिकाले यो अनुदानलाई निरन्तरता दिन्छ भन्नेमा आशावादी छौँ । नदिएको अवस्थामा सरकारकै लगानीमा समयमै निर्माण गर्नुपर्छ,' उनले भने ।

एमसिए नेपालका एक सञ्चालकले पनि यो अनुदान रोकिए ठुलो चुनौती निम्तिने बताए । 'ठेक्का सम्झौता गरेका कम्पनीलाई ३० प्रतिशत अनुदान दिइसकेको छ । हालसम्म पनि ठुलो रकम खर्च भएको छ । अमेरिकाको आफ्नै पैसा खर्च भएको छ । त्यो अवस्थामा अनुदानले निरन्तरता पाउँछ भन्ने देखिन्छ,' उनले भने, 'अनुदान रोकिएको अवस्थामा यसअन्तर्गत बन्ने परियोजना नै अलपत्र पर्ने जोखिम छ ।'

एमसिसी सम्झौतामै छ अनुदान अन्त्य वा स्थगन गर्न सक्ने व्यवस्था

एमसिसी कम्प्याक्ट सम्झौतामै कुनै पक्षले यस्तो अनुदान अन्त्य तथा निलम्बन (स्थगन) गर्न सक्ने व्यवस्था छ । सम्झौताको दफा ५.१ को 'क'मा सम्झौता नै अन्त्य गर्न सकिने व्यवस्था छ ।

'एक पक्षले अर्को पक्षलाई ३० दिनको लिखित पूर्वसूचना दिई पूर्ण रूपमा विनाकुनै कारण यो सम्झौता अन्त्य गर्न सक्नेछ । एमसिसीले सरकारलाई ३० दिनको लिखित पूर्वसूचना दिई आंशिक रूपमा विनाकुनै कारण यो सम्झौता वा एमसिसी वित्तीय व्यवस्था अन्त्य गर्न सक्नेछ,' सम्झौतामा भनिएको छ ।

तर, अहिले सम्झौता अन्त्य नभएर निलम्बन (स्थगन) हो । यो अधिकार पनि एमसिसीलाई सम्झौताको दफा ५.१ को 'ख' ले दिएको छ । 'एमसिसीद्वारा निलम्बन वा अन्त्यको आधारको रूपमा पहिचान गरिएको (सरकारलाई लिखित रूपमा सूचित गरिएको) कुनै परिस्थिति सिर्जना भएमा एमसिसीले नेपाल सरकारलाई लिखित सूचना दिई तत्काल पूर्ण वा आंशिक रूपमा प्रस्तुत सम्झौता वा एसिसी वित्तीय व्यवस्था र यससँग सम्बन्धित कुनै पनि दायित्व अन्त्य वा निलम्बन गर्न सक्नेछ,' सम्झौतामा भनिएको छ ।

तर, यसका लागि विभिन्न परिस्थिति भएको हुनुपर्ने उल्लेख छ । प्रस्तुत सम्झौता सरकारले सम्पन्न गरेको अन्य कुनै सम्झौता वा व्यवस्थाअन्तर्गतका आफ्ना दायित्व परिपालन गर्न सरकार असफल भएमा, सम्झौताको अवधिमा कुनै घटना वा घटनाक्रम घटेका कारण सम्झौता अवधिमा कुनै पनि परियोजना उद्देश्यहरू प्राप्त नहुने वा सरकारले प्रस्तुत सम्झौताअन्तर्गतका आफ्ना दायित्व परपालना गर्न नसक्ने भएमा अनुदान निलम्बन गर्न सक्ने भनिएको छ । त्यस्तै, एमसिसी वित्तीय व्यवस्थाको उपयोग वा प्रस्तुत सम्झौताको निरन्तर कार्यान्वयन वा कार्यक्रमले वर्तमान वा भविष्यमा लागू हुने प्रचलित कानुन वा संयुक्त राज्य अमेरिकाको सरकारको नीति उल्लंघन गरेमा, सरकार वा एमसिसी वित्तीय व्यवस्था प्राप्त गर्ने वा कार्यक्रमको सम्पत्ति प्रयोग गर्ने कुनै व्यक्ति वा निकाय संयुक्त राज्य अमेरिकाको राष्ट्रिय सुरक्षा हितविपरीतका क्रियाकलापमा संलग्न भएमा पनि अनुदान निलम्बन गर्न सक्ने उल्लेख छ ।

एमसिसीबाट आइसकेको छ तीन करोड ७४ लाख डलर

हालसम्म एमसिसीबाट तीन करोड ७४ लाख ८७ हजार ८४ डलर नेपाल आइसकेको छ । नेपाली रुपैयाँमा रूपान्तरण गर्दा चार अर्ब ६५ करोड ३२ लाख ७१ हजार रुपैयाँ रकम प्राप्त भएको एमसिए नेपालले यसअघि नै उपलब्ध गराएको लिखित सूचनामा उल्लेख छ ।

एमसिसीले ०७५/७६ यता परियोजनाको पूर्वतयारी, कार्यालय सञ्चालन, कर्मचारीको तलबलगायत शीर्षकमा एमसिए नेपाललाई पैसा उपलब्ध गराउँदै आएको छ । ०७५/७६ मा ७० लाख ५६ हजार डलर, ०७६/७७ मा २३ लाख ६५ हजार डलर, ०७७/७८ मा ४५ लाख ३१ हजार डलर, ०७८/७९ मा ३१ लाख ७१ हजार डलर, ०७९/८० मा ५३ लाख पाँच हजार डलर र ०८०/८१ मा एक करोड ५० लाख ५७ हजार डलर अनुदान आइसकेको एमसिए नेपालले जनाएको छ । यसमा चालू आवमा आएको बजेट समावेश छैन । चालू आवका लागि यस परियोजनालाई सरकारले भने १३ अर्ब ३६ करोड १९ लाख रुपैयाँ विनियोजन गरेको छ ।

■ भव्य महल भाडामा लिएर अनलाइन सट्टेबाजी

१५ दिनमा प्रहरीको चार 'रेड' झन्डै १० अर्बको भएको थियो सट्टेबाजी



● **एसपी अपिलराज बोहरा,** प्रवक्ता, जिल्ला परिसर काठमाडौं

१५ दिनको बिचमा सट्टेबाजसँग सम्बन्धित चार घटनामा प्रहरीले रेड हानेको छ। सबै घटनामा भारतीय नागरिकको संलग्नता देखिएको छ। यसले के देखाउँछ भने सट्टेबाजीसँग सम्बन्धित घटना अझै धेरै छन्। थप सूचना आइरहेका छन्, भेरिफाईको काम भइरहेको छ।



● **एसपी काजीकुमार आचार्य,** प्रवक्ता, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय

हार-जितको रकम भुक्तानीमा भारतीय बैंक प्रयोग भएका छन्। खेलाडी पनि भारतीय नागरिक नै छन्। तर, भूमि भने नेपालको प्रयोग भएको छ। यी घटनाको विस्तृत अनुसन्धान गर्न भारत पुग्नुपर्ने हुन्छ। त्यसैले अनुसन्धानमा जटिलता देखिएको छ।



बुढानीलकण्ठ नगरपालिका-५ मा घर भाडामा लिएर अनलाइन सट्टेबाजी खेलाउने भारतीय नागरिक।

टेकराज थामी/नयाँ पत्रिका

● *बुढानीलकण्ठ नगरपालिका- ५ स्थित त्रिभुवन विश्वविद्यालयका वरिष्ठ अधिकृतको भव्य महल प्रवेशपछि प्रहरी त्यसवेला झस्कियो, जब अनलाइनमार्फत सट्टेबाज धन्दा चलाइरहेका २४ भारतीय नागरिक फेला परे। तीन महिनादेखि निर्वाध सट्टेबाज खेलाइरहेका उनीहरूले प्रतिमहिना दुई लाख रुपैयाँ भुक्तानी गर्ने सर्तमा महल भाडामा लिएका थिए। प्रहरीका अनुसार उनीहरूले यसबिचमा एक अर्ब ६४ करोड ३९ लाख ५७ हजार ३४० रुपैयाँको सट्टेबाज खेलाइसकेका थिए। दुई वर्षको भाडा 'कन्ट्याक्ट' गरेका उनीहरू धन्दालाई थप परिष्कृत र व्यापक बनाउने योजनामा थिए। गत ५ फागुनमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको 'रेड'पछि मात्रै उनीहरूको योजनामा 'ब्रेक' लागेको थियो।*

● *५ फागुनमै जिल्ला प्रहरी पसिर काठमाडौंको विशेष टोली बुढानीलकण्ठ नगरपालिका- २ तौलुडस्थित अर्को भव्य महलमा प्रवेश गऱ्यो। सो महलमा पनि अनलाइनमार्फत सट्टेबाज धन्दा चलाइरहेका चार भारतीय नागरिक फेला परे। एक महिनाको बिचमा उनीहरूले मात्रै दुई अर्ब रुपैयाँको सट्टेबाज खेलाइसकेका थिए। त्यसअघि अर्थात् गत २९ माघ पनि बुढानीलकण्ठ- ३ गैरीगाउँस्थित महलबाटै अनलाइनमार्फत सट्टेबाज धन्दा चलाइरहेका २३ भारतीय नागरिक पक्राउ परे। धन्दाका लागि उनीहरूले गैरीगाउँकै दोर्जे शेर्पाको भव्य महल भाडामा लिएका थिए। प्रहरीका अनुसार छोटो अवधिमै उनीहरूले तीन अर्ब १३ करोड रुपैयाँको सट्टेबाजी खेलाइसकेका थिए।*

● *गत २० माघमा पनि ललितपुरको सानेपाबाट अनलाइनमार्फत सट्टेबाजी गर्ने १४ नेपालीसहित १० भारतीय नागरिक पक्राउ परे। सात महिनादेखि धन्दा चलाइरहेका उनीहरूले मात्रै तीन अर्ब चार करोड ७३ लाख ५६ हजार ६१२ रुपैयाँको सट्टेबाजी लगाइसकेका थिए। धन्दा चलाउन उनीहरूले सानेपास्थित दुईवटा भव्य महल तीन वर्षका लागि भाडामा लिएका थिए। दुईवटा घरको भाडा मात्रै उनीहरूले प्रतिमहिना एक लाख ९० हजार तिर्दै आएका थिए।*

सट्टेबाजीसँग सम्बन्धित माथिका चार घटना १५ दिनभित्रका हुन्। यस अवधिमा उनीहरूले मात्रै नौ अर्ब ८२ करोड १३ लाख १३ हजार ९५२ रुपैयाँको सट्टेबाजी लगाएको खुलेको छ। समान पक्ष के भने चारवटै घटनामा भारतीय नागरिक संलग्न छन्। जसको 'अप्रेसन' भारतबाट भएका छन्, तर भूमि भने नेपालको प्रयोग भएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी अपिलराज बोहराले उपत्यकाभित्र यस्ता घटना अन्यत्र पनि हुन सक्ने बताए। '१५ दिनको बिचमा सट्टेबाजसँग सम्बन्धित चार घटनामा प्रहरीले रेड हानेको छ। सबै घटनामा भारतीय नागरिकको संलग्नता देखिएको छ। यसले के देखाउँछ भने सट्टेबाजीसँग सम्बन्धित घटना अझै धेरै छन्। थप सूचना आइरहेका छन्, भेरिफाईको काम भइरहेको छ,' उनले भने।

■ भारतीय बैंक प्रयोग भएकाले अनुसन्धानमा जटिलता

प्रहरीका अनुसार चारवटै घटनामा रकम भुक्तानीका लागि भारतीय बैंक प्रयोग गरिएका छन्। कतिपयमा 'क्रिप्टो'मार्फत पनि भुक्तानी भएका छन्। उनीहरूले प्रयोग गरेका एपमार्फत सट्टेबाजी लगाउने सबै खेलाडी भारतीय छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले जित-हारको रकम भुक्तानीका लागि भारतीय बैंक प्रयोग भएकाले अनुसन्धानमा जटिलता रहेको बताए। 'हार-जितको रकम भुक्तानीमा भारतीय बैंक प्रयोग भएका छन्। खेलाडी पनि भारतीय नागरिक नै छन्। तर, भूमि भने नेपालको प्रयोग भएको छ। यी घटनाको विस्तृत अनुसन्धान गर्न भारत पुग्नुपर्ने हुन्छ। उनीहरूको बैंक डिटेल्स अध्ययन गर्नुपर्ने हुन्छ। त्यसको पहुँच हामीसँग हुँदैन। त्यसैले अनुसन्धानमा जटिलता देखिएको छ,' उनले भने।

'इन्टरनेट सर्भिस प्रोभाइडर'को लापरबाही र स्थानीय तहबाट हुने 'सर्भिलेन्स'मा कमी हुँदा यस्ता घटना बढिरहेको प्रहरीको दाबी छ। यस्ता धन्दा मौलाउनुमा भाडामुखी घरबेटी पनि अर्को कारक रहेको प्रहरीको भनाइ छ। अनुसन्धान कार्यालयका एसपी आचार्यले भने, 'यस्ता धन्दा मौलाउनुमा इन्टरनेट सर्भिस प्रोभाइडर, स्थानीय तह र घरबेटीको मुख्य भूमिका देखिन्छ। कहाँ कसले कुनवेला पोर्नसाइट चलाइरहेको छ भन्ने जानकारी सर्भिस प्रोभाइडरलाई हुन्छ। अनलाइन जुवा खेलाइरहेको जानकारी पनि उनीहरूलाई हुने भयो। तर, उनीहरूले यस्ता धन्दालाई निर्वाध छाडेको देखिन्छ। आफ्ना टोल-छिमेकमा भएका गतिविधिप्रति न स्थानीय तहको 'सर्भिलेन्स' रहन्छ, न घरबेटीको नै। उनीहरूलाई भाडा उठाउन पाए पुग्छ। त्यसैको फाइदा यस्ता समूहले उठाइरहेका छन्।'

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी दिनेश आचार्यले १५ दिनमा झन्डै १० अर्ब रुपैयाँको सट्टेबाजी खेलाइएको घटनाप्रति ध्यानाकर्षण भएको बताए। '१५ दिनको बिचमा सट्टेबाजीसँग सम्बन्धित चार घटनामा प्रहरीले 'रेड' हान्दा भारतीय नागरिक प्रयोग भएको भेटिएको छ। धन्दाको 'अप्रेसन' नेपालभित्रबाट नभई अन्यत्रबाट भइरहेको देखिन्छ। रकमको भुक्तानीमा पनि अन्यत्रकै बैंक प्रयोग भएको देखिन्छ। यसलाई नेपाल प्रहरीले जानकारीमा लिएको छ,' उनले भने। पक्राउ पर्नेमा अजय कुमार, मोहम्मद चाँद, जय कुमार, मोहम्मद नफिस, गुल्फाम खान, मोहम्मद वासिम, रियाज अहमद, मोहम्मद सानवाज, जमालउद्दिन शेख, मोहम्मद हमिद रजा, सुभाष चौधरी, मोहम्मद ओवास, अनिश कुमार, आलम शेख, मसली उद्दिन शेख, मोहम्मद नदिम, मोहम्मद इमरान, मनीष कुमार, मोहम्मद हेदायत, मोहम्मद जनसार, मोहम्मद बिलाल, मोहम्मद असिम, मोहम्मद सर्फराज र मोहम्मद दानिस छन्।

संसद्मा बोल्न नदिएको विषयले रास्वपा सांसद र सभामुख आमनेसामने

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभामा आकस्मिक समयमा बोल्न नपाएको विषयमा रास्वपा सांसदहरू र सभामुख देवराज घिमिरे आरोप-प्रत्यारोपमा उत्रिएका छन्। भारतमा नेपाली छात्राको मृत्यु र न्याय माग्दा नेपाली विद्यार्थीमाथि भएको अमानवीय दुर्व्यवहार घटनाबारे धारणा राख्न सोमबार आकस्मिक समय माग्दा सभामुखले नदिएपछि सांसद सुमना श्रेष्ठले मिडियामार्फत तत्काल उठाउनुपर्ने जरुरी विषयलाई अनदेखा गरेर विभेद भएको भन्दै विरोध गरेकी थिइन्।

त्यसअघि विधायन विधेयक पारित गर्दा सरकारकै मन्त्रीले संसदीय प्रक्रिया मिचेको विषय उठाउन खोज्दा आकस्मिक समय नपाएकी सांसद सोविता गौतमले पनि सोमबारै फेसबुकमार्फत सदनमा सांसदले बोल्नुअघि नै आवाज बन्दको प्रयास दुःखद भएको उल्लेख गरेकी थिइन्।







'सांसदले आकस्मिक समय माग गर्दा, सभामुखले पहिले के बोल्न लागिएको छ भनेर थाहा पाउन खोज्नुहुन्छ, अनि हामीले बोल्न पाउने कुरा उहाँकै छनोटमा सीमित हुन्छ। संसद् भनेको विचारको खुला मञ्च हो, तर किन सभामुख आफैंले यसलाई घेराबन्दी गर्न खोज्नुहुन्छ ?' उनले सोधेकी थिइन्। सोवितालेे बोल्न खोजेको दिन प्रक्रिया मिचिएकै विषयमा राप्रपाका ध्रुवबहादुर प्रधान र नेमकिपाका प्रेम सुवाललेे पनि आकस्मिक समय मागे पनि पाएका थिएनन्।

रास्वपा सांसदद्वय श्रेष्ठ र गौतमले समय नपाएको भनेर प्रश्न उठाएपछि सभामुख घिमिरेले आफ्नो सचिवालय र स्वयं आफैंले पनि प्रतिवाद गरेका छन्। सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीले 'सुमना र सोविताको एगोसेन्ट्रिजम' भनेर फेसबुकबाट आलोचना गरेका छन्। अधिकारीले मंगलबार प्रेस नोट जारी गरेर सांसदद्वय श्रेष्ठ र गौतमले संसद्मा बोल्न नदिएको भन्दै गरेको प्रचारबाजीप्रति सभामुखले चासो लिएको उल्लेख गरेका छन्। गौतमले पारित भइसकेको विधायन विधेयकबारे प्रक्रिया बिग्रिएको भन्दै २८ माघमा आकस्मिक समय मागेको र सभामुखले विधेयक पारित भइसकेका आकस्मिक विषय हुन नसक्ने भनेर नदिएको विज्ञप्तिमा उल्लेख छ।

श्रेष्ठले ५ फागुनको बैठक सुरुवातको जनाउ घन्टी बज्न सुरु भएपछि भारतमा नेपाली विद्यार्थी समस्यामा परेको भन्दै समय माग्न आएको सभामुखको सचिवालयले भनेको छ। 'सभामुख आफ्नो च्याम्बरबाट उठेर बैठक कक्षतिर प्रवेश गरेलगत्तै सुमना आउनुभयो। 'जनाउ घन्टी सुरु भएकाले त्यस विषयमा मैले बुझ्न पाइनँ। तपाईंले अगाडि नै विषय जानकारी गराउनुभएको भए पनि हुन्थ्यो। उठाउने विषय हो भने (माननीय अशोक चौधरीतर्फ देखाउँदै) उहाँलाई भन्नुहोला, उहाँले राखे पनि हुन्छ। उहाँले समय लिइसक्नुभएको छ। मैले तपाईंको विषय बुझ्न समय भएन। या त भोलि राख्नुहोला' भनेर निस्कनुभयो,' सभामुख घिमिरेको सचिवालयले जारी गरेको नोटमा भनिएको छ, 'रास्वपा प्रमुख सचेतक सन्तोष परियार पनि सँगै हुनुहुन्थ्यो। दलीय अनुरोध पनि आएको होइन।'

वक्तव्यप्रति असहमति जनाउँदै सांसद गौतमले मंगलबारको शून्य समयमा 'सदनभित्र समय विभाजनको विषयमा यसरी प्रेस विज्ञले टीकाटिप्पणी गर्नुपर्ने हो जस्तो मलाई लाग्दैन। सम्माननीयज्यूको ध्यानाकर्षण गराउन चाहन्छु' भनेकी थिइन्।

सभामुख घिमिरेले मंगलबार बिहान सिंहदरबारस्थित आफ्नै कार्यकक्षमा सञ्चारकर्मीसँग कुरा गर्दै उडिसामा समस्यामा परेका नेपाली विद्यार्थीको विषयमा आकस्मिक समय माग्दा सुमना श्रेष्ठले आफूसँग दादागिरी शैली देखाएको र बैठकमा अस्वाभाविक रूपमा प्रस्तुत भएको टिप्पणी गरेका छन्। परराष्ट्र मन्त्रालयसँग विषय बुझेर पछि समय मिलाउने भने पनि दादागिरी शैलीमा असंसदीय प्रस्तुति देखाएको सभामुख घिमिरेको भनाइ छ।

भारतमा समस्यामा परेका नेपाली विद्यार्थीको विषय उठाउन सोमबार आकस्मिक समय नपाएकी रास्वपा सांसद सुमना श्रेष्ठको शून्य समयमा पालो थियो। एमाले सचेतक सुनिता बराल बोलिसकेपछि सभामुख देवराज घिमिरेले शून्य समयमा बोल्नका लागि श्रेष्ठको नाम उच्चारण गरेका थिए। सुरुवातमा बैठकमा उपस्थित श्रेष्ठ आकस्मिक समय चल्दै गर्दा आफ्नो झोला र डकुमेन्ट कुर्सीमा राखेर बाहिर निस्किएकी थिइन्। शून्य समयमा पालो आउँदा उनी बैठकमा थिइनन्।

संक्षेप

संस्कृत विश्वविद्यालयको ९१० बिघा जग्गा अतिक्रमण भएको खोजबिन समितिको ठहर

काठमाडौं/ नेपाल संस्कृत विश्वविद्यालयको जग्गा हिनामिनासम्बन्धी तयार पारिएको प्रतिवेदन प्रधानमन्त्री केपी ओलीलाई बुझाइएको छ। मंगलबार जग्गा खोजबिन समितिले



९१० बिघा जग्गा अतिक्रमण भएको ठहर गर्दै शिक्षामन्त्री विद्या भट्टराईसहितको उपस्थितिमा प्रतिवेदन प्रधानमन्त्री ओलीलाई बुझाएको हो। गत २० असारमा सरकारले नै विश्वविद्यालयको जग्गा खोजबिन गर्न न्यायाधीश शेखरप्रसाद पौडेलको संयोजकत्वमा पाँच सदस्यीय जग्गा खोजबिन समिति निर्माण गरेको थियो। समितिले झन्डै पाँच महिना लगाएर तयार पारेको प्रतिवेदन कार्यान्वयनका लागि प्रधानमन्त्रीलाई बुझाएको हो। प्रतिवेदनमा विश्वविद्यालयको जग्गाको अवस्था, उपयोग, अतिक्रमण, घरटहरा र संरचना निर्माणको अवस्थालगायत विषय समेटिएको छ। समितिले प्रतिवेदन सक्दो छिटो कार्यान्वयनमा ल्याउन पनि सुझाव दिएको छ। समितिले गरेको अध्ययनअनुसार दाङ देउखुरीस्थित विश्वविद्यालय परिसरमा मात्रै ९१० बिघा अतिक्रमण भएको ठहर गरेको छ। अध्ययनका क्रममा ०५९ देखि ती जग्गा अवैध रूपमा कसैले प्रयोग गरेका छन्। त्यसबाट विश्वविद्यालयलाई कुनै आम्दानीसमेत प्राप्त हुन नसकेको अध्ययनले देखाएको छ। त्यस्तै, राप्ती नदीले दुई सय बिघा कटान गरेको प्रतिवेदनले औंल्याएको छ। प्रतिवेदन बुझ्दै प्रधानमन्त्री ओलीले जग्गा अतिक्रमण रोक्ने प्रतिक्रिया दिए।

पुल भाँचिने गरी सामग्री ल्याउने शिवम् सिमेन्टलाई ८६ लाख जरिवाना

नवलपुर/ पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपुरको बुटवल-नारायणगढ सडकखण्डमा पर्ने विनयी खोलाको पुल भाँचिने गरी सामग्री ल्याउने शिवम् सिमेन्टलाई सरकारले ८६ लाख जरिवाना तिराएको छ। एनएल ०१ एएच ५१७९ नम्बरको भारतीय हेभी ट्रकमा क्षमताभन्दा बढी भार बोकाएर सामग्री ल्याएकाले पुल भाँचिएको भन्दै शिवम् सिमेन्टलाई क्षतिपूर्ति तिराइएको हो। शिवम् सिमेन्टलाई ८६ लाख रुपैयाँ क्षतिपूर्ति तिराइएको सडक डिभिजन भरतपुरका सिनियर डिभिजन इन्जिनियर नारायणप्रसाद लामिछानेले जानकारी दिए। शिवम् सिमेन्टले नेपाल लाइन्स प्रालिमार्फत ८६ लाख रुपैयाँ सडक डिभिजन भरतपुरको खातामा जम्मा गरेको उनले बताए। गत २६ पुसमा गह्रौं भारसहितको ट्रक पुल पार गर्ने क्रममा भाँचिएको थियो। मुख्य राजमार्गको पुल भाँचिँदा लामो समयसम्म यात्रुले सास्ती पाएका थिए। पुल भाँचिएपछि अध्ययन गर्न सडक विभागले पुल महाशाखाका उपमहानिर्देशक ललीजंग खनालको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो।

कांग्रेसको प्रचार अभियान शुक्रबारबाट

काठमाडौं/ कांग्रेसले शुक्रबारबाट 'राष्ट्र निर्माणमा युवाको योगदान, तथ्यमा आधारित प्रचार अभियान' गर्ने भएको छ। कांग्रेस प्रचार विभागले मंगलबार पत्रकार सम्मेलन आयोजना गरी यसबारे जानकारी गराएको हो। विभाग प्रमुख मीन विश्वकर्माका अनुसार कांग्रेसले गरेका सकारात्मक काम तथा त्यसबाट देशमा भएका परिवर्तनबारे तथ्यगत जानकारी दिने उद्देश्यले अभियान आयोजना गर्न लागिएको हो। विभाग सचिव गोपाल झाका अनुसार विभागको आयोजनामा हुने अभियान २१ फागुनसम्म चल्नेछ। अभियानअन्तर्गत प्रजातन्त्रको स्थापना तथा पुनर्स्थापना र विभिन्न कालखण्डमा राजनीतिक परिवर्तनलगायत राष्ट्र निर्माणका लागि कांग्रेसले आर्थिक, सामाजिक एवं राजनीतिक क्षेत्रमा गरेका योगदानबारे सातवटै प्रदेश राजधानीमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरिनेछ। ९ फागुनमा कोशी प्रदेशको विराटनगर, १० गते मधेश प्रदेशको जनकपुर, १७ गते गण्डकीको पोखरा, १८ गते लुम्बिनीको बुटवल, २० गते कर्णालीको सुर्खेत र २१ फागुनमा सुदूरपश्चिमको धनगढीमा कार्यक्रम आयोजना हुनेछ।

कांग्रेस सत्तापक्ष हो, तर सरकारमा देखिँदैन : कोइराला

नयाँ पत्रिका

कांग्रेस नेता डा. शेखर कोइरालाले सरकारमा एमालेको प्रभाव देखिँदा कांग्रेस रहे पनि महसुस हुन नसकेको दाबी गरेका छन्। मंगलबार काठमाडौंमा नेपाल प्रेस युनियनका शाखा अध्यक्षहरूको राष्ट्रिय सम्मेलन उद्घाटन गर्दै उनले कांग्रेस सत्तापक्षमा रहेको, तर सरकारमा नदेखिएको जिकिर गरेका हुन्।

कोइरालाले सरकारका काममा कांग्रेसको फितलो प्रस्तुति देखिँदा थाहा नपाउने गरी सरकार एमालेकरण हुँदै गएको आरोप लगाए। 'हामी सत्तापक्षमा हौं, तर सरकारमा छैनौं। यो सरकारलाई खबरदारी गरिरहनुपर्ने आवश्यकता छ। हामी प्रतिस्पर्धी पनि हौं। भोलिको राजनीतिमा एमालेको प्रतिस्पर्धी कांग्रेस हो। जे कुरामा चित्त बुझ्दैन, त्यसमा खबरदारी गरेर अघि बढ्नुपर्ने आवश्यकता छ। यो सरकार एमालेकरण त भइरहेको छैन भन्ने चिन्ता लागेको छ,' उनले भने।

कांग्रेस केन्द्रीय सदस्य कोइरालाले लोकतान्त्रिक व्यवस्थामा संघदेखि प्रदेश तहसम्म संयन्त्रले सरकार चलाउनु गलत भएको बताए। केन्द्रदेखि गाउँपालिकासम्म कांग्रेस र एमालेको संयन्त्रबाट शासनको दुष्प्रयत्न भइरहेको भन्दै उनले आपत्ति जनाए। 'संयन्त्रले सरकार चलाउने कम्युनिस्टहरूमा मात्रै हुन सक्छ। साम्यवादी देशहरूमा मात्रै संयन्त्रले देश चलाउँछ। यहाँ यही प्रक्रिया केन्द्रदेखि गाउँपालिकासम्म बनाइसकिएको छ। अब वडामा बाँकी छ। वडामा पनि संयन्त्र बनाउने दुष्प्रयास गर्न



खोजिरहनुभएको छ। लोकतन्त्रमा संयन्त्रले देश चलाउने होइन। कता कता नथाहा पाउने गरी एमालेकरण भइरहेको छ,' उनले भने।

संसद् छलेर अध्यादेश ल्याउनु गलत भएको उनले बताए। साथै, सामाजिक सञ्जालसम्बन्धी विधेयक मानिसको अभिव्यक्ति स्वतन्त्रताप्रति आघात पुग्ने गरी ल्याइएको उनको भनाइ थियो। नियमन गर्ने नाउँमा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्न नपाइने कोइरालाले बताए। उनले विधेयक फिर्ता गरेर छलफलका आधारमा विधेयक ल्याउन माग गरे। उनले राजनीतिक स्थायित्व दिन दुई ठूला दल मिलेको भए पनि लक्ष्यअनुसार सरकार अगाडि बढ्न नसकेका भन्दै दुःख व्यक्त गरे। 'यो सरकार चल्दै छ, अघि बढ्दै छ, संसद्लाई छलेर अध्यादेश ल्याउने जमर्को गरिरहेको छ, यसले लोकतन्त्रलाई अप्ठ्यारोमा पारिरहेको छ। अध्यादेश राम्रो छ कि छैन, कस्तो छ भन्ने पछिको कुरा हो। संसद् बोलाउनु ६ दिनअघि अध्यादेश ल्याइन्छ। के कारणले ल्याएको, किन अर्जेन्सी परेको हो भन्ने कुरामा सरकारले जवाफ दिनुपर्छ,' उनले भने।

कांग्रेस केन्द्रीय सदस्य एनपी साउदले प्रजातन्त्रमा संसद्लाई अवमूल्यन गरेर कुनै पनि शासन अगाडि बढ्न नसक्ने जिकिर गरे। उनले तात्कालिक आवश्यकताको परिपूर्तिका लागि अध्यादेश ल्याउने गरे पनि संसद् सुरु हुनुभन्दा केही दिन मात्रै अगाडि ल्याउनु संसद्लाई नजरअन्दाज गरिएको आरोप लगाए। संसद्बाट कानुन बनाउँदा आर्थिक विकास र सुशासन नहुने र अध्यादेशबाट मात्रै प्रगति हुन सक्ने कुरा सम्भव नभएको उनको जिकिर थियो।

'नेताराज'को अन्त्य गर्न आन्दोलनको तयारीमा नागरिक अगुवा

काठमाडौं/ बृहत् नागरिक आन्दोलनले गणतन्त्रलाई जनमुखी बनाउन आन्दोलनको तयारी गरेको छ। एक महिना सरोकारवालासँग छलफल गर्ने र अर्को महिना सडक आन्दोलन गर्ने तयारी छ। प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा बृहत् नागरिक आन्दोलनले राजधानीमा पत्रकार सम्मेलन गरेर नागरिक फेरि जाग्नुपर्ने बेला आएको औंल्याएको हो। आन्दोलनले राजनीतिक दल, संसद् र सरकारसँग विभिन्न मागसमेत गरेको छ। आन्दोलनले संविधानको मूल्य-मान्यता अनुसरण गर्न राजनीतिक दलहरूमा संस्कार र व्यवहारको कमी देखिएको ठहरसमेत गरेको छ।

दलहरूको बेथिति रोक्न विद्यमान राजनीतिक दलसम्बन्धी कानुनमा गम्भीर पुनरावलोकन गर्नुपर्ने, आर्थिक पारदर्शिताका लागि कानुनी कदम चाल्नुपर्ने, सार्वजनिक संस्थामा अति दलीयकरण नियन्त्रण गरिनुपर्ने माग गरिएको छ। दलका आन्तरिक चुनावदेखि प्रत्यक्ष वा समानुपातिक उम्मेदवारको चयन, दलीय भागबन्डा र लेनदेनको नियुक्तिले बेथितिलाई बढावा दिएको आन्दोलनको ठहर छ। 'सबै निकायमा चरम दलीयकरण छ। राज्यको जराजरामा आर्थिक अपचलन, घुसखोरी र शोषण संस्थागत हुँदै छ। यी आपत्तिजनक प्रवृत्तिको जड दलहरूभित्रको विकराल नेताराज हो, तानासाही व्यवहार हो,' नागरिक आन्दोलनले भनेको छ।

ठुलो संघर्षबाट स्थापित गणतन्त्रमा नागरिकको हितभन्दा भ्रष्टाचार र नेताराजको अवस्था आएको भन्दै त्यसको अन्त्य गर्नुपर्नेमा अभियन्ताहरूले जोड दिएका छन्। नेताराजको अन्त्य, राजनीतिक दललाई जनउत्तरदायी, पारदर्शी र भ्रष्टाचारविमुख तथा गणतन्त्रलाई जनमुखी बनाउन खबरदारी आवश्यक रहेको उनीहरूको तर्क छ।

अभियन्ता खगेन्द्र संग्रौलाले राजनीति पद प्राप्तिमा केन्द्रित भएको बताए। जनताको अधिकार सुनिश्चित गर्न खबरदारी आवश्यक रहेकोमा उनले जोड दिए। 'अहिलेको राजनीति पद प्राप्तिमा सीमित भएको छ। जनताले अधिकार उपयोग गर्न पाएका छैनन्। जनताको अधिकार सुनिश्चित गर्न आन्दोलित हुनुपर्ने अवस्था आएको छ,' उनले भने। अर्का अभियन्ता कृष्ण खनालले गणतन्त्रलाई जनमुखी बनाउन आन्दोलनको आवश्यकता औंल्याए। देशमा व्यवस्था परिवर्तन नागरिक आन्दोलनकै बलमा भएको उनले स्मरण गरे। 'दलका नेताहरूले विगतमा पटक-पटक अब गल्ती नगर्ने प्रतिबद्धता जनाउँदै आए। ती प्रतिबद्धतापछि नागरिक आन्दोलनले साथ पनि थियो। तर, आन्दोलनपछि सत्तामा पुग्दा नेताहरूले सबै प्रतिबद्धता भुले। त्यही कारण आज यो अवस्था आएको छ। अब फेरि आन्दोलनको विकल्प छैन,' उनले भने।

■ कर्मचारीमाथि आक्रमण प्रकरण

रोहिणी र बन्दीपुर गाउँपालिकामा काम ठप्प

रुपन्देही/ रुपन्देहीको रोहिणी गाउँपालिकाको कार्यपालिका बैठकमै कर्मचारीमाथि आक्रमण भएको भन्दै विरोधमा उत्रिएका कर्मचारीले मंगलबार काम ठप्प पारेका छन्।

सोमबारको बैठकमा हात हालाहालको स्थिति सिर्जना भएको थियो। शिक्षा समिति गठनका विषयमा विवाद भएपछि वडाध्यक्षले शिक्षा शाखा प्रमुखमाथि भौतिक आक्रमण गरी घाइते बनाएको आरोप लगाएका कर्मचारीले दोषीलाई कारबाही हुनुपर्ने माग राख्दै विरोधमा उत्रिएका हुन्। शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख मधुप्रसाद घिमिरेमाथि वडा नम्बर २ का अध्यक्ष करम हुसेन खानले हातपात गरेको कर्मचारीको आरोप छ।



वडाध्यक्ष करम हुसेन खान

वडाध्यक्षले गालीगलौजसहित हातपात गरी घाइते बनाएको तथा बारम्बार कर्मचारीलाई गालीगलौज गर्ने गरेको भन्दै विज्ञप्ति जारी गरेका गाउँपालिकामा कार्यरत कर्मचारीले मंगलबार जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरी दिएका छन्। दोषीमाथि कारबाही नहुँदासम्म काममा नफर्कने अडान लिएपछि मंगलबार जिल्ला प्रशासन कार्यालयमा छलफल पनि भएको थियो। प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेको उपस्थितिमा भएको छलफलमा कर्मचारीले आफ्ना अडान राखेका थिए। छलफलबाट कुनै निष्कर्ष नआएको भन्दै कर्मचारीले जिप्रकामा उजुरी दिएका छन्।

सुरक्षाको प्रत्याभूति भई काम गर्ने वातावरण नभएसम्म काममा फर्कने स्थिति नरहेको कर्मचारीको भनाइ छ। प्रजिअ घिमिरेले कर्मचारीसँगको छलफलमा सुरक्षाको चासो उठेको र घटनाको अनुसन्धान र दोषीमाथि कारबाहीको कुरा उठेकाले आवश्यक प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरीमा पठाएको बताए। सिडिओ कार्यालयमा वडाध्यक्षसहितका केही जनप्रतिनिधिले आफूहरूमाथि कर्मचारीबाट दुर्व्यवहार भएको कुरा पनि राखेका छन्।

गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले मंगलबार विज्ञप्ति जारी गर्दै कर्मचारीमाथि आक्रमण गर्ने वडाध्यक्ष खानलाई कारबाही गर्न माग गरेका छन्। वडाध्यक्ष खानले भने आफूले हातपात नगरेको दाबी गर्दै आएका छन्। शिक्षा शाखा प्रमुखले पानीको बोतल हान्ने प्रयास गर्दा त्यसलाई रोक्न खोज्दा धक्काधक्की भएको जिकिर उनको छ। मेयर र शिक्षा शाखा प्रमुख मिलेर शिक्षा समिति बनाइएपछि विवाद भएको उनको भनाइ छ।

अभद्र व्यवहारमा वडाध्यक्ष गुरुङलाई हिरासतमा राख्न दश दिन म्याद थप

तनहुँ/ बन्दीपुर गाउँपालिका- ६ का वडासचिव नवीन भुसाल कुटिएपछि बन्दीपुर गाउँपालिकामा दैनिक कामकाज ठप्प भएको छ। आफ्नो कर्मचारी कुटिएको विरोधमा मंगलबार कर्मचारीले सेवा प्रवाह ठप्प पारेका हुन्। सेवा प्रवाहकै क्रममा जनप्रतिनिधिबाटै असुरक्षित भएकाले कर्मचारीले काम ठप्प पारेको प्रमुख प्रशासकीय अधिकृत यादवराज आचार्यले बताए। 'गाउँपालिकाको अत्यावश्यकबाहेक सम्पूर्ण सेवा ठप्प पारिएको हो,' उनले भने।



वडाध्यक्ष बलबहादुर गुरुङ

वडाध्यक्ष बलबहादुर गुरुङले सचिव कुटेपछि त्यहाँका अन्य कर्मचारीसमेत त्रसित भएका छन्। गाउँपालिकाका कर्मचारीले मंगलबार काम ठप्प पारेपछि सेवाग्राही मर्कामा परेका थिए। सचिव कुटपिट गर्ने वडाध्यक्ष गुरुङलाई प्रहरीले सोमबार नै नियन्त्रणमा लिएको थियो। पीडितले अभद्र व्यवहारमा जाहेरी दिएपछि अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक राजु अधिकारीले जानकारी दिए।

'गुरुङविरुद्ध मंगलबार जिल्ला प्रशासन कार्यालय तनहुँमा अभद्र व्यवहारमा उजुरी दिएपछि दश दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको छ,' उनले भने।

माघमा भएको तेस्रो वडाध्यक्ष कप भलिबल प्रतियोगिताको बिल स्वीकृत नगरेको भन्दै गुरुङले सोमबार बिहान कार्यालयमै भुसालको घाँटी अठ्याएर झापड हानेका थिए। कुटपिटपछि घाइते भएका कर्मचारी भुसाललाई बन्दीपुर अस्पतालमा उपचारका लागि ल्याइएको थियो। तर, बन्दीपुर अस्पतालमा उपचार सम्भव नभएपछि घाइतेलाई भरतपुर अस्पताल पठाइएको हो। अहिले उनको अवस्थामा सुधार भएको प्रशासकीय अधिकृत आचार्यले बताए। कर्मचारी कुटिएको विरोधमा जिल्लाका अन्य स्थानीय तहका कर्मचारीले पनि विरोध जनाएका छन्।

दिल्ली सम्झौतापछिको प्रजातन्त्र

२००७ सालको दिल्ली सम्झौताले राणातन्त्रलाई समाप्त पारी प्रजातन्त्र घोषणा गराए पनि प्रकारान्तरले राजतन्त्रलाई नै बलियो बनाएको थियो



● रामनारायण देव

अग्रलेख

एक शताब्दी लामो राणातन्त्रविरुद्ध २००७ सालमा भएको जनक्रान्तिपश्चात् देशमा प्रजातन्त्रको स्थापना भयो । वि.सं. १९०३ मा जंगबहादुर कुँवरले कोतपर्वजस्तो नरसंहार मच्चाई राज्यको सम्पूर्ण शक्ति आफ्नो हातमा लिई राजालाई खोपीको देउता बनाए । कोतपर्वपछि जंगबहादुरले राजा राजेन्द्र र राजा सुरेन्द्रबाट आठवटा लालमोहर प्राप्त गरी सम्पूर्ण कार्यकारी अख्तियार प्राप्त गरे । साथै, राजा सुरेन्द्रबाट पञ्जापत्र पनि हत्याए । यसरी श्री ५ मा निहित हुकुमी शासन श्री ३ जंगबहादुर कुँवर (राणा) मा हस्तान्तरण भयो ।

राणाहरूले वंशानुक्रममा १०४ वर्षसम्म नेपालमा निरंकुश, हुकुमी शासन कायम राखे । २००७ सालमा राणातन्त्रविरुद्ध नेपाली कांग्रेसको नेतृत्वमा जनक्रान्ति गरी प्रजातन्त्र प्राप्त भयो । राजा त्रिभुवनले पनि जनक्रान्तिमा साथ दिए । उनी सपरिवार भारतको राजधानी दिल्ली पुगे । राणाहरूले राजालाई दबाबमा राखी राज्यसत्ताबाट अलग राखेका थिए । राजाको राजकीय कार्यकारी अधिकार खोसी आफूले चलाइरहेका थिए ।

यस्तो स्थितिमा राजा त्रिभुवन जनक्रान्तिलाई सघाउन बाध्य भए । दिल्लीमा राजालाई सरकारी अतिथि भवन हैदरावाद हाउसमा आतिथ्य दिइयो । यता नेपालमा कांग्रेसको नेतृत्वमा २००७ साल कात्तिक २६ गते पहिलोपटक वीरगन्ज सहरमा आक्रमण गरी जनक्रान्ति सुरु गरियो । कांग्रेसको मुक्तिसेना र राणाको सेनाबिच घमासान युद्ध भयो । मुक्तिसेनाले सम्पूर्ण रूपमा विजय प्राप्त गरिसकेको समयमा लुकेर बसेका एक सरकारी सैनिकले गोली चलाउँदा मुक्तिसेनाकै कमान्डर थिरबम मल्लले पहिलो सहादत प्राप्त गरे ।

वीरगन्जपछि विराटनगरमा मुक्तिसेना र सरकारी सेनाबिच भिडन्त भयो । बडाहाकिमका कार्यालयमाथि आक्रमण भयो । उता बडाहाकिमको भवनबाट पनि गोलीका वर्षा हुन भयो । दुवै समूहबिच घन्टौंसम्म युद्ध भयो । त्यसमा मुक्तिसेनाका जवान बलबहादुर राईले सहादत प्राप्त गरे भने राणातर्फका दुई सैनिकको ज्यान गयो । विराटनगरमा मुक्ति सेनाले २९ मंसिरमा सम्पूर्ण रूपमा कब्जा जमाए । विराटनगरपछि झापा, इलाम, धनकुटा, भोजपुर, चैनपुर, खोटाङजस्ता पूर्वी क्षेत्रमा मुक्तिसेनाले कब्जा गरी जनसरकार गठन गरे । नेपालगन्ज, धनगढी र पश्चिम पहाडका डोटी, बैतडी, बझाङ र डडेल्धुरालगायत स्थानमा पनि मुक्तिसेनाले सरकारी सेनालाई परास्त गरी कब्जा गरिसकेका थिए । यसरी पूरै देश कांग्रेसको कब्जामा आइसकेको थियो । उता युद्धविराम गर्न दिल्लीबाट दबाब आइरहेको थियो । राजा त्रिभुवन भारत सरकारको अतिथिका रूपमा दिल्लीमै थिए । यता नेपालभूमिमा देशभक्त नेपाली एकतन्त्रीय राणातन्त्रको विरोधमा प्रजातन्त्र स्थापनाका लागि जनक्रान्तिमा उत्सर्ग गरिरहेका थिए भने उत्ता दिल्लीमा एकतर्फी रूपमा क्रान्तिका कुनै कमान्डरसित विचार विमर्श नगरी सम्झौताको तयारी भइरहेको थियो । यसबाट क्रान्तिकारीहरूको मनमा ठेस पुगिरहेको थियो । त्यतिवेला भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूले आफूले राणा सरकारलाई दिएको सहमति कायम गर्ने बुँदा भारतीय संसद्लाई जानकारी गराइसकेका थिए । ती बुँदामा राजा त्रिभुवनले आफ्नो समर्थन व्यक्त गरिसकेका थिए । यसले कांग्रेसलाई अप्ठ्यारो स्थितिमा पुऱ्याएको थियो ।

उता ११ पुसमा प्रधानमन्त्री मोहनशमशेरले केही सुधारका बुँदा दिएर विजयशमशेर र नरेन्द्रमणि आदीलाई दिल्ली पठाए । ती बुँदामा (१) बालिग मताधिकारबाट तीन वर्षभित्र संविधानसभा गठन गर्ने र त्यसैबाट नयाँ संविधान निर्माण गर्ने, (२) नौ सदस्यीय मन्त्रिमण्डल गठन गर्ने त्यसमा राणा पक्षबाट ६ जना र जनताको पक्षबाट तीनजना समावेश गर्ने, (३) नयाँ संविधान निर्माण नभएसम्म २००४ को नेपाल सरकारको वैधानिक कानुनका आधारमा शासन सञ्चालन गर्ने, (४) राजनीतिक दल गठनको अधिकार सबै नेपालीलाई कानुनतः उपयोग गर्न दिइने, (५) देशद्रोह र ज्यान मार्ने अपराध लागेका सबैलाई स्वदेश फर्कन दिइने र राजबन्दीको रिहा गर्ने, (६) ज्ञानेन्द्रलाई नै नेपालका राजा मान्ने र उनी बालिग नभएसम्म राजप्रतिनिधिको गठन गरी शासन चलाउनेजस्ता बुँदा थिए ।

तर, दिल्लीले राजा त्रिभुवनलाई नै राजा मान्नुपर्छ, ज्ञानेन्द्रलाई होइन भनी अडान लियो । त्यसपछि प्रधानमन्त्री मोहनशमशेरका दूत काठमाडौं फिर्ता भए र पुनः सल्लाह गरी दिल्लीको प्रस्तावप्रति सहमति जनाई राजा त्रिभुवनलाई नै राजा मान्न तयार भए । दिल्ली र राणाबिच भएको सहमतिविरुद्ध जनक्रान्तिका सर्वोच्च कमान्डर मातृकाप्रसाद कोइरालाले भारतका पत्रपत्रिकामा प्रतिक्रिया दिँदै भने- नेपालका प्रधानमन्त्रीको एकतर्फी घोषणाबाट नेपाली जनमानसमा परेको प्रतिक्रियाबाट भन्नुपर्दा त्यसबाट मोहभंग भइसकेको छ । नेपाली जनताले जुन संघर्ष गरिरहेका छन्, त्यसको एक मात्र उद्देश्य निरंकुश शासनलाई समाप्त पारेर नेपालमा पूर्ण प्रजातन्त्र स्थापना गर्नु हो । नेपाली जनतालाई उचित तवरले सत्ता हस्तान्तरण नभएसम्म अन्य कुनै पनि अन्तरिम व्यवस्था नेपाली जनतालई स्वीकार्य हुनेछैन ।



यसरी सर्वोच्च कमान्डर कोइरालाको विरोधका बाबजुद पनि दिल्लीले वास्ता गरेन । कांग्रेस नेता बिपी कोइराला, मातृका कोइराला र सुवर्णशमशेरले दिल्ली गई भारतीय प्रधानमन्त्री नेहरूलाई भेट्न खोजे, तर भेट भएन । यस्तै स्थितिमा सन् १९५१ को १५ जनवरी २००७ साल माघ २८ गतेका दिन राजा, राणा र कांग्रेसबिच सम्पन्न त्रिपक्षीय वार्ता एउटा निर्णयमा पुग्यो भन्ने कुरा भारतका तर्फबाट घोषणा गरियो । जबकि यो राणा र भारत सरकारबिच द्विपक्षीय वार्ता भई घोषणा भएको थियो ।

> दिल्ली सम्झौतामै राजतन्त्रात्मक संसदीय व्यवस्थाको ठाउँमा पूर्ण लोकतान्त्रिक संसदीय व्यवस्था भनिएको भए नेपालमा आज लोकतन्त्रले खतरामुक्त भई संस्थागत हुनुका साथै स्थायित्व ग्रहण गरिसकेको हुने थियो

यसको विरोध कांग्रेसलगायत अन्य क्षेत्रबाट गरिएको थियो । उता भैरहवामा केआई सिंहले दिल्ली सम्झौताको विरोध गरी सशस्त्र क्रान्ति जारी राखेका थिए । यसलाई दबाउन भारत सरकारले सेना पठाएको थियो, जसले विद्रोहलाई शान्त पारेको थियो । उता २००७ साल फागुन ७ गतेका दिन राजा त्रिभुवन दिल्लीबाट काठमाडौं फर्किए र प्रजातन्त्रको प्रादुर्भाव भयो भनेर घोषणा पनि गरे । राजा त्रिभुवनले आफ्नो शाही घोषणा यसरी गरे-

'उपरान्त हाम्रो प्रजाको शासन अब उपरान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले औ यो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्य सम्पादन गर्नामा मद्दत र सल्लाह दिनका निमित्त दुनियाँको विश्वास भएका दुनियाँका प्रतिनिधिसमेत सम्मिलित भएको एक मन्त्रिमण्डलको संगठन होस् भन्ने इच्छा र निर्णय भएकाले, तसर्थ हामीबाट यो घोषणाद्वारा हामीलाई हाम्रो कार्यको सम्पादनमा, मद्दत गर्न हाम्रा अति विश्वासपात्र र प्रिय श्री ३ महाराज मोहनशमशेरलाई हाम्रो प्राइम मिनिस्टर बनाएका छौं । अन्य मन्त्रीहरूमा बिपी कोइराला गृहमन्त्री, सुवर्णशमशेर अर्थमन्त्री, गणेशमान सिंह उद्योग-वाणिज्यमन्त्री र बबरशमशेर रक्षामन्त्रीसहित नौजना रहनेछन् ।'

राजा त्रिभुवनको घोषणामा जनक्रान्तिको कुनै चर्चा र सहिदप्रति श्रद्धाञ्जलीसम्म पनि व्यक्त गरिएन । शाही घोषणा शाही विशेषाधिकारको घोषणा भएजस्तो थियो । राजा त्रिभुवनबाट २००७ साल चैत २९ गते नेपाल अन्तरिम शासन विधान घोषणा गरियो । अन्तरिम संविधान राजाले मन्त्रिमण्डलको सल्लाह र सम्मतिअनुसार जारी गरिएको थियो । संविधानसभाबाट संविधान नबनेसम्मका लागि अन्तरिम संविधान बनाइएको थियो । यस विधानलाई संशोधन गर्ने प्रक्रिया यसमा तोकिएको थिएन । तैपनि सातपटक औपचारिक र दुईपटक अनौपचारिक रूपमा यसमा संशोधन गरियो ।

राजा त्रिभुवनबाट यसमा आफूखुसी संशोधन गरी सबै कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिकाका अधिकार आफूमा लिएर राजतन्त्रलाई बलियो बनाए । ००७ सालको जनक्रान्तिविपरीत र अन्तरिम विधानमार्फत राजा त्रिभुवनले सार्वभौम जनताको सम्पूर्ण अधिकार आफूमा निहित गरे । २०१० साल माघ ७ गते राजा त्रिभुवनले राजकीय शक्ति र विशेषाधिकार प्रयोग गरी संविधानको तेस्रो संशोधन गरे । अन्तरिम संविधानमा दुई वर्षभित्रै संविधानसभाको चुनाव सम्पन्न गराउने उल्लेख थियो । तर, राजा त्रिभुवनले विभिन्न बहाना गरी टार्दै गए । २०११ सालमा उनको निधनपछि राजा महेन्द्रले पनि संविधानसभाको चुनाव गराएनन् । २०१३ सालमा राजा महेन्द्रले प्रधानमन्त्री टंकप्रसाद आचार्यमार्फत भन्न लगाएर संविधानसभाको चुनाव गराउन कुनै संवैधानिक आधार छैन, अब संसद्को मात्र चुनाव हुन्छ भनी भाषण गराए ।

यसको विरोधमा बिपी कोइरालाले सर्वोच्च अदालतमा रिट दायर गरे । तर, सरकारकै पक्षमा निर्णय आयो । अन्ततः संसद्को चुनावमा कांग्रेसले दुईतिहाइ बहुमत ल्याई सरकार गठन गऱ्यो । तर, संसद्को कार्यकाल पाँच वर्ष नपुग्दै १८ महिनामै राजा महेन्द्रले विभिन्न गलत आरोप लगाएर बिपी कोइरालाको प्रधानमन्त्रीत्वमा बनेको सरकारलाई २०१७ साल पुस १ गते विघटन गरी निरंकुशता देखाए ।

यस पृष्ठभूमिमा हेर्दा २००७ सालमा दिल्लीमा भएको सम्झौताले राणातन्त्रलाई समाप्त पारी प्रजातन्त्र घोषणा गराए पनि प्रकारान्तरले राजतन्त्रलाई नै बलियो बनाएको थियो । दिल्ली सम्झौतामै राजतन्त्रात्मक संसदीय व्यवस्थाको ठाउँमा पूर्ण लोकतान्त्रिक संसदीय व्यवस्था भनिएको भए नेपालमा आज लोकतन्त्रले खतरामुक्त भई संस्थागत हुनुका साथै स्थायित्व ग्रहण गरिसकेको हुने थियो । आज नेपाली जनताले पूर्ण लोकतन्त्रको उपभोग गर्न पाउने थिए । अहिले मुलुकमा लोकतान्त्रिक गणतन्त्र आए पनि सुशासनको चरम अभाव छ । जसका कारण देश अराजकता र भ्रष्टाचारमा डुबेको छ । यसरी लोकतन्त्र संस्थागत र दीर्घजीवी नहुनुका कारक निरंकुश राजतन्त्र नै हो । त्यसैले, अब गणतन्त्रलाई दिगो र संस्थागत गर्न आवश्यक भइसकेको छ ।

३ प्रश्न

गाउँपालिका राष्ट्रिय महासंघ नेपालकी अध्यक्ष **लक्ष्मीदेवी पाण्डे**लाई



जनप्रतिनिधिहरूबाट कर्मचारी किन पटकपटक कुटिँदै छन् ?

यो एकदमै निन्दनीय काम भएको छ । जनप्रतिनिधि र कर्मचारीबीच नङ र मासुको जस्तो सम्बन्ध रहन सकेन भने स्थानीय विकास निर्माणमा गम्भीर असर पर्छ । नियम मिचेर काम कसैले पनि गर्नु हुँदैन । जो गलत छ, ऊ सच्चिनुपर्छ । कर्मचारी र जनप्रतिनिधि दुवैलाई बदनाम गराउने खालका कुनै पनि घटना हुनु हुँदैन । दुवैबीच मेलमिलाप भएमा मात्र विकास हुन सक्छ । सँगै बसेर काम गर्दै जाँदा टकराव हुन सक्छ तर टकराव भयो भन्दैमा कुटपिटमै उत्रिनु एकदमै गलत कार्य हो । हामीले यस्तो रबैयामा सुधार गरेर जानुपर्छ । संघीयताको जग स्थानीय सरकार नै हो । त्यहीं यस्ता घटना दोहोरिन थाले भने यसबाट प्रणालीप्रति नै प्रश्न उठ्न सक्छ ।

त्रास बोकेर स्थानीय तहमा जाने कर्मचारीबाट कस्तो सेवा प्रवाह होला ?

स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत संघले पठाउँछ भने बाँकी कर्मचारी प्रदेशले पठाउँछ । यस्तो अवस्थामा स्थानीय तहमा जाने कर्मचारीले त्रास बोकेर जानुपर्दैन । स्थानीय तहका कर्मचारीको सरुवामा स्थानीय जनप्रतिनिधिले खेल्ने ठाउँ हुँदैन । स्थानीय जनप्रतिनिधिबाट यस्ता घटना दोहोरिन नदिन हामी प्रतिबद्ध छौं । कर्मचारी साथीहरूले ढुक्क भई स्थानीय जनतामाझ सेवा प्रवाह गराउन कुनै अवरोध आउन दिइनेछैन । उहाँहरूको सुरक्षामा हामी संवेदनशील छौं ।

यस्ता घटना दोहोरिन नदिन के गर्नुपर्ला ?

अहिले जेजस्ता गल्ती भएका समाचार आएका छन्, तिनलाई भविष्यमा दोहोरिन नदिन कर्मचारी र स्थानीय जनप्रतिनिधि सबै सचेत हुनुपर्छ । यसका लागि हामी गाउँपालिका संघ र महासंघ एकसाथ मिलेर काम गर्नेछौं । यस्ता दुर्घटना निम्त्याउने छुट कसैलाई छैन । लट्ठी लगाएर मान्छेलाई तह लगाउन सकिन्न । संवाद र मेलमिलापबाटै अघि बढ्नुको विकल्प छैन ।

प्रेरक प्रसंग

किसान र पादरी

सिमसिम वर्षा भइरहेको थियो । बाहिरी मौसम निकै चिसो थियो । एक किसान आइतबार कैयौं माइल पैदल हिँडेर पहाडमा रहेको चर्चमा पुगे । चर्चको ढोका बन्द थियो । किसानले चर्को स्वरमा कराउँदै भने- यहाँ कोही हुनुहुन्छ ?

किसानको चर्को आवाज सुनेर पादरी बाहिर निस्किए । चर्चबाहिर किसान उभिइरहेको देखेर उनी छक्क परे । उनले भने- निकै जाडो भएकाले आजको प्रार्थनामा कोही आउँछन् भन्ने सोचेकै थिइनँ । त्यही भएर मैले त कुनै तयारी गरेको छैनँ । के केवल एक व्यक्तिका लागि त्यसरी तयार गर्नु ठिक होला ? उनले किसानतिर हेर्दै थप भने- हामीले आज पूजा छोडेर आफ्नो घर गएर आराम गर्दा कसो होला ?



किसानले भने- सर, म एक साधारण किसान हुँ । म हरेक बिहान परेवालाई चारो खुवाउन पार्कमा जान्छु र त्यहाँ एउटा मात्र परेवा छ भने पनि म उसलाई चारो नखुवाइ फर्किन्नँ । किसानको यस्तो कुरा सुनेर पादरी लज्जित भए । उनले तत्काल मनमनै भगवान्सँग माफी मागे र सबै टेबुल र कुर्सी सफा गरे, प्रत्येक टेबुलमा बाइबल र मैनबत्ती राखे र अरू वेलाजस्तै विधिपूर्वक प्रार्थना गर्न थाले ।

तीन-चार घण्टापछि प्रार्थना सकियो । पादरीले किसानलाई आफ्नो कर्तव्य सम्झाइदिएकामा धन्यवाद दिए । किसान केही नबोली उठेर जान थाले । त्यो देखेर पादरीले अचम्म मान्दै सोधे- के भयो, प्रार्थनामा केही कमी भयो कि ? किसानले भने- हजुर, म एउटा साधारण किसान हुँ । तर, परेवालाई चारो दिन जाँदा त्यहाँ एउटा मात्र परेवा आयो भने म सबै दाना उसैलाई खुवाउँदिनँ ।

किसानको जवाफबाट पादरीले आफ्नो कर्तव्य निभाउनु मात्र नभई परिस्थितिअनुसार निर्णय गर्न पनि सक्नुपर्छ भन्ने शिक्षा पाए । उनले एक व्यक्तिका लागि त्यसैअनुसारको तयारी गरेर प्रार्थना गर्नुपर्ने थियो भन्ने बुझे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रजातन्त्र सेनानीलाई सम्मान गरौं

नेपालमा प्रजातन्त्र ल्याउन जिउज्यान छोडी सघाएका प्रजातन्त्र सेनानीलाई प्रजातन्त्र दिवस मनाउँदै गर्दा सम्मान गरौं । उहाँहरूलाई सम्मान गर्ने समय पनि ७ फागुन नै उपयुक्त हो । आजका दिनमा उहाँहरूप्रति हामी हार्दिक सम्मान अर्पण गर्छौं । जसको त्याग, तपस्या र बलिदानले गर्दा नै आज हामी प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुगेका छौं । गणतन्त्रसम्म आइपुग्ने क्रममा प्रजातन्त्रका सेनानीलाई हाल जहाँ जेजस्तो अवस्थामा रहे पनि ज्ञात-अज्ञात जीवन निर्वाह गरिरहनुभएका ती महान् प्रजातन्त्र सेनानीका सम्बन्धमा खोजी गरी सम्मान गरौं । साथै, प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने महान् सहिदप्रति पनि नतमस्तक भई सम्मान गर्नुका साथै उहाँहरूको सपना साकार पार्न सबै प्रयत्नशील बनौं ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

जनप्रतिनिधिको काम के हो ?

पालिकाका जनप्रतिनिधिबाटै कर्मचारी कुटिन थालेको समाचार पढियो । यो समाचार पढ्दा देशभरका प्रतिनिधिलाई उनीहरूको प्राथमिकता के हो ? उनीहरूले गर्नुपर्ने काम के हो ? कर्मचारीलाई उनीहरू के प्रमाणित गर्न चाहन्छन् ? जनप्रतिनिधिबाटै कुटिएका कर्मचारीले जनतालाई कसरी चुस्त सेवा प्रदान गर्लान् ? के यसतर्फ जनप्रतिनिधिको ध्यान जानुपर्दैन ? कि आफूसित स्वार्थ मिलेन, आफ्नो दलको समर्थक कर्मचारी परेन भने कुटिहाल्नुपर्ने हो ? के जनप्रतिनिधिले यस विषयमा कहिल्यै गम्भीरतापूर्वक साचेका छन् ?

● **अतुल श्रेष्ठ**
ठिमी, भक्तपुर

पीडितलाई न्याय दिने कसले ?

बलात्कारपछि जनप्रतिनिधिकै रोहवरमा मिलापत्रको प्रयास र मृत्युपछि जाहेरी फेर्न प्रहरीले दबाब दिएको समाचार पढियो । यो समाजमा बलात्कारलाई प्रश्रय दिने अरू कोही नभई हाम्रो समाज नै हो । समाजमा मौलाएको बलात्कृतलाई हेला गर्ने र बलात्कारीलाई बहादुर ठान्ने अपसंस्कारले गर्दा हाम्रो समाजमा बलात्कारपछि बलात्कृतचाहिँ अपराधीसरह ठहरिने र बलात्कारीलाई चाहिँ पीडितजस्तो व्यवहार गरिने गलत संस्कार हाबी छ । यस्तो अवस्थामा पीडितलाई कसले न्याय दिने ? के हाम्रो समाज बदलिन सक्दैन ?

● **रूपा साह**
जनकपुरधाम, काठमाडौं

भ्रष्टाचारमा कहिलेसम्म अगाडि ?

सरकारले देशलाई विश्वसामु भ्रष्टाचारीको देश भनेर चिनाउन सफल भयो । हिजो वीर गोर्खालीको नाउँले चिनिएको देश आज भ्रष्टाचारीको नाउँबाट चिनाउन सफल भएकामा सरकारमा रहेका दल र तिनका सम्पूर्ण नेतालाई हार्दिक बधाई छ । देशमा प्रजातन्त्र आएपछि के-के न हुन्छ भन्नेहरू अहिले किन मौन छन् ? प्रजातन्त्र भनेको के हो ? भ्रष्टाचारीलाई आममाफी दिनु नै प्रजातन्त्र हो ? संस्थागत रूपमा विकास भएको भ्रष्टाचार रोक्ने कसले ? ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई) ले यसअघि एसियामा सबैभन्दा बढी भ्रष्टाचार हुने देशको अग्रसूचीमा नेपाललाई सूचीकृत गरेको थियो । भ्रष्टाचारको त्यस्तो अग्रसूचीमा सूचीकृत हुँदा पनि नेपालका नेतालाई लाज लागेन । अब त सुधिनुपर्छ भन्ने सोच उनीहरूमा कहिल्यै आएन । जसरी भए पनि आफू र आफन्तले कमाउनैपरेको छ सबैलाई । जसका कारण भ्रष्टाचार चरम रूपमा बढ्दो छ । भ्रष्टाचारकै कारण देशको अर्थतन्त्र तहसनहस भइसक्यो । सरकारका प्रमुख तीन अंग मानिने न्यायापालिका, कार्यपालिका र व्यवस्थापिकालाई भ्रष्टाचारले भुत्ते बनाएको छ । भ्रष्टाचारीलाई सरकारले नै मलजल गरेर राखेको छ । प्रधानमन्त्री केपी शर्मा ओली भाषणमा पटक-पटक भ्रष्टाचारीको अनुहार पनि हेर्दिनँ भन्ने गर्छन् । तर उनका अघिपछि, दायाँबायाँ सबैतिर भ्रष्टाचारी नै देखिन्छन् । उनले जतिखेर पनि भ्रष्टाचारीलाई फाइदा पुग्ने नीति ल्याइरहेका छन्, आखिर किन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

मस्कको स्वामित्वपछि एक्समा बढ्दो द्वेष

साथीभाइ र परिवारजनबिच सम्पर्कमा रहनका लागि सिर्जना गरिएको एक्स प्लेटफर्म अहिले घृणास्पद सामग्रीको अखडा बन्दै गएको छ



देश/विदेश

● मिसेल जेन्सन

प्रविधि अर्बपति इलोन मस्कले सामाजिक सञ्जाल प्लेटफर्म एक्स खरिद गरेपछि कम्तीमा आठ महिनासम्म सो प्लेटफर्ममा द्वेषी अभिव्यक्ति निरन्तर रूपमा ५० प्रतिशतले बढेको नयाँ अनुसन्धानले देखाएको छ । अनुसन्धानले नश्लभेदी, समलिंगी द्वेषी र ट्रान्सफोबिक (ट्रान्सजेन्डर व्यक्तिप्रतिको द्वेष) गालीगलौजसहितको प्रत्यक्ष द्वेषी अभिव्यक्तिको व्यापकतालाई अध्ययन गरेको थियो । 'प्लोस वान'मा प्रकाशित यो अध्ययन क्यालिफोर्निया विश्वविद्यालय, बर्क्लीका डेनियल हिक्नी नेतृत्वको अनुसन्धान टोलीले सञ्चालन गरेको हो । अनुसन्धानले सुरुमा साथीभाइ र परिवारजनबिच सम्पर्कमा रहनका लागि सिर्जना गरिएको एक्स प्लेटफर्म अहिले कसरी घृणास्पद सामग्रीको अखडा बन्दै गएको छ, भन्ने कुरा स्पष्ट रूपमा देखाएको छ । यो निकै गम्भीर चिन्ताको विषय हो, किनभने अनलाइन द्वेषी अभिव्यक्तिको सम्बन्ध अफलाइन (भौतिक) हिंसात्मक घृणा अपराधसँग जोडिएको देखिन्छ ।

वाचाका लामा फेहरिस्त : २७ अक्टोबर २०२२ मा इलोन मस्कले एक्स (पहिले ट्विटर) लाई आधिकारिक रूपमा ४४ अर्ब अमेरिकी डलरमा खरिद गरेका थिए र यसको प्रमुख कार्यकारी अधिकारी बनेका थिए । उनले प्लेटफर्ममा द्वेषी अभिव्यक्ति कम गर्ने तथा बोट (गैरव्यक्तिगत स्वचालित एकाउन्ट) र अन्य नक्कली एकाउन्ट नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । तर, एक्स खरिद गरेपछि मस्कले एक्सको कन्टेन्ट (सामग्री) नियन्त्रण घटाउन धेरै परिवर्तन गरे । उदाहरणका लागि, नोभेम्बर २०२२ मा उनले कम्पनीका स्थायी कर्मचारीको ठुलो संख्यालाई सेवानिवृत्त गराए । उनले एक्समा दुरुपयोग अनुगमन गर्न आउटसोर्स गरिएका सामग्री नियन्त्रक (कन्टेन्ट मोडरेटर) लाई पनि हटाए, जबकि अनुसन्धानले उच्चस्तरको सामग्री (कन्टेन्ट) नियमन भएका सामाजिक सञ्जालमा द्वेषी भाष्य कम हुने देखाउँछ ।

पछिल्लो महिनामा मस्कले एक्सको गोपनीयता र सुरक्षासम्बन्धी परिषद् ट्रस्ट एन्ड सेफ्टी काउन्सिललाई पनि भंग गरे । यो परिषद् स्वतन्त्र मानव अधिकार अभियन्ता र प्राज्ञ सम्मिलित एक स्वयंसेवी सल्लाहकार समूह थियो, जुन सन् २०१६ मा एक्समा घृणास्पद भाषण र अन्य समस्याविरुद्ध लड्न गठन गरिएको थियो । यसअघिका अनुसन्धानले देखाएअनुसार मस्कले एक्सको नेतृत्व सम्हाल्नासाथ प्लेटफर्ममा द्वेषी अभिव्यक्तिमा वृद्धि भएको थियो । त्यसैगरी, विभिन्न प्रकारका बोटको संख्या पनि बढेको थियो । तर, यो नयाँ अध्ययनले यो अस्थायी घटनाक्रम मात्र नभई स्थायी प्रवृत्ति पनि हो भन्ने देखाएको छ ।

४० लाखभन्दा बढी पोस्टको अनुसन्धानको नतिजा : अध्ययनले सन् २०२२ को सुरुदेखि ९ जुन २०२३ सम्म एक्समा गरिएको ४७ लाख अंग्रेजी पोस्टको विश्लेषण गरेको थियो । यस अवधिमा मस्कले एक्स खरिद गर्नुभन्दा १० महिना अगाडिदेखि खरिद गरेपछि आठ महिनासम्मका पोस्ट समेटिएका थिए । अध्ययनले स्पष्ट रूपमा देखिने प्रत्यक्ष द्वेषी अभिव्यक्तिको मापन गरेको थियो । प्रत्यक्ष द्वेषी अभिव्यक्तिको अर्थ कुनै पनि पाठकले सजिलै बुझ्न सक्ने खालको घृणास्पद अभिव्यक्ति हो, जसमा कुनै पहिचान समूहलाई आक्रमण गर्ने वा विषाक्त भाषा प्रयोग गर्ने सामग्री समावेश हुन्छन् । तर, अध्ययनले परोक्ष घृणास्पद अभिव्यक्तिको मापन गरेको थिएन । यस्ता अभिव्यक्तिमा केही उग्रवादी समूहले घृणा फैलाउन प्रत्यक्ष अस्वीकार गर्न मिल्ने गुप्त सांकेतिक भाषा प्रयोग गर्ने प्रवृत्ति देखिन्छ ।

अध्ययनले एक्समा द्वेषी अभिव्यक्तिको मात्रासँगै प्रयोगकर्ताले तिनलाई कति लाइक गरे भनेर पनि मापन



तस्बिर : सटरस्टक

गरेको थियो । तर, अध्ययनकै क्रममा एक्सले नीतिमा परिवर्तन गर्दै यसका तथ्यांकमा दिइएको निःशुल्क प्राज्ञिक पहुँच हटाई भुक्तानी आवश्यक बनायो, जसले अनुसन्धानकर्ताको डेटा (तथ्यांक) संकलनलाई सीमित बनाइदियो । अनुसन्धातले यसले नतिजामा असर पऱ्यो कि परेन भन्ने उल्लेख गरेका छैनन् ।

द्वेषयुक्त अभिव्यक्तिमा प्रत्यक्ष वृद्धि : अध्ययनले मस्कले एक्स खरिद गरेपछि द्वेषी पोस्टको संख्या स्पष्ट रूपमा बढेको देखायो । विशेषतः द्वेषी पोस्ट ५० प्रतिशतले बढ्दै साप्ताहिक औसत दुई हजार एक सय ७९ बाट तीन हजार दुई सय ४६ पुगेको देखियो । ट्रान्सफोबिक गालीगलोजमा सबैभन्दा बढी वृद्धि देखियो, जसको औसत एक सय १५ पोस्टबाट चार सय १८ प्रतिसाता पुग्यो । मस्कको नेतृत्वमा यस्ता पोस्टसँग प्रयोगकर्ताको संलग्नता पनि बढ्यो, जसअनुसार लाइक गर्ने दर ७० प्रतिशतले वृद्धि भयो ।

अनुसन्धानकर्ताका अनुसार यी नतिजाले घृणास्पद सामग्री मेटाइएका छैनन्, द्वेषी प्रयोगकर्ता थप सक्रिय भएका छन्, एल्गोरिदमले अनजानमा यस्तो सामग्री प्रवर्द्धन गऱ्यो वा यी सबै भएको हो भन्ने संकेत गर्छ । अध्ययनले एक्समा नक्कली एकाउन्टको गतिविधिमा कुनै गिरावट भेटेको छैन । बरु बोट एकाउन्टको सम्भावित वृद्धि देखिएको छ, विशेषतः क्रिप्टोकरेन्सी प्रवर्द्धन गर्ने पोस्टमा भएको ठुलो वृद्धिका आधारमा भन्न सकिन्छ । र, यी प्रवर्द्धन प्रायः बोटसँग सम्बन्धित हुन्छन् ।

तथ्यांक उजागर गर्ने अध्ययन : अध्ययनमा केही सीमितता थिए । उदाहरणका लागि, यसले केवल अंग्रेजी भाषाका द्वेषी पोस्टको अध्ययन गरेको थियो, जुन एक्सका कुल पोस्टको ३१ प्रतिशत मात्र हो । तैपनि, यो अनुसन्धान एक्सको वर्तमान अवस्थाबारे तथ्यमा आधारित गहिरो विश्लेषण हो । यसले एक्स प्लेटफर्ममा द्वेषी सामग्री व्यापक रूपमा फैलिएको देखाउँछ । यसबाहेक मस्क द्वेषी अभिव्यक्ति र बोट गतिविधि नियन्त्रण गर्ने आफ्ना प्रतिबद्धता पूरा गर्न असफल भएको स्पष्ट हुन्छ । स्मरण रहोस्, स्वयं मस्कले पनि ह्वाइट हाउसमा यसै साता 'मेरा केही भनाइ गलत हुन सक्छन् र तिनलाई सच्याइनुपर्छ' भनेका थिए ।

(जेन्सन क्यानबेरा विश्वविद्यालयका शासन एवं नीति विश्लेषणका सह-प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

रुस-युक्रेन युद्ध अन्त्यका लागि ट्रम्पको रोडम्याप

युक्रेनलाई न नेटो सदस्यता, न सुरक्षा ग्यारेन्टी



● स्टिफन क्विलेन

क्विलेन ट्युनिसियामा रहेर फ्रिलान्सिङ पत्रकारिता गर्छन् ।

■ युक्रेन नेटोमा सामेल हुने बाटो लगभग बन्द

अमेरिकालाई मान्ने हो भने युक्रेन नेटो सदस्य बन्ने सम्भावना अब अन्त्य भएको छ । हेगसेथले स्पष्ट रूपमा भने कि अमेरिका 'वार्तामार्फत समाधान निकाल्ने हो भने युक्रेनको नेटो सदस्यता यथार्थपरक परिणाम हुनेमा विश्वास नगर्ने' बताए । जेलेन्स्कीले पनि 'द इकोनोमिस्ट'सँगको अन्तर्वार्तामा नेटोमा सामेल हुने विषय वार्तामा सामेल हुन नसक्ने अवस्था स्विकारेको देखिन्थ्यो, जहाँ उनले 'दोस्रो विकल्प' प्रस्ताव गरे । युक्रेन नेटो सदस्य बन्न नसके, उसले रुसको बराबर सेना बनाउनुपर्ने जेलेन्स्कीले सो अन्तर्वार्तामा भने । 'ठुलो आकारको सेना बनाउन हामीलाई हतियार र पैसा चाहिन्छ । र, हामी अमेरिकाले यसमा सहयोग गरिदियोस् भन्न चाहन्छौं,' जेलेन्स्कीले भने । उता, स्विडेनका रक्षामन्त्री पल जोन्सनले बिहीबार भविष्यमा नेटो सदस्यताका लागि आवश्यक सर्त पूरा गरेमा युक्रेनको सदस्यता खुला राख्नुपर्ने टिप्पणी गरे ।



संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले गत बुधबार (फेब्रुअरी १२) रुसी र युक्रेनी नेतासँग पालैपालो फोनवार्ता गरे । उनको सरकारको युक्रेनमा जारी युद्ध अन्त्य गर्ने योजनाअनुरूप यी फोनवार्ता भएको बताइयो । वार्तापछि पत्रकारसँग बोल्ने क्रममा ट्रम्पले उनका प्रमुख चुनावी प्रतिबद्धतामध्ये एक रहेको युक्रेन द्वन्द्व अन्त्य गर्न 'तुरुन्तै' वार्ता सुरु गर्ने बताए । त्यसपछि अमेरिकी रक्षामन्त्री पिट हेगसेथले युक्रेनको नेटो सदस्य बन्ने आकांक्षादेखि युद्धका प्रमुख मुद्दामा ट्रम्प प्रशासनको अडानलाई हालसम्म सबैभन्दा विस्तृत रूपमा प्रस्तुत गरे । नेटोका सदस्य मुलुकका रक्षमन्त्रीको ब्रसेल्समा भएको बैठकमा हेगसेथले उनको सरकारको अडान प्रस्तुत गरेका थिए । युक्रेन नेटो सदस्य बन्न नसक्नेदेखि युक्रेनको सन् २०१४ पूर्वका भूमि अब उसले फिर्ता नपाउनेसम्मका हेगसेथका भनाइले युरोपसमेत स्तब्ध बन्यो । यस्तो टिप्पणीले आगामी वार्तामा युक्रेनको अवस्थिति स्वतः कमजोर हुने तिनको भनाइ छ । ट्रम्पको फोनवार्तापछिका एक हप्तामा युक्रेन एकाएक एकदम कमजोर स्थितिमा पुगेको देखिएको छ । आफ्नो सबैभन्दा ठुलो एकल सहयोगी मुलुकले साथ छाडेपछि युक्रेन असहाय देखिएको छ । यस्तो लाग्न अब, ऊसँग गुमाउनेबाहेक कुनै विकल्प बाँकी छैन ।

पुटिन र जेलेन्स्कीसँग ट्रम्पले के भने ?

ट्रम्पका अनुसार पुटिनसँगको फोनवार्ता डेढ घण्टासम्म चलेको थियो । उनका अनुसार सो फोनकल 'अत्यन्त फलदायी' थियो र त्यहाँ पुटिनले युद्ध अन्त्य गर्ने चाहना व्यक्त गरे । 'हामी दुवै सहमत भएझैं, हामी रुस-युक्रेनबिचको युद्धमा खेर जाने लाखौं मृत्युलाई रोक्न चाहन्छौं,' ट्रम्पले ट्रुथ सोसल नामक सामाजिक खातामा गरेको पोस्टमा उल्लेख छ । 'राष्ट्रपति पुटिनले मेरो चुनावी अभियानको धेरै बलियो आर्दश वाक्य 'सामान्य चेत'समेत प्रयोग गरे । हामी दुवै यसमा धेरै दृढ विश्वास गर्छौं ।'

ट्रम्पले पछि पत्रकार भेटघाटमा उनी र पुटिनले 'निकट भविष्य'मै आमनेसामने भएर भेट्ने योजना बनाएको पनि जानकारी दिए । उनले भेट्ने सम्भावित स्थलका रूपमा साउदी अरबको नाम लिए । ट्रम्प-पुटिन फोनवार्ताले धेरै रुसमा ठुलो आशा जगाएको त्यहाँबाट रिपोर्टिङ गर्ने पश्चिमा मिडियाले नै लेखेका छन् । अल जजिराका लागि मस्कोबाट रिपोर्टिङ गर्ने क्रममा युलिया सापोभालोभाको ठम्याइमा युक्रेनमा युद्ध अन्त्य गर्ने वाचामा ट्रम्प सक्रिय रूपमा लागिपरेको आम मानिसमा विश्वास देखिएको छ । तथापि अमेरिका-रुस सम्बन्धमा कुनै न्यानो मोड आउनुअघि लामो बाटो तय गर्न बाँकी छ ।

ट्रम्पका अनुसार युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँगको उनको फोनवार्ता पनि 'धेरै राम्रो' रह्यो । उनका अनुसार फोनमा युक्रेनी राष्ट्रपतिले पनि 'शान्ति स्थापना गर्न' चाहेका छन् । फोनवार्ताको सार बताउने क्रममा जेलेन्स्कीले भने उनी र ट्रम्पबिच आर्थिक र सैन्य मुद्दामा 'धेरै ठोस' छलफल भयो । यस क्रममा युक्रेनको ड्रोन प्रयोगको विषय पनि नछुटेको उनले बताए । साथै आफूसँग ट्रम्पले पुटिनसँग भएको फोन संवादबारे अध्यावधिक गराएको जेलेन्स्कीको भनाइ थियो । 'हामी रुसी आक्रामकता रोक्न र भरपर्दो, दिगो शान्ति सुनिश्चित गर्न अमेरिकासँगको संयुक्त कदमलाई स्पष्ट गर्दै छौं,' जेलेन्स्कीले भने । तर, पछि ट्रम्पले जेलेन्स्कीका केही प्रमुख युद्ध उद्देश्यविपरीत टिप्पणी गरे । प्रेससँगको कुराकानीमा ट्रम्पले विगतमा रुसले कब्जा गरेको युक्रेनका सबै क्षेत्र फिर्ता हुने सम्भावना सकिएको मात्र बताएनन्, युक्रेन 'उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो)' को सदस्य हुने सम्भावनासमेत नरहेको बताइदिए ।

■ युरोपबाट सेना घटाउने, एसिया प्राशान्तमा बढाउने योजनाको हिस्सा

अमेरिकी रक्षामन्त्री पिट हेगसेथले ब्रसेल्समा नेटोका रक्षामन्त्रीसँगको भेटमा युक्रेन युद्धबारे उनको सरकारको विवरण सार्वजनिक गरे । उनले आफ्नो सरकारको युक्रेनको भावी सिमाना र प्रतिरक्षा प्रतिबद्धतासम्बन्धी विचार त्यहाँ खुलेर व्यक्त गरे । हेगसेथका अनुसार युक्रेनसम्बन्धमा ट्रम्पको अडान युद्धको अग्रमोर्चाको यथार्थमा आधारित छ । पछिल्लो समय रुसले धेरै भेगमा सफलता हासिल गर्दै युक्रेनी फौजलाई पछाडि धकेल्दै लगेको छ । हेगसेथले यो पनि स्पष्ट पारे कि उनको सरकार अहिले देशभित्र र एसिया प्रशान्त क्षेत्रमा आफ्नो ध्यान केन्द्रित गरिरहेको छ । यसैकारण उसले युरोपमा आफ्नो उपस्थिति घटाउनुपर्ने हुन्छ । 'हामी युद्धभूमिमा सहयोगीको सामर्थ्य हेरेर नै यो विनाशकारी युद्धको अन्त्य गरी दिगो शान्ति स्थापना गर्न चाहन्छौं,' हेगसेथले बुधबार युक्रेनलाई सैन्य रूपमा समर्थन गर्ने ५७ देशहरूको गठबन्धन 'युक्रेन डिफेन्स कन्ट्याक्ट ग्रुप'का सहयोगी सदस्यलाई भने ।

युक्रेनको गुमेको भूमि फिर्ता नहुने

यो कैयौं कुरामा निर्भर गर्छ । युक्रेनले वार्तामार्फत आफ्नो केही भूमि फिर्ता पाए पनि उसले सन् २०१४ भन्दा पहिलेको सिमानामा फर्कने आशा त्यागिदिनुपर्ने ट्रम्पले गत बुधबारको फोनवार्तापछि पत्रकारलाई भने । रुसले सन् २०१४ मा युक्रेनी भूमि क्रिमिया हत्याएको थियो । रुसले 'धेरै जमिन लिएको र तिनले त्यो जमिनको लागि धेरै सैनिक गुमाएको' ट्रम्पले त्यस वेला भनेका थिए । हेगसेथले ट्रम्पकै विचारलाई ब्रसेल्सको बैठकमा दोहोऱ्याए । युक्रेन अब सन् २०१४ अघिको स्थितिमा फर्किने 'भ्रामक लक्ष्य' भएको बताउँदै यस लक्ष्यको पछि लागियो भने 'युद्ध लम्बिने र पीडा थपिने' अवस्था मात्र हुने हेगसेथले भने ।

बाइडेन सरकारको अडान

जो बाइडेनको नेतृत्वमा अघिल्लो अमेरिकी सरकारका अडानमा 'यु-टर्न'जस्तो देखिएको छ । बाइडेनले युक्रेनलाई दर्सौं अर्ब डलरको सैन्य सहायता प्रदान गरेर रुसविरुद्धको युद्धमा पूर्ण रूपमा सघाएको थियो । साथै अमेरिकाले त्यति वेला युक्रेनलाई रूसविरुद्धको युद्ध जित लामो जान्छ, त्यति समयसम्म उसलाई समर्थन गर्ने वाचा गरेको थियो ।

विगतमा बइडेनको साथ सहयोग पाइन्जेल रुसलाई एक इन्च भूमि पनि नसुम्पने बताउँदै आएका जेलेन्स्की बदलिँदो अमेरिकी अडानमा चुपचाप अनुकूलन हुँदै गएको देखिन्छ ।

नोभेम्बरमा जेलेन्स्कीले आफूहरू 'क्राइमियालाई कूटनीतिक रूपमा फिर्ता ल्याउन' तयार रहेको बताएका थिए । जुन, खासमा सो क्षेत्रमाथिको वास्तविक रुसी नियन्त्रण स्वीकार गर्ने संकेत थियो । जेलेन्स्कीले हालै रुससँग 'जमिन साट्ने' प्रस्ताव पनि गरेका छन् । युक्रेनी सेनाले अहिले रुसको पश्चिमी कुर्स्क क्षेत्रका केही भाग कब्जा गरिरहेको छ । भूमि साटफेर भनेर उनको यसैतर्फ संकेत थियो ।

तथापि, क्रेमलिनले यस्तो आदानप्रदानलाई 'असम्भव' भनेर अस्वीकार गरिदिएको छ ।

युक्रेनको सुरक्षा ग्यारेन्टी हुनेछैन

जे भए पनि युक्रेनी भूमिमा अमेरिकी सेना नओर्लिने हेगसेथले भने । बरु युक्रेनको सुरक्षा 'सक्षम युरोपेली र गैरयुरोपेली सेना'ले हेर्न सक्ने उनले औंल्याए । तथापि, ती सेना शान्ति सेनाको रूपमा तैनाथ हुने नेटोको हिस्सा नहुने उनले बताए ।

जिम्मेवारी जति युरोपको काँधमा

लन्डनस्थित थिंक ट्यांक 'चथम हाउस'का वरिष्ठ परामर्शदाता केयर गिल्सका अनुसार हेगसेथको भनाइले अब युक्रेनलाई 'अमेरिका वा नेटोबाट प्रभावकारी रूपमा सुरक्षा ग्यारेन्टी हुने कुरालाई अस्वीकार गर्छ ।' हेगसेथले नेटो सहयोगी राष्ट्रहरूलाई रक्षा भार बढाउन पनि आह्वान गरे । त्यसमा रक्षा खर्च कुल गार्हस्थ्य उत्पादनको दुई प्रतिशतबाट पाँच प्रतिशतमा पुऱ्याउनुपर्ने माग पनि समावेश छ । 'युक्रेनले भविष्य पाउने सशस्त्र र गैरसैन्य सहायताको ठुलो हिस्सा युरोपले व्यहोर्नुपर्छ,' हेगसेथले भने ।

शुक्रबारदेखि सुरु भएका 'म्युनिख सुरक्षा सम्मेलन'मा बोल्ने क्रममा अमेरिकी उपराष्ट्रपति जेडी भान्सले युक्रेनको लगभग उल्लेख नै गरेनन् । सम्बोधनभरि उनले युरोपेली मुलुकमा बढ्दो सेन्सरसिपको केन्द्रित हुँदै उनीहरूप्रति आक्रोश पोखे । कार्यक्रमको छेउमा जेलेन्स्की र अन्य शीर्ष युक्रेनी अधिकारीले अमेरिकी उपराष्ट्रपति जेडी भान्स र विदेशमन्त्री मार्को रुबियोसँग भेट गरे । तथापि, त्यो भेटवार्ता जेलेन्स्कीले चाहेजस्तो फलदायी रहेन ।

अल जजिराबाट

युक्रेनविना साउदी अरबमा अमेरिका-रुस वार्ता सुरु

रियाद/ अमेरिका र रुसका उच्चस्तरीय कूटनीतिज्ञबिच मंगलबार साउदी अरबमा भेटवार्ता भयो । भेटमा दुई देशबिचको बिग्रिएको सम्बन्ध पुनर्स्थापित गर्ने र युक्रेन युद्ध अन्त्य गर्ने प्रयासको सुरुवात भएको जानकारी दिइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पदभार सम्हालेपछि दुई देशबिचको यो पहिलो उच्चस्तरीय बैठक हो ।

साउदी राजधानीको दिरियाह दरबारमा बिहान अमेरिका र रुसी कूटनीतिज्ञबिच बैठक सुरु भएको साउदी मिडियाले जानकारी दिएका थिए । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रियादमा भएका छलफलमा किभलाई निमन्त्रणा नगरिएको बताए ।

रुस-अमेरिकाबिच साउदी अरबमा वार्ता हुनुअघि युरोपेली नेताहरूले रुसप्रतिको ट्रम्पको आकस्मिक नरमताविरुद्ध कसरी अघि बढ्ने भन्ने छलफलका लागि सोमबार पेरिसमा भेटेका थिए । यस भेटले ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिचको सम्भावित शिखर सम्मेलनको सहजीकरण गर्ने दुई देशको विश्वास छ । रुस र अमेरिका दुवैले यो बैठकलाई सम्भावित रूपमा लामो प्रक्रियाको सुरुवातका रूपमा हेरेका छन् ।



ट्रम्पले युक्रेनमा तीन वर्षदेखि चलिरहेको संघर्षको द्रुत समाधानका लागि दबाब दिइरहेका छन् । युक्रेनी समाचार एजेन्सीका अनुसार किभलाई रियाद वार्ताबारे 'केही जानकारी दिइएको थिएन' । जेलेन्स्कीले युक्रेनसम्बन्धी शान्ति सम्झौताअन्तर्गत 'बलियो र विश्वसनीय' सुरक्षा प्रत्याभूति समावेश हुनुपर्ने जोड दिँदै आएका छन् । शान्ति सम्झौताअन्तर्गत युक्रेनले 'बलियो र विश्वसनीय' सुरक्षा प्रत्याभूति पाउनुपर्ने माग्दै फ्रान्स र बेलायतले समर्थन जनाएका छन् । तथापि, सबै युरोपेली शक्तिले यसमा समर्थन जनाएका छैनन् ।

बेइजिङले पनि अमेरिका-रुसको वार्ताको स्वागत गरेको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले युक्रेनमा 'शान्तितर्फका प्रयास'लाई स्वागत गर्दै 'एकै समयमा, हामी सबै पक्ष र सरोकारवालाले वार्तामा भाग लिन सक्ने आशा गरेको' टिप्पणी गरे । बैठकअघि रुसले पुटिन र ट्रम्प 'असामान्य सम्बन्ध'बाट अगाडि बढ्न चाहेको र यसमा युरोपेलीहरू किन सहभागी हुनुपर्‍यो भनेको थियो । युरोपले युक्रेनका विषयमा हुने वार्तामा आफूहरू र युक्रेनलाई सहभागी गराउनुपर्ने माग राखेको छ ।

रुसका विदेशमन्त्री सर्गेई लाभरोभ र पुटिनका वरिष्ठ सहयोगी युरी उसाकोभले अमेरिकी विदेशमन्त्री मार्को रुबियो, राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज र मध्यपूर्वका दूत स्टिभ विटकोफसँग भेटवार्ता गर्नेछन् । रुसी राष्ट्रपति कार्यालय क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले पत्रकारलाई वार्ता 'मुख्य रूपमा रुस-अमेरिकी सम्बन्धको सम्पूर्ण संरचना पुनर्स्थापनामा समर्पित' हुने बताए । वार्तामा 'युक्रेनी संकट समाधानका सम्भावित उपाय र दुई राष्ट्रपतिबिच भविष्यमा बैठक आयोजना गराउने विषयमा' छलफल हुने पेस्कोभले बताए ।

वर्षौंदेखि आफ्ना छिमेकी देशबाट नेटोको उपस्थिति फिर्ता गराउन प्रयास गरिरहेको मस्कोले युक्रेनको सम्भावित युद्धविराम मात्र नभई व्यापक सुरक्षा मुद्दामा अमेरिकासँग द्विपक्षीय वार्ता गर्न चाहेको स्पष्ट पारेको छ । सन् २०२२ फेब्रुअरीमा युक्रेनमाथि आक्रमण गर्नुअघि पुटिनले गेटोलाई पूर्वी युरोपका देशबाट आफ्ना सैनिक, उपकरण र आधार हटाउन माग गरेका थिए ।

विश्वमञ्चमा भारतको बढ्दो कद

'प्रधानमन्त्री महोदय, तपाईं महान् हुनुहुन्छ,' फेब्रुअरीमा प्रधानमन्त्री मोदीसँगको भेटपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका यी शब्दले उनीहरूको बलियो सम्बन्धलाई मात्र प्रतिबिम्बित गर्दैन, बरु प्रधानमन्त्रीको बढ्दो विश्वव्यापी कदलाई पनि जोड दिन्छ । भारत र अमेरिकाले जटिल व्यापार र शुल्क चुनौती सामना गर्दा मोदीले कूटनीतिक सम्बन्धलाई सुदृढ पार्दै र विश्वको सबैभन्दा शक्तिशाली नेतामध्ये एकको रूपमा आफ्नो हैसियत बनाउँदै अनुकूल सम्झौता सुरक्षित गर्ने अतुलनीय क्षमता प्रदर्शन गर्दै आएका छन् ।



प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतले प्रमुख आर्थिक र रणनीतिक प्राथमिकतालाई अगाडि बढाएर रणनीतिक रूपमा विश्वव्यापी मञ्चमा आफूलाई पुनर्स्थापित गरेको छ । आक्रामक रूपमा द्विपक्षीय व्यापार सम्झौता गर्दै उनको कूटनीतिले भारतलाई रणनीतिक महत्त्वको स्थितिमा पुऱ्याएको छ र कुनै पनि एकल बजारमा निर्भरता घटाएको छ । सन् २०२४ मा भारतको जिडिपी ४ ट्रिलियन डलर नाघेको (विश्वको पाँचौं ठुलो अर्थतन्त्रको रूपमा आफ्नो स्थान सुरक्षित गर्दै) थियो । सरकारले २०३० सम्ममा वैदेशिक व्यापारलाई दोब्बर गरी दुई खर्ब डलर पुऱ्याउने लक्ष्य राखेको छ । यो गतिलाई २०२४ मा ८५ अर्ब अमेरिकी डलर पुगेको कीर्तिमानी विदेशी प्रत्यक्ष लगानीले थप बलियो बनाएको छ ।

> ट्रम्पले पनि मोदीको वार्तालाप गर्ने क्षमतालाई स्वीकार गर्दै भने, 'उनी मभन्दा धेरै कडा र राम्रो वार्ताकार हुन् । उनको कुनै प्रतिस्पर्धी छैन ।' भारतले पछिल्लो समय आफ्नो आर्थिक, रक्षा र प्राविधिक क्षमतालाई बढावा दिन रुस, संयुक्त राज्य अमेरिका र प्रमुख वैश्विक खेलाडीसँग सम्बन्ध बलियो बनाएको छ ।

भारतीय उत्पादनमा अमेरिकी शुल्कको झट्का जस्तो लागे पनि घरेलु नवाचारलाई गति दिएर र भारतको औद्योगिक आधारलाई बलियो बनाएर दीर्घकालीन फाइदातर्फ अगाडि बढ्न सकिन्छ । राष्ट्रपति ट्रम्पले स्पष्ट पारेका छन् कि यो शुल्क व्यापक विश्वव्यापी रणनीतिको हिस्सा हो र भारतविरुद्ध दण्डात्मक उपाय होइन । अमेरिकी बजारमा पहुँच कम भएपछि, भारतीय उद्योगलाई प्रविधिको स्तरवृद्धि गर्न, उत्पादनको गुणस्तर सुधार्न र विश्वव्यापी रूपमा प्रतिस्पर्धी बन्न उत्पादनलाई सुव्यवस्थित बनाउन जोड दिइन्छ । यस चुनौतीले संरचनात्मक सुधारलाई उत्प्रेरित गर्न र स्थानीय उत्पादनमा लगानीलाई गति दिन सक्छ, जसका कारण अन्ततः भारतको दीर्घकालीन आर्थिक वृद्धि बढ्न सक्छ ।

विज्ञहरूले मोदीको कूटनीतिक कौशललाई व्यापक रूपमा स्वीकार गर्छन् । अमेरिकी प्रशासनमा सेवा गरेका शीर्ष अमेरिकी विश्लेषक एस्ले जे टेलिस र लिसा कर्टिसले पारस्परिक करको पृष्ठभूमिका बाबजुद राष्ट्रपति ट्रम्पसँगको वार्ता 'उत्कृष्ट रूपमा सफल' भएकोमा प्रधानमन्त्री मोदीको प्रशंसा गरे । ट्रम्पको कार्यालयमा पहिलो महिनाभित्र मोदीको भ्रमण एक प्रमुख अमेरिकी सहयोगीको रूपमा भारतलाई बलियो बनाउने रणनीतिक कदम भएको टेलिसले 'नोट' गरे ।

यो सम्बन्धलाई मोदीको शैलीमा ट्रम्पको मगा (मेक अमेरिका ग्रेट अगेन) नारामा एक नाटकमार्फत थप उदाहरण दिइएको थियो । मोदीले मिगा (मेक इन्डिया ग्रेट अगेन) शब्दको रचना गरे र अमेरिका र भारतले सहकार्य गर्दा मगा (एमएजिए) र मिगा (एमआइजिए) ले समृद्धिका लागि मेगा (एमइजिए) साझेदारी बनाउने बताए ।

प्रधानमन्त्री मोदीको हालसालैको कूटनीतिक संलग्नताले उनलाई यस्तो नेताको रूपमा देखाउँछ, जो वार्तालापमा निपूण मात्र होइन, रणनीतिक रूपमा भारतको विश्वव्यापी हैसियत उचाल्न सक्षम छन् । आर्थिक, रक्षा र प्राविधिक साझेदारी निर्माण गर्ने उनको क्षमतालाई थोरैले मात्र टक्कर दिन सक्छन् । राष्ट्रपति ट्रम्पले पनि मोदीको वार्तालाप गर्ने क्षमतालाई स्वीकार गर्दै भने, 'उनी मभन्दा धेरै कडा र राम्रो वार्ताकार हुन् । त्यहाँ कुनै प्रतिस्पर्धा छैन ।' प्रधानमन्त्री नरेन्द्र मोदीको बलियो कूटनीतिक दबाबले भारतले आतंकवादविरुद्धको लडाइँमा ठुलो सफलता हासिल गरेको छ । मोदीले विश्वव्यापी रूपमा आतंकवादी सुरक्षित आश्रयस्थल उन्मूलन गर्ने प्रतिबद्धता पूरा गरे, जुन विषय भारत र अमेरिकाले हस्ताक्षर गरेको संयुक्त विज्ञप्तिको मुख्य आकर्षण हो ।

मोदीको दृढ अडानको परिणामस्वरूप ट्रम्पले सन् २००८ को मुम्बई आतंकवादी हमलाका मुख्य अभियुक्त तहब्बुर राणाको सुपुर्दगीलाई आधिकारिक रूपमा अनुमोदन गरेका छन् । आतंकवादीलाई न्यायको कठघरमा उभ्याउने प्रयासमा यो भारतका लागि ठुलो कूटनीतिक विजय हो । भारतमा आक्रमणका लागि जिम्मेवार व्यक्तिलाई कारबाही गर्ने मोदीको अथक प्रयासलाई समर्थन गर्दै ट्रम्पले भविष्यमा थप सुपुर्दगी गर्ने संकेत पनि दिए ।

भारत र अमेरिकाबिचको मेगा साझेदारीको खुलासा हुँदा यो स्पष्ट छ कि मोदीले वर्तमानलाई मात्र आकार दिइरहेका छैनन्, बरु भारतको भविष्यलाई विश्वव्यापी शक्तिको रूपमा सुरक्षित गरिरहेका छन् ।

रुस-युक्रेन युद्ध र रुसी तेलमा लगाइएका पश्चिमी प्रतिबन्धका कारण विश्व ऊर्जा बजारले अभूतपूर्व चुनौतीको सामना गर्नुपर्दा अधिकांश देशले इन्धनको मूल्यवृद्धि र आपूर्ति अवरोधसँग संघर्ष गरे । यद्यपि, प्रधानमन्त्री मोदीको नेतृत्वमा भारतले बाधा अड्चन परास्त गऱ्यो र विश्वव्यापी तेल कूटनीतिमा रणनीतिक खेलाडीको रूपमा देखा पऱ्यो । एक व्यावहारिक र राष्ट्रिय हितको दृष्टिकोण अपनाएर मोदी सरकारले कुशलतापूर्वक रसियाली कच्चा तेल प्राप्त गऱ्यो । सबै पश्चिमी दबाबको प्रतिरोध गर्दै विविध ऊर्जा स्रोत र बलियो विश्वव्यापी साझेदारी कायम राख्यो ।

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले आफ्नो आर्थिक, रक्षा र प्राविधिक क्षमतालाई बढावा दिन रुस, संयुक्त राज्य अमेरिका र प्रमुख वैश्विक खेलाडीजस्ता राष्ट्रसँगको सम्बन्धको लाभ उठाउँदै आफ्नो अन्तर्राष्ट्रिय साझेदारीको रणनीतिक पुनर्संरचना देखेको छ । रुससँग भारतको लामो समयदेखिको सम्बन्ध विशेषगरी रक्षा र ऊर्जा क्षेत्रमा गहिरो छ । निरन्तर हतियार सम्झौताजस्तै उन्नत क्षेप्यास्त्र प्रणालीको खरिदले राष्ट्रिय सुरक्षा सशक्त बनाएको छ । यसबाहेक आणविक ऊर्जा र अन्तरिक्ष अन्वेषणमा सहकार्यले प्राविधिक आदानप्रदान र नवीनताका लागि नयाँ मार्ग खोलेको छ ।

यसका साथसाथै, भारतले संयुक्त राज्य अमेरिकासँग आफ्नो सम्बन्धलाई मजबुत बनाएको छ, जसले ऐतिहासिक रक्षा सम्झौता र प्रविधि हस्तान्तरण गरेको छ । सरकारले डिजिटल पूर्वाधार र नवाचारमा पनि प्रगति गरेको छ, जसले यसको विश्वव्यापी रणनीतिमा सन्तुलित दृष्टिकोण झल्काउँछ ।

एनडिटिभीका लागि भाजपा प्रवक्ता प्रदीप भण्डारीको लेख

इतिहासमा आज



सन् १९४२ : दोस्रो विश्वयुद्धका क्रममा अमेरिकाले जापानविरुद्ध युद्धको घोषणा गरेको सन्दर्भमा राष्ट्रपति फ्र्यांकलिन डी रुजबेल्टले सम्पूर्ण जापानी मूलका अमेरिकी नागरिकलाई देशको पश्चिमी किनारामा बनाइएका क्याम्पमा बन्द गर्ने आदेशमा हस्ताक्षर गरे ।

सन् १४७३ : सूर्यले पृथ्वलाई नभई पृथ्वीले सूर्यलाई परिक्रमा गर्छ भन्ने विचार ल्याउने पोलिस खगोलविद् निकालस कोपरनिकस आजै जन्मिएका थिए ।

सन् १८०७ : तत्कालीन अमेरिकी उपराष्ट्रपति आरोन बर देशद्रोहको मुद्दामा पक्राउ परे । उनलाई देशको पश्चिमी भेगलाई अलग गर्न खोजेको आरोप लागेको थियो । पछि उनी निर्दोष साबित भए ।

सन् १८६१ : रुसी जार एलेक्ज्यान्डर द्वितीयले देशबाट दासप्रथाको अन्त्य गरेर झन्डै दुई करोड ३० लाखभन्दा बढी मानिसलाई मुक्त गरे ।

सन् १८७८ : थोमस एल्बा एडिसनले संगीत रेकर्ड गरेर पुनः त्यसलाई बजाउन सक्ने पहिलो उपकरण **'फोनोग्राफ'को प्याटेन्ट हासिल गरे ।**

सन् १९१३ : मेक्सिकन जनरल भिक्टोरिआना हुयार्ताले अमेरिकाको सहयोगमा गरेको कुको दश दिनपछि अन्ततः आफैंलाई राष्ट्रपति घोषणा गरे ।

सन् १९६८ : चर्चित ब्रिटिस ब्यान्ड 'बिटल्स'का सदस्य तिनका श्रीमतीसहित दुई महिनाका लागि ऋषिकेशस्थित महाऋषि महेश योगीको आश्रममा ध्यानका लागि भारत आए ।

सन् १९७६ : विषम आर्थिक संकटका कारण ब्रिटेनले कल्याणकारी खर्चमा उलेख्य कटौती गऱ्यो । संकटबिच बेलायतले अर्थतन्त्र स्थिर बनाउन अन्तर्राष्ट्रिय मुद्रा कोषबाट वित्तीय ऋण लिने प्रयासमा यी कटौती गर्ने बाध्य भएको थियो ।

सन् २००७ : डेभिड कार्पले स्थापना गरेको माइक्रोब्लगिङ बेबसाइट 'टम्ब्लर' आजकै दिन सुरु भएको थियो ।

सन् २००८ : जापानी कम्पनी तोसिबाले 'एचडी डिभिडी प्लेयर' विकास तथा निर्माण बन्द गर्ने घोषणा गऱ्यो । योसँगै तोसिबाको डिभिडी र सोनीको ब्लुरे डिक्सबीचको प्रतिस्पर्धा अन्त्य भयो ।

संक्षेप

दुई करोड ६० लाख सुडानी युद्धको प्रभावमा

खार्तुम/ संयुक्त राष्ट्र संघले सुडानमा जारी द्वन्द्वका कारण देशभित्र र बाहिर प्रभावित करिब दुई करोड ६० लाख सुडानीलाई सहयोग गर्न ६ अर्ब अमेरिकी डलरको मानवीय अपिल गरेको छ । मानवीय मामिलाको समन्वयका लागि संयुक्त राष्ट्र संघको कार्यालय (ओसिएचए) ले सन् २०२५ सुडान मानवीय आवश्यकता र क्षेत्रीय शरणार्थी प्रतिक्रिया योजनाको घोषणा गऱ्यो । त्यसमा सुडानभित्रका लगभग २१ लाख मानिस र छिमेकी देशमा रहेका पाँच लाख शरणार्थीलाई सहयोग गर्न ६ अर्ब अमेरिकी डलर चाहिन्छ । 'सुडानले मानवीय आपत्कालको सामना गरिरहेको छ,' मानवीय मामिलाका लागि उप-महासचिव तथा आपत्कालीन राहत संयोजक टम फ्लेचरले भने । हिंसाबाट उम्केर छिमेकी देशमा पुगेका सुडानी शरणार्थीलाई पनि सहयोगको असाध्यै आवश्यकता छ ।

तालिबान प्रतिनिधिमण्डलको पहिलो जापान भ्रमण

काबुल/ तालिबान सरकारको एक प्रतिनिधिमण्डलले सोमबार पहिलोपटक जापानको भ्रमण गरेको छ । हालसम्म विश्वको कुनै देशले अनुमोदन नगरेको तालिबान सरकारसम्बद्ध अधिकारीले बिरलै देशबाहिर भ्रमण गर्ने गरेको पाइन्छ । उच्च शिक्षा, परराष्ट्र र अर्थ मन्त्रालयका अधिकारी सम्मिलित अफगान प्रतिनिधिमण्डल शनिबार काबुलबाट एक हप्ता लामो भ्रमणमा जापान गएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । 'हामी बलियो, एकताबद्ध, उन्नत, समृद्ध, विकसित अफगानिस्तानका लागि र अन्तर्राष्ट्रिय समुदायको सक्रिय सदस्य बन्नका लागि विश्वसँग सम्मानजनक अन्तर्क्रिया चाहन्छौं,' प्रतिनिधिमण्डलमा सहभागी अर्थ मन्त्रालयका उपमन्त्री लतिफ नजरीले शनिबार सामाजिक सञ्जाल एक्समा भने । तालिबान सरकारका अधिकारीले मध्य-एसिया, रुस र चीनलगायत छिमेकी र क्षेत्रीय मुलुकको नियमित भ्रमण गर्दै आए पनि ती मुलुकबाहेकका राष्ट्रमा बिरलै भ्रमण गर्ने गरेका छन् ।

तालिबान अधिकारीले यसअघि सन् २०२२ र सन् २०२३ मा नर्वेमा हुने कूटनीतिक शिखर सम्मेलनका लागि औपचारिक रूपमा युरोपको भ्रमण गरेको थियो ।

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार ७ फागुन ०८१

संक्षेप

३० मेगावाटको मध्यघुन्सा खोला जलविद्युत्को ग्रिड कनेक्सन सम्झौता



काठमाडौं/ ताप्लेजुङमा निर्माण हुने ३०.२४ मेगावाटको मध्यघुन्सा खोला जलविद्युत् आयोजनाको ग्रिड कनेक्सन सम्झौता सम्पन्न भएको छ। सोमबार आयोजनाको प्रवर्द्धक एटलस इनर्जी प्रालि र नेपाल विद्युत् प्राधिकरणबिच कनेक्सन एग्रिमेन्टमा हस्ताक्षर भएको हो। आयोजनाका अध्यक्ष पूर्णलाल श्रेष्ठ र नेपाल विद्युत् प्राधिकरणका निर्देशक कमल आचार्यले सम्झौतामा हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार मध्यघुन्सा खोला जलविद्युत्बाट उत्पादित विद्युत् प्राधिकरणको निर्माणाधीन २२०/१३२ केभी हाडपाङ सबस्टेसनमा जोडिने कम्पनीका निर्देशक तथा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का महासचिव बलराम खतिवडाले बताए। त्यसका लागि आयोजनाले साढे ६ किलोमिटर एक सय ३२ केभी सिंगल सर्किट प्रसारणलाइन निर्माण गर्नेछ। त्यसमा १३२/२२० केभिएको ट्रान्सफर्मर जडान गरी प्राधिकरणको प्रणालीमा दुई सय २० केभीमा विद्युत् प्रवाह गर्नेछ।

ताप्लेजुङको फक्तालुङ गाउँपालिकामा निर्माण हुने आयोजना सन् २०२६ मा निर्माण सुरु गरी सन् २०२९ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको आयोजना प्रमुख उज्ज्वल श्रेष्ठले जानकारी दिए। ग्रसहेड एक सय ५८ मिटर रहेको आयोजनाको डिजाइन डिस्चार्ज २२.६ रहेको छ। तीन किलोमिटर पहुँचमार्ग निर्माण गर्नुपर्ने आयोजनाको एक हजार सात सय ५० मिटर टनेल र दुई सय ५० मिटर पेनस्टक पाइप रहनेछ।

सिस्नेरी खानेपानी योजना तीव्रताका साथ अघि बढाइने

मकवानपुर/ सिस्नेरी खोला खानेपानी आयोजनालाई तीव्रताका साथ अघि बढाइने खानेपानीमन्त्री प्रदीप यादवले बताएका छन्। मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ३ स्थित सिस्नेरी खोलाको मुहान निरीक्षण गर्दै उनले यस्तो बताएका हुन्। योजना अघि बढाउन काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई निर्देशन दिइसकेको उनले बताए।

काठमाडौं उपत्यकावासीलाई बाह्रै महिना पानी वितरण गर्ने योजनाअनुसार सिस्नेरी खोला खानेपानी आयोजनाको कामलाई तीव्र रूपमा अघि बढाउन लागिएको उनको भनाइ छ। उनका अनुसार सिस्नेरी खोलामा बाँध निर्माण गरी पानी संकलन गरेर आयोजना सम्पन्न भएपछि दैनिक १३ देखि १४ करोड लिटर पानी ललितपुरको भैंसेपाटीस्थित सैंबु जलाशयमा पठाइनेछ।

उक्त जलाशयबाट पानी ललितपुर क्षेत्रभित्र वितरण गर्ने योजना रहेको उनले बताए। सिस्नेरी खोला खानेपानी योजना महत्त्वाकांक्षी आयोजना भएकाले यसलाई समयमै सम्पन्न गर्न संघीय, प्रदेश र स्थानीय सरकारको सहयोग अवश्य रहेको मन्त्री यादवको भनाइ छ। उनले खानेपानी योजनामा लगानीका लागि अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट वित्तीय तथा प्राविधिक सहयोग लिने स्पष्ट पारे।

आगामी आर्थिक वर्षको बजेटका लागि १९ खर्बको सिलिङ

चालू आर्थिक वर्षको खर्च र राजस्वको संशोधित अनुमानभन्दा करिब १२ प्रतिशतले बढी हुने गरी तोकियो सिलिङ

कार्यान्वयनयोग्य र यथार्थपरक बजेट बनोस् भन्ने चाहना हो

● **प्रा.डा. शिवराज अधिकारी**
उपाध्यक्ष, राष्ट्रिय योजना आयोग



चालू आर्थिक वर्षको संशोधित खर्च अनुमानभन्दा १०-१२ प्रतिशत मात्रैले बढी हुने गरी बजेट सिलिङ दिएका छौं, राजस्वको अनुमान पनि चालू आवको संशोधित अनुमानभन्दा १०-१२ प्रतिशतले मात्रै बढी हुने गरेका छौं। आगामी बजेट कार्यान्वयनयोग्य र यथार्थपरक बनोस् भन्ने चाहना हो। समितिले तथ्यांक विश्लेषण, वर्तमान परिदृश्य, भएका तथ्य र प्रमाण, प्रवृत्तिलगायतलाई विश्लेषण गरेर खर्च संरचना तयार पारेको जनाएको छ। जनतासँग जोडिएका, छिट्टै सम्पन्न हुने, एक-आपसमा अन्तरसम्बन्धित भएका, छिट्टै प्रतिफल दिने कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने गरी मार्गदर्शन बनाएका छौं।

कृष्ण रिजाल/नयाँ पत्रिका

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्षको बजेटका लागि १९ खर्ब रुपैयाँको सिलिङ दिएको छ। योजना आयोगका उपाध्यक्ष संयोजक रहने समितिले चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा साढे १२ प्रतिशत बढाएर बजेटको सिलिङ दिएको हो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवं राष्ट्रिय स्रोत अनुमान समितिका संयोजक प्रा.डा. शिवराज अधिकारीले मंगलबार अर्थ मन्त्रालयमा 'राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारणसम्बन्धी प्रतिवेदन, २०८१' पेस गरेका हुन्। यथार्थपरक बजेटका लागि स्रोत र खर्चको सीमा दिएको उनले बताए।

'हामीले यस वर्ष यथार्थपरक बजेट बनोस् भनेर सोहीअनुसार स्रोत र खर्चको सीमा अर्थ मन्त्रालयलाई दिएका छौं,' उनले भने, 'चालू आर्थिक वर्षको संशोधित खर्च अनुमानभन्दा १०-१२ प्रतिशत मात्रैले बढी हुने गरी बजेट सिलिङ दिएका छौं, राजस्वको अनुमान पनि चालू आवको संशोधित अनुमानभन्दा १०-१२ प्रतिशतले मात्रै बढी हुने गरेका छौं।'

बाढीपहिरोबाट क्षति भएका २६ वटा आयोजना पुनर्निर्माणका लागि अर्थ मन्त्रालयको सहमति



काठमाडौं/ अर्थ मन्त्रालयले गत असोज दोस्रो साता गएको बाढीपहिरोबाट क्षति भएका सडक तथा पुल गरी २६ वटा आयोजना पुनर्निर्माणका लागि १८ अर्ब ८८ करोड रुपैयाँको स्रोत सहमति प्रदान गरेको छ। उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मंगलबार आयोजनाहरू पुनर्निर्माणका लागि स्रोत सहमति प्रदान गर्ने निर्णय गरेका हुन्। २६ वटा आयोजनामा १३ वटा सडक र १३ वटा पुल पुनर्निर्माणसँग सम्बन्धित रहेका छन्। सडक पुनर्निर्माणमा बिपी राजमार्ग, मेची राजमार्ग, अरनिको राजमार्ग, कान्ति राजमार्गसहित १३ वटा आयोजना छन्।

त्यसैगरी, अर्थ मन्त्रालयले जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाहरूको पुनर्निर्माण अघि बढाउन अस्थायी कार्यालय स्थापनाका साथै दरबन्दी सिर्जना गर्न राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सहमति प्रदान गरेको छ।

सरकारले अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, ०७६ संशोधन गर्दै स्रोत समितिले बजेटको सिलिङ ७ फागुनभित्रै अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुसार समितिले अर्थ मन्त्रालयमा सिलिङ र आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नेसम्बन्धी मार्गदर्शन पठाएको हो। अब यसकै आधारमा अर्थ मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तयार गरी १५ फागुनभित्र मन्त्रालयहरूमा पठाउनेछ।

यअसघि योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा चालू आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनुपर्ने व्यवस्था थियो। तर, अध्यादेशमार्फत यस व्यवस्थालाई संशोधन गरेर ७ फागुनभित्र अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। सरकारले चालू आर्थिक वर्षका लागि १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याइएको थियो। तर, सात महिनाभन्दा बढी समय बितिसक्दासमेत ४१.५१ प्रतिशत अर्थात् सात खर्ब २६ अर्ब ७२ करोड रुपैयाँ मात्रै खर्च गर्न सकेको छ। खर्च गर्न नसकेपछि सरकारले चालू आवमा १६ खर्ब ९२ अर्ब ७३ करोड ३५ लाख खर्च हुने संशोधित अनुमान छ। तर, संशोधित खर्च अनुमानभन्दा पनि दुई खर्ब सात अर्ब २७ करोड रुपैयाँले बढी हुने गरी सिलिङ दिएको हो। त्यस्तै, सरकारले चालू आवमा १४ खर्ब १९ अर्ब ३० करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो। तर, हालसम्म ४५.८६ प्रतिशत अर्थात् ६ खर्ब ५० अर्ब ९४ करोड रुपैयाँ मात्रै राजस्व संकलन भएको छ। सरकारले राजस्व संकलन लक्ष्यअनुसार हुन नसकेपछि अनुमान घटाएको छ। चालू आवमा १२ खर्ब ८६ अर्ब ९८ करोड रुपैयाँ राजस्व संकलन गर्ने सरकारको संशोधित अनुमान छ। स्रोत समितिले आगामी वर्ष चालू आवको संशोधित अनुमानभन्दा साढे चार खर्बले बढी हुने गरी १४ खर्ब ३० अर्ब हाराहारी राजस्व संकलन हुने अनुमान गरेको छ। तर, उपाध्यक्षले भने स्रोत र खर्च सीमालाई सकेसम्म वास्तविक हुने गरी बनाइएको बताए।

■ स्रोतको अनुमान र खर्च सीमा

स्रोत अनुमान समितिले आवधिक योजनामा आधारित भएर आगामी तीन आर्थिक वर्षका लागि संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान र खर्च सीमा निर्धारण गरेको छ। स्रोत समितिले चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा १०-१२ प्रतिशतले बढी हुने गरी राजस्वको अनुमान र खर्चको सीमा निर्धारण गरेको छ। समितिले तथ्यांक विश्लेषण, वर्तमान परिदृश्य, भएका तथ्य र प्रमाण, प्रवृत्तिलगायतलाई विश्लेषण गरेर खर्च संरचना तयार पारेको जनाएको छ। छिट्टै प्रतिफल दिने कार्यक्रम र परियोजनालाई मुख्य प्राथमिकता दिएर आगामी वर्षको आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नेसम्बन्धी मार्गदर्शन निर्धारण गरिएको उपाध्यक्ष अधिकारीले बताए। 'जनतासँग जोडिएका, एक-आपसमा अन्तरसम्बन्धित भएका, छिट्टै सम्पन्न हुने, छिट्टै प्रतिफल दिने कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ सोहीअनुसार हामीले मार्गदर्शन बनाएका छौं,' उनले भने, 'बजेटलाई यथार्थपरक र कार्यान्वयनयोग्य बनाउने हाम्रो प्रयास हो, आगामी दिनमा सोहीअनुसार आफ्नो इनपुट दिनेछौं।' यस वर्ष आयोगले परियोजनाहरू एक-अर्कामा अन्तरसम्बन्धित हुनुपर्ने, विरोधाभास भएकालाई न्यूनीकरण गर्नेलगायतमा जोड दिएको उनले बताए।



बाढीका कारण ५९.३८%ले घट्यो निर्जीवन बिमाको नाफा

जीवन बिमा कम्पनीको नाफामा भने वृद्धि

मिलन विश्वकर्मा/नयाँ पत्रिका

१०-१२ असोजको बाढीपहिरोले दाबी बढाएपछि चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो ६ महिनामा निर्जीवन बिमा कम्पनीहरूको नाफा ५९.३८ प्रतिशतले घटेको छ। हाल सञ्चालनमा रहेका १४ निर्जीवन बिमा कम्पनीले गत आवको पहिलो ६ महिनामा तीन अर्ब नौ करोड ७८ लाख २८ हजार रुपैयाँ खुद नाफा कमाएका थिए। तर, चालू आवको पहिलो ६ महिनामा भने एक अर्ब २५ करोड ८४ लाख ४५ हजार मात्रै नाफा कमाएका छन्। त्यसमा पनि दुई कम्पनी घाटामा देखिएका छन्।

बिमा कम्पनीले बुधबारसम्म सार्वजनिक गरेको दोस्रो त्रैमासिक वित्तीय विवरणले यस्तो देखाएको हो। त्यसमा दुई कम्पनी घाटामा नै देखिएका छन्। समीक्षा अवधिमा दी ओरियन्ट इन्स्योरेन्स १९ करोड ७५ लाख ४१ हजार रुपैयाँ र नेसनल इन्स्योरेनस ३६ करोड ९८ लाख ६८ हजार रुपैयाँले घाटामा छन्। यीबाहेक १२ कम्पनी नाफामा छन्। तर, अधिकांशको नाफामा गिरावट आएको वित्तीय विवरणले देखाएको छ।

सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत चंकी क्षेत्रीले पछिल्लो बाढीपहिरोकै कारण नाफा प्रभावित भएको बताए। 'यसै पनि बैंकको ब्याजदर घटेपछि बिमा कम्पनीहरूले मुद्दती निक्षेपबाट गर्ने आम्दानी घटेको छ। त्यसमाथि १०-१२ असोजको बाढीबाट क्षतिग्रस्त भएका क्षेत्रबाट अर्बौं रुपैयाँको दाबी परेको छ। त्यसमा हामीले भुक्तानी दिन सुरु गरेका छौं। साथै, भुक्तानी दिन बाँकी दायित्वबापत पनि निश्चित रकम प्रोभिजनिङ गरेर राखेका छौं,' उनले भने, 'त्यसले गर्दा यसपालि नाफा प्रभावित भएको छ। यो वर्ष नाफा बढ्ने सम्भावना एकदमै न्यून छ।'

बाढीका कारण निर्जीवन बिमा कम्पनीहरूमा १२ अर्ब ७८ करोड २४ लाख रुपैयाँको दाबी परेको छ। त्यसमा हालसम्म दुई अर्ब ५० करोड २० लाख रुपैयाँ भुक्तानी भइसकेको छ। बाँकी भुक्तानीबापत कम्पनीहरूले आवश्यक रकम प्रोभिजनिङ गरेर राखेका छन्। प्राविधिकबाट क्षति मूल्यांकन गर्दै दाबी भुक्तानी दिने काम निरन्तर भइरहेको कम्पनीह बताउँछन्।

नाफा कमाउने मामिलामा पहिलो नम्बरमा राष्ट्रिय बिमा कम्पनी देखिएको छ। यो कम्पनीले यो ६ महिनामा ३४ करोड ६६ लाख ८८ हजार नाफा कमाएको छ। यसैगरी, शिखरले २५ करोड ७३ लाख, सिद्धार्थ प्रिमियरले २२ करोड ५० लाख, हिमालयन एभरेस्टले १५ करोड ९८ लाख, नेकोले १५ करोड ६० लाख, आइजिआई प्रुडेन्सियलले १४ करोड ३० लाख र सानिमा जिआइसीले १२ करोड १६ लाख रुपैयाँ नाफा कमाएका छन्।

यसैगरी, प्रभुले १२ करोड, नेपाल इन्स्योरेन्सले आठ करोड ६० लाख, एनएलजीले सात करोड ४५ लाख, युनाटेड अजोडले ६ करोड ९६ लाख र सगरमाथा लुम्बिनीले ६ करोड ५८ लाख रुपैयाँ नाफा कमाएका छन्।



लघु निर्जीवन बिमा कम्पनीको नाफा ३६.२७ लाख

समीक्षा अवधिमा चार निर्जीवन लुघबिमा कम्पनीको नाफा भने ३६ लाख २७ हजार रुपैयाँ रहेको छ। त्यसमा स्टार माइक्रोले १४ लाख ४५ हजार, ट्रस्ट माइक्रोले १२ लाख पाँच हजार, प्रोटेक्टिभ माइक्रोले सात लाख ३४ हजार र नेपाल माइक्रोले दुई लाख ४३ हजार रुपैयाँ नाफा कमाएका छन्।

जीवन बिमा कम्पनीको नाफामा भने वृद्धि

समीक्षा अवधिमा जीवन बिमा कम्पनीको नाफामा भने १४.८४ प्रतिशतको वृद्धि देखिएको छ। जीवन बिमातर्फ पनि १४ कम्पनी सञ्चालनमा छन्। त्यसमा गत आवको पहिलो ६ महिनामा उनीहरूले तीन अर्ब तीन करोड ७२ लाख रुपैयाँ खुद नाफा कमाएका थिए। चालू आवको ६ महिनामा भने तीन अर्ब ४८ करोड ८२ लाख रुपैयाँ नाफा कमाएका छन्। बिमांकीय मूल्यांकनपछि कम्पनीको नाफा थप बढ्न सक्नेछ। बिमांकीय मूल्यांकनका क्रममा बिमांकीले बिमा कोषमा भएको १० प्रतिशतसम्म रकम नाफा-नोक्सान खातामा सार्न सक्नेछन्।

समीक्षा अवधिमा नेपाल लाइफले सबैभन्दा धेरै ४६ करोड ८१ लाख नाफा कमाएको छ। यसैगरी, हिमालयन लाइफले ३७ करोड ६२ लाख, रिलायबल नेपाल लाइफले ३५ करोड तीन लाख, सन नेपाल लाइफले २८ करोड २२ लाख, नेसनल लाइफले २७ करोड ९१ लाख, आइएमई लाइफले २६ करोड ७८ लाख, एसियन लाइफले २५ करोड तीन लाख, सानिमा रिलायन्सले २३ करोड १६ लाख र सिटिजन्स लाइफले २३ करोड नौ लाख रुपैयाँ नाफा कमाएका छन्।

यसैगरी, मेट लाइफले २२ करोड २५ लाख, सूर्यज्योति लाइफले १९ करोड ६१ लाख, प्रभु महालक्ष्मीले १८ करोड २५ लाख र एलआइसी नेपालले १४ करोड १८ लाख खुद नाफा कमाएका छन्। यस्तै, राष्ट्रिय जीवन बिमा कम्पनीले ८० लाख ६५ हजार रुपैयाँ नाफा कमाएको छ।

जीवन लघुबिमा कम्पनीको नाफा २.१४ करोड

समीक्षा अवधिमा जीवन लघुबिमा कम्पनीले भने दुई करोड १४ लाख ५२ हजार रुपैयाँ नाफा कमाएका छन्। त्यसमा गार्डियन माइक्रो लाइफले एक करोड १५ लाख ८३ हजार, लिबर्ट्री माइक्रो लाइफले ५८ लाख ५२ हजार रुपैयाँ र क्रेस्ट माइक्रो लाइफले ४० लाख १७ हजार रुपैयाँ नाफा कमाएका छन्।

बाढी प्रभावित क्षेत्रका महिला वैकल्पिक कृषिखेतीतर्फ

कञ्चनपुर/ कञ्चनपुरस्थित महाकाली नदी तटीय बाढी प्रभावित क्षेत्रका स्थानीय महिला वैकल्पिक कृषिखेतीतर्फ आकर्षित भएका छन्। भीमदत्त नगरपालिका- १३, पिपरैया, सुनाह टोलका महिला किसान वैकल्पिक कृषिखेतीतर्फ उन्मुख भएका हुन्। चुरे भएर बग्ने भुजेला खोला महाकाली नदीमा ठोक्किदा गाउँतिर उर्लिएर डुबानमा पर्दै आएका छन्।

भीमदत्त नपा- १३, पिपरैयाकी पवित्रा कुँवरले तीन कट्ठा जमिनमा विषादीरहित तरकारी खेती गरेकी छिन। उनले निड्स नेपालबाट सहयोग पाएपछि विषादीरहित तरकारी खेती गरेको बताइन्। 'हामीले टनेल निर्माण पनि गरेका छौं,' उनले भनिन्, 'यो हाम्रो प्रांगारिक मल हालेर उत्पादन गरिएको तरकारी हो।' बर्सातमा अन्नबाली बाढीले प्रभावित गर्न थालेपछि हिउँदमा तरकारी खेती गरेको उनले बताइन्।

अर्की स्थानीय भानुदेवी सुनारले महाकाली नदीमा प्राकृतिक रूपमा उम्रिएको पटेरोबाट विभिन्न आकारका बिछ्यौना बनाएर बिक्री-वितरण गर्दै आएकी छिन्। 'हामीले उत्पादन गरेको फिना तीन-चार सय रुपैयाँमा बिक्री-वितरण गर्दै आएका छौं, 'उनले भनिन्, 'बाढीले अन्नबाली नष्ट गरिदिन्छ, त्यही फिना बेचेर घरखर्च चलेको छ।'

सोनाह टोलका अनिता सुनार, गीता सुनार र मनीषा सुनारले सामूहिक ड्रागन खेती गरेका छन्। बर्सातका वेला अन्नबाली महाकाली नदीको बाढीले नष्ट गरिदिएपछि आफूहरूले व्यावसायिक फलफूल खेती गरेको अनिताले बताइन्। 'हाम्रो यहाँ बाढी लाग्छ, बाढीले धानलगायतका अन्नबाली नष्ट गरिदिन्छ, उनले भनिन्, 'यो ड्रागन खेती सिमेन्टका पोलको उँचो भागमा फल्छ, बाढी प्रभावित भए पनि सुरक्षित हुन्छ ।' उनले निड्स नेपालबाट ६ लाख २० हजारबराबरको भौतिक सामग्री, बिउबिजन दिएपछि ड्रागन खेती गरेको बताइन्। रामानुज महिला सशक्तीकरण केन्द्रकी संयोजक सीमा सुनारले बाढीबाट बाँच्नका लागि गाउँका अधिकांश महिला व्यावसायिक तरकारी, फलफूलमा उन्मुख भएको बताइन्।

जलविद्युत् कम्पनीको आइपिओ प्रक्रिया सरल बनाउन माग

नयाँ पत्रिका

जलविद्युत् आयोजनाको प्राथमिक सेयर र हकप्रद सेयर निष्कासनमा सरकारले सहजीकरण गर्न सरोकारवालाले माग गरेका छन्। नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले मंगलबार आयोजना गरेको कार्यक्रममा वक्ताहरूले जलविद्युत् कम्पनीहरूको सेयर निष्कासनमा राज्यले सहजीकरण गर्नुपर्ने बताएका हुन्।

सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। आवश्यक पूर्वाधार निर्माणसमेत गरेर त्यो लक्ष्य पूरा गर्न साढे ४६ अर्ब डलर लगानी आवश्यक देखिएको छ।

अहिले नेपाल धितोपत्र बोर्डमा ४२ कम्पनीको १८ अर्ब ३१ करोड ३३ लाख ८३ हजार रुपैयाँबराबरका १७ करोड ९० लाख ६१ हजार एक सय ९१ कित्ता आइपिओ स्वीकृतिको पर्खाइमा छन्। १८ महिनादेखि जलविद्युत् कम्पनीले आइपिओ निष्कासनको अनुमति पाउन सकेका छैनन्।

आइपिओ निष्कासन रोकिँदा जलविद्युत् विकासमै नकारात्मक प्रभाव परेको इप्पान कार्यसमिति सदस्य सुमन जोशीले बताइन्। जलविद्युत्मा लगानी र सेयर व्यवस्थापनमा देखिएका चुनौतीको विषयमा कार्यपत्र प्रस्तुत गर्दै आइपिओ निष्कासन रोकिँदा समस्या भइरहेको बताइन्। 'आइपिओ निष्कासन गर्न नसक्दा बैंक तथा वित्तीय संस्थाले पनि ऋण प्रवाह गर्न रोक्ने गरेका छन्। त्यसले परियोजना निर्माण कार्यलाई प्रभावित बनाएको छ,' उनले भनिन्। यस्तै, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)का अध्यक्ष गणेश कार्कीले जलविद्युत् उत्पादकलाई हात बाँधेर राखिदिएको बताए। १५ खर्ब लगानी भएको जलविद्युत् क्षेत्र अहिले अन्योलको अवस्थामा पुगिसकेको उनको भनाइ छ। जलविद्युत् कम्पनीलाई सेयर निष्कासनमा सहजीकरण गरिदिनुपर्ने पनि उनको माग छ।

सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले निजी क्षेत्रलाई प्रवर्द्धन गर्न सहयोग गरिने बताए। जलविद्युत् कम्पनीको आइपिओ रोकिएको विषयमा वादविवादभन्दा पनि समाधान गर्नुपर्ने उनको भनाइ छ। सार्वजनिक लेखा समितिले यसअघि गरेको निर्णयबारे पुनः छलफल गरी समाधान गर्न सकिने पनि उनले बताए। नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले प्राथमिक सेयर निष्कासन हुन नसक्दा जलविद्युत् कम्पनीलाई समस्या भएको स्वीकार गरे। सार्वजनिक लेखा समितिले गरेको निर्णयबारे पुनः छलफल हुने उनको भनाइ छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सर्वसाधारणको लगानीबाटै जलविद्युत् क्षेत्रको विकास सम्भव भएको बताए। आइपिओमा लगानीगर्दा जोखिम हुने भए पनि आवश्यक नियमन गरी सेयर खोल्नुपर्ने उनको भनाइ छ। विभिन्न बाहनामा आइपिओ निष्कासन नै रोक्न नहुने उनले बताए। यस्तै, २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्य पूरा गर्न प्राधिकरण आवश्यकताअनुसार विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुल्ने उनको भनाइ छ।

विद्युतीय व्यापार विधेयक प्रतिनिधिसभाबाट पारित

नयाँ पत्रिका

इन्टरनेटका माध्यमबाट हुने व्यापारलाई नियमन गर्न बनेको विद्युतीय व्यापार (इ-कमर्स) विधेयक प्रतिनिधिसभाबाट सर्वसम्मत पारित भएको छ। प्रतिनिधिसभाको मंगलबार बसेको बैठकले उद्योग समितिको प्रतिवेदनमा दफाबार छलफल गर्दै विधेयक पारित गरेको हो।

उद्योगमन्त्री दामोदर भण्डारीले विधेयक निर्णयार्थ प्रस्तुत गरेका थिए। १२ असार ०८० मा राष्ट्रिय सभामा दर्ता भएको विधेयक १६ कात्तिकमा पारित भएर सन्देशसहित प्रतिनिधिसभामा आएको थियो। झन्डै १६ महिनापछि प्रतिनिधिसभाबाट पनि संशोधनसहित विधेयक पारित भएको छ। दुवै सभाबाट पारित भएको विधेयक राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनका रूपमा कार्यान्वयनमा आउनेछ।

विधेयकअनुसार अब कम्पनी दर्ता नगरी अनलाइन व्यापार गर्न पाइनेछैन। प्रचलित कानुनबमोजिम दर्ता भई वस्तु वा सेवाको व्यापार गर्न अनुमति प्राप्त गरेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऐनको अधीनमा रही विद्युतीय व्यापार गर्न सक्ने व्यवस्था गरिएको छ। विद्युतीय व्यापार गर्ने प्रत्येक व्यवसायीले विद्युतीय प्लेटफर्म स्थापना गर्नुपर्ने हुन्छ।

अनलाइन व्यापार गर्नेले विद्युतीय प्लेटफर्म स्थापना नगरी विद्युतीय व्यापार गरेमा, सूचीकरण गरी व्यवसाय सञ्चालन गरेमा र वस्तु वा सेवासम्बन्धी विवरण नखुलाई विद्युतीय व्यापार गरेमा निरीक्षण अधिकृतले १० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ। यस्तै, यदि मध्यस्थ व्यवसायीको दायित्व, सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायीको दायित्व र विक्रेताको दायित्व पूरा नगरेमा वा दायित्व उल्लंघन हुने कुनै काम गरेमा दुई वर्षदेखि तीन वर्षसम्म कैद वा तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना अथवा दुवै सजाय हुने व्यवस्था गरिएको छ।



जेल सजायको व्यवस्थाबारे संसदेदेखि सम्बन्धित सरोकारवाला र विज्ञहरूले आलोचना गरेका छन्। यसले अनलाइन व्यवसायलाई प्रोत्साहित गर्नेभन्दा निरुत्साहित गर्ने सांसदहरू शिशिर खनाल र मनीष झाको ठम्याइ छ। विद्युतीय विधेयकमार्फत उल्टै इ-कमर्सलाई नियन्त्रण गर्न खोजेको जस्तो देखिएको सांसद र सरोकारवालाको गुनासो छ। इ-कमर्स विधेयकमार्फत विद्युतीय व्यापारलाई व्यवस्थित बनाउने र वैधानिकता दिइने काम हुनेछ। अब उपभोक्ता ठगिए-नठगिएकोबारे अनुगमन र नियमन हुने भएको छ। यस्तै, अनलाइन प्लेटफर्मका उपभोक्ताको गुनासो सुन्ने व्यवस्था पनि व्यवसायीले गर्नुपर्ने भएको छ। अनलाइन व्यवसायीले वस्तु तथा सेवाबारे क्रेतालगायतका सम्बन्धित पक्षलाई विस्तृत जानकारी गराउनुपर्नेछ। विद्युतीय व्यापार गर्दा वस्तु तथा सेवाको कारोबार भुक्तानीलाई व्यवस्थित गरिएको छ। अनलाइनमार्फत खरिद गरेको कुनै पनि वस्तु वा सेवा क्रेताले माग गरेबमोजिम नभएमा निजले व्यवसायीलाई फिर्ता गर्न सक्ने प्रावधानसहित उपभोक्ताको संरक्षण गर्न खोजिएको छ।

विद्युतीय व्यापारको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्युतीय प्लेटफर्म खडा गरी क्रेता र विक्रेताबिचमा विद्युतीय व्यापार गर्ने मध्यस्त व्यवसायीलाई जिम्मेवार बनाइनेछ। नेपालमा विद्युतीय व्यापारका माध्यमबाट वस्तु तथा सेवाको खरिद-बिक्री बढ्दो क्रममा रहेकाले विद्युतीय माध्यमबाट हुने कारोबारलाई नियमन गर्न तथा व्यवस्थित र विश्वसनीय बनाउँदै प्रवर्द्धन गर्न विद्युतीय व्यापारसम्बन्धी ऐन आवश्यक भएको भन्दै तत्कालीन उद्योगमन्त्री रमेश रिजालले विधेयक दर्ता गरेका थिए।

'विद्युतीय व्यापार प्रवर्द्धनका माध्यमबाट मुलुकमा रोजगारी सिर्जना, वस्तु तथा सेवाको सहज आपूर्ति, निर्यात प्रवर्द्धन तथा लघु, घरेलु, साना तथा मझौला उद्योगको उत्पादन अभिवृद्धि गर्न सकिने अवस्था रहेको छ। कानुनी व्यवस्थाको अभावमा विद्युतीय माध्यमद्वारा सञ्चालन गरिने व्यापारको व्यवस्थापन गर्न कठिनाइ भएको छ,' रिजालले भने, 'तसर्थ सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकाले विधेयक ल्याएको हो।'

सार्वजनिक ऋण २६ खर्ब नाघ्यो

सात महिनायता सार्वजनिक ऋण पौन दुई खर्बले बढेको हो

मीनराज बसन्त/नयाँ पत्रिका



सरकारले तिर्न बाँकी सार्वजनिक ऋण २६ खर्ब रुपैयाँ नाघेको छ। चालू आर्थिक वर्षको सुरुमा २४ खर्ब ३४ अर्ब नौ करोड रुपैयाँबराबर रहेको कुल सार्वजनिक ऋण माघ मसान्तसम्म आइपुग्दा एक खर्ब ७६ अर्ब ९६ करोडले वृद्धि भई २६ खर्ब ११ अर्ब ६ करोड रुपैयाँ पुगेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक छ। यो कुल गार्हस्थ्य उत्पादनको ४५.७७ प्रतिशतबराबर हो।

चालू आवको सात महिनामा सरकारले आन्तरिकतर्फ दुई खर्ब २९ अर्ब १५ करोड र बाह्यतर्फ ६१ अर्ब ४२ करोड ऋण प्राप्त गरेको छ। त्यस्तै, आन्तरिकतर्फ एक खर्ब २७ अर्ब २४ करोड र बाह्यतर्फ २२ अर्ब ९६ करोड ऋण भुक्तानी गरेको छ। विनिमय दरमा भएको परिवर्तनले ३६ अर्ब ५९ करोड ऋण दायित्व बढाएको छ। माघ मसान्तसम्ममा सरकारले तिर्न बाँकी आन्तरिक ऋण १२ खर्ब ८२ अर्ब ८१ करोड र बाह्य ऋण १३ खर्ब २८ अर्ब २५ करोड पुगको छ। कुल ऋणमा वैदेशिक ऋणको हिस्सा ५०.८७ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४९.१३ प्रतिशत रहेको छ। सरकारले चालू आर्थिक वर्षमा कुल पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ। जसमा माघ मसान्तसम्म दुई खर्ब ९० अर्ब ५७ करोड प्राप्ति भएको छ। जुन वार्षिक लक्ष्यको तुलनामा ५३.१२ प्रतिशत हो।

■ **माघ मसान्तसम्मको सार्वजनिक ऋणको प्राप्ति, भुक्तानी र दायित्व (रु. करोडमा)**

विवरण	असारसम्मको तिर्न बाँकी ऋण	चालू आवको ७ महिनाको प्राप्ति	चालू आवको ७ महिनाको भुक्तानी	विनिमय दरबाट हुने नाफा-नोक्सान	तिर्न बाँकी ऋण
आन्तरिक ऋण	११८०९०	२२९१५	१२७२४	०	१२८२८१
बाह्य ऋण	१२५३१९	६१४२	२२९६	-३६५९	१३२८२५
कुल ऋण	२४३४०९	२९०५७	१५०२०	-३६५९	२६११०६

यस वर्ष तीन खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालनको लक्ष्य लिइएकोमा माघ मसान्तसम्ममा ६९.४४ प्रतिशत अर्थात् दुई खर्ब २९ अर्ब पाँच करोड उठाइएको छ। त्यस्तै, दुई खर्ब १७ अर्ब बाह्य ऋण परिचालनको लक्ष्य लिइएकोमा २८.३१ प्रतिशत अर्थात् ६१ अर्ब ४२ करोड उठाएको छ। वार्षिक लक्ष्यअनुसार सरकारले बाँकी पाँच महिनामा एक खर्ब ८४ करोड आन्तरिक र एक खर्ब ५५ अर्ब ९७ करोड बाह्य गरी कुल दुई खर्ब ५६ अर्ब ४२ करोड रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्न सक्नेछ।

ऋण सेवामा पौने दुई खर्ब खर्च

ऋण सेवा खर्चमा चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा माघ मसान्तसम्ममा एक खर्ब ८८ अर्ब ७५ करोड भुक्तानी भएको कार्यालयले उल्लेख गरेको छ। जुन ऋण सेवा खर्चतर्फको कुल वार्षिक विनियोजनको ४६.८५ प्रतिशत हो। ऋण सेवामा भएको खर्च कुल गार्हस्थ्य उत्पादनको ३.३१ प्रतिशतबराबर हुन पुगेको कार्यालयले उल्लेख गरेको छ।

तीन हप्तादेखि तुम्लिङटार विमानस्थलमा उडान अवरुद्ध

संखुवासभामा **नवीन गुरुङ**



संखुवासभाको एक मात्रै तुम्लिङटार विमानस्थलमा बाक्लो हुस्सु र तुवाँलोले करिब तीन हप्तादेखि उडान अवरुद्ध भएको छ। गत माघ १५ देखि नै लगातार हुस्सु र तुवाँलोका कारण जहाज अवतरण गर्न नसकेको हो।

जहाज उडानका लागि पर्याप्त भिजिबिलिटी नभएपछि करिब तीन हप्तादेखि जहाज आउन नसकेको बुद्ध एयरलाइन्स तुम्लिङटारका स्टेसन म्यानेजर रामकुमार लुइँटेलले बताए। उनले जहाज आउनका लागि कम्ती तीन हजारदेखि पाँच हजार मिटरको भिजिबिलिटी खुल्नुपर्ने बताउँदै बाक्लो हुस्सु र तुवाँलोले डाँडाकाँडा नै नदेखिने गरी ढाकिएको बताए। 'डाँडाकाँडावरपर बाक्लो हुस्सु लागेको छ। बर्सात् र हावाहुरी चले मात्रै मौसम खुल्छ र जहाज आउन सक्छ। नत्र यसै भन्न सकिने अवस्था छैन,' लुइँटेलले भने।

यहाँ हुस्सु र तुवाँलोले विमानस्थलनजिकैका डाँडाकाँडा ढाकेको छ। करिब तीन हप्तादेखि जहाज नआउँदा यात्रु अलपत्र परेका छन्। संखुवासभा हिमाली तथा पहाडी जिल्ला भएकाले सडक यातायातको प्रभावकारी सुविधा छैन। खाँदबारीदेखि धरान-विराटनगरसमेत आधाभन्दा बढी भाग कच्ची सडकको यात्रा गर्नुपर्छ।

जिल्लामा ठुला अस्पताल र शैक्षिक संघ-संस्था नहुँदा धरान, विराटनगर वा काठमाडौं नै धाउनुपर्ने बाध्यता छ। तर, नियमित उडान नभएपछि यसको प्रभाव सबै क्षेत्रमा परेको छ।

संखुवासभाका साथै छिमेकी जिल्ला भोजपुरका षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकालगायत आधाभन्दा बढी भागका मानिसलाई तुम्लिङटारबाटै विराटनगर र काठमाडौं जान नजिक पर्छ। यद्यपि, नियमित सेवा नपाउँदा यात्रु मर्कामा परेका छन्।

हाल विमानस्थलमा निजी कम्पनी बुद्ध एयरको एटिआर ७२ सिटे जहाजले दैनिक उडान गर्दै आएको छ। यसअघि गुण एयरलाइन्स सञ्चालनमा रहे पनि अहिले बन्द छ। नेपाल वायुसेवा निगमको जहाजले तुम्लिङटार उडान गर्न बन्द गरेको लामो समय भइसकेको छ।

रसायनमुक्त कृषिका लागि कञ्चनपुरमा गँड्यौलाबाट प्रांगारिक मल उत्पादन सुरु

भीमदत्त- १९, बागफाँटास्थित त्रिवेणी टोल विपत् व्यवस्थापन समितिले रसायनयुक्त मलको प्रयोगले मानव स्वास्थ्यमा असर पारेकाले गँड्यौला पालेर प्रांगारिक मल उत्पादन थालेको जनाएको छ

कञ्चनपुरमा **मोहन विष्ट**



कञ्चनपुरको भीमदत्त नगरपालिका- १९, बागफाँटामा गँड्यौलाबाट प्रांगारिक मल उत्पादन

कञ्चनपुरको भीमदत्त नगरपालिका- १९, बागफाँटामा गँड्यौलाबाट प्रांगारिक मल उत्पादन सुरु गरिएको छ। त्रिवेणी टोल विपत् व्यवस्थापन समितिले गँड्यौलाबाट प्रांगारिक मल उत्पादन गरेको हो। समितिका अध्यक्ष सरस्वती चन्द (सिंह)ले गाउँमा रसायनमुक्त कृषिका लागि प्रांगारिक मल उत्पादन गरिएको बताइन्। 'अन्नबालीमा रसायनयुक्त मलको प्रयोगले मानव स्वास्थ्यमा समेत असर परेको छ,' उनले भनिन्, 'त्यही भएर हामीले गँड्यौला पालेर प्रांगारिक मल उत्पादन गरिरहेका छौं।

उक्त बागफाँटामा गाईपालनका लागि खोर निर्माणसँगै उत्पादन गरिएको जैविक मल स्थानीयस्तरदेखि अन्य माग भएका स्थानमा बिक्री-वितरण गरिने पनि अध्यक्ष चन्दले बताइन्। गत असोजमा जैविक मल उत्पादनकै लागि त्रिवेणीधाममा गौशाला निर्माणको कार्य सुरुवात गरिएको थियो।

सिद्धवैजनाथ त्रिवेणी धामका अध्यक्ष मिलन सिंहले छाडा पशु चौपायाको व्यवस्थापनसहित जैविक मल उत्पादन गरेर स्थानीयस्तरमा रोजगारी सिर्जना साथै मानव स्वास्थ्यका लागि रसायनमुक्त खेतबारी बनाउने अभियान रहेको बताए। उनका अनुसार भीमदत्त नगरपालिका, स्थानीय सरकार र निड्स नेपालको सहयोगमा गँड्यौला मल उत्पादन सुरु गरिएको बताए।

'छेउमै चौधर नदी छ, बर्सातका वेला नदी कटानीले विपत् निम्त्याउँछ,' उनले भने, 'यसको पनि समयमै व्यवस्थापन नभए यत्रो ठुलो योजना विफल हुन्छ, त्यसका लागि चौधर नदीको कटानी नियन्त्रण आवश्यक छ।' मल उत्पादन सुरु भइरहेको बताउँदै उनले अहिले नै १० क्विन्टलको अर्डर आएको बताए। तरकारीदेखिका अन्य अन्नबालीको उत्पादन वृद्धिका लागि प्रांगारिक मल अत्यन्तै उपयोगी भएको उनले बताए। 'यो हाम्रो योजना बहुउपयोगी छ,' उनले भने, 'यसबाट किसानदेखि व्यवसायी सबैलाई लाभै-लाभ हुन्छ।'

निड्स नेपाल स्कोट आर- ३ परियोजना संयोजक ईश्वर उपाध्यायले गँड्यौलाबाट जैविक मल उत्पादनका लागि आठ लाखबराबरको आर्थिक सहयोग एवं प्राविधिक सहयोग गरेको बताए। विपत् जोखिम रहेका बस्तीका स्थानीयको जीवनस्तर वृद्धि एवं स्थानीयस्तरमै रहेका स्रोत-साधनको उपभोग गरेर आत्मनिर्भर बनाउन सहयोग गरेको बताए। गत असोज दोस्रो साता भीमदत्त नगरकी उपप्रमुख नीलम लेखकले उक्त गौशालाको शिलान्यास गर्दै छाडा पशु चौपाया नियन्त्रण गरेर गाईपालनदेखि जैविक मल उत्पादनका लागि पालिकाबाट आवश्यक सहयोग गर्ने बताएकी थिइन्।

शनिबार कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले उक्त गौशालाको स्थलगत अनुगमन गर्दै स्थानीयस्तरबाटै कृषिका कार्यक्रममा अग्रसरता देखाउँदै स्वदेशमै सम्भावनाको खोजी गर्नुपर्ने बताए। चौधर नदी नियन्त्रणका लागि प्रजिअ सापकोटाले सम्बन्धित सरोकारवालासँग छलफल गरेर समयमै तटबन्ध निर्माण गर्दै विपत्बाट जोगाउने प्रतिबद्धता जनाएका छन्।

१२ फागुनदेखि औद्योगिक व्यापार महोत्सव

कञ्चनपुर/ १२ फागुनदेखि कञ्चनपुर महेन्द्रनगर खुला मञ्चमा सुदूरपश्चिम प्रदेशस्तरीय औद्योगिक व्यापार मेला तथा कञ्चनपुर पर्यटन महोत्सव हुने भएको छ। कञ्चनपुर उद्योग वाणिज्य संघको आयोजनामा भीमदत्त नगरपालिका- ४, महेन्द्रनगर खुलामञ्चमा सुदूरपश्चिम प्रदेशस्तरीय 'औद्योगिक व्यापार मेला तथा कञ्चनपुर पर्यटन महोत्सव ०८१' हुने भएको हो।

'कृषि, उत्पादन र स्वरोजगार आर्थिक समृद्धिका आधार' भन्ने मूल नाराका साथ वाणिज्य संघले यसपटक १६औं संस्करणअन्तर्गत महोत्सव आयोजना गरिएको आयोजकले जनाएको छ। संघले अढाई दशकदेखि महोत्सव आयोजना गर्दै आएको छ। वाणिज्य संघको तथ्यांकअनुसार ०५७ देखि नियमित रूपमा महोत्सव सञ्चालन गर्दै आएको छ। कञ्चनपुर उद्योग वाणिज्य संघका महासचिव खगेश्वर बोहराले भने, 'हामीले कोरोना महामारीका वेलामा मात्रै मेला सञ्चालन गर्न सकेनौं, 'यसबिचमा दुईपटक अन्तर्राष्ट्रिय इन्डो नेपाल व्यापार मेलासमेत गरिसकेका छौं, तेस्रोपटकको पनि तयारीमा छौं।'

महासचिव बोहराले १० दिनसम्म सञ्चालन हुने महोत्सवमा तीन सय स्टलमा लघु उद्यम, अटो, कृषि, गार्मेन्टका उत्पादन, वैकल्पिक ऊर्जा, पर्यटन प्रवर्द्धन, गुणस्तरीय दैनिक उपभोग्य सामग्री, कृषि औजार, सूचना प्रविधि, विद्युतीय सामग्री, शिक्षा, स्वास्थ्य क्षेत्रका सेवाहरू प्रदर्शन गरिनेछन्। मनोरञ्जनका लागि बाल उद्यान राखिनेछ। यसका साथै सुदूरपश्चिम प्रदेशको लोक-संस्कृति खानाका परिकारसमेत प्रदर्शन गरिनेछन्। 'यसपटक हामीले थारू समुदायको संस्कृति खाद्य परिकार प्रवर्द्धनका छुट्टै 'थारू गाउँ' बनाएर खाने परिकार, संस्कृति-कला प्रदर्शन गर्छौं,' महासचिव बोहराले भने, 'यो महोत्सवको मुख्य आकर्षण पनि हुनेछ।'



कञ्चनपुर उद्योग वाणिज्य संघका अध्यक्ष पीताम्बर जोशीले स्थानीय वस्तु तथा सेवाको बजारीकरणका लागि महोत्सव आयोजना गरिएको बताए। अध्यक्ष जोशीका अनुसार कृषि, लघु उद्यमसहितका वस्तु तथा सेवाको प्रचारप्रसार गर्ने उद्देश्यका साथ महोत्सवको लक्ष्य रहेको छ।

केबुलकार बनाउन माग गर्दै ताप्लेजुङमा स्थानीयको प्रदर्शन

काठमाडौं/ ताप्लेजुङको प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरसम्म आमतीर्थयात्री तथा पर्यटकको सहज पहुँचका लागि निर्माणाधीन केबुलकारमा जिल्लाबाहिरका केही व्यक्तिहरूले अवरोध गर्न खोजेको भन्दै मंगलबार जिल्ला सदरमुकाम फुङलिङ बजारमा बहत् जनप्रदर्शन गरिएको छ।

स्थानीय केबुलकारको पक्षमा रहेको, ताप्लेजुङको विकास रोक्न बाहिरी र असम्बन्धित व्यक्तिहरू लागेको भन्दै आक्रोशित स्थानीयले छिटो केबुलकार निर्माण गर्न पाथीभरा देवी केबुलकार कम्पनीलाई आग्रह गरेका छन्। उनीहरूले लगानीमैत्री वातावरण सिर्जना गर्न सरकारलाई आग्रह गर्दै विभिन्न प्लेकार्ड र ब्यानरसहित प्रदर्शन गरेका हुन्।

भूलसुधार गरिएको सूचना

मिति २०८१/१०/२९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Invitation for Bids शिर्षकको सूचनामा सूचना प्रकाशित मिति २०८१/१०/२९ गते हुनुपर्नेमा अन्यथा भएकोले भुलसूधार गरिएको छ ।

Madhesh Province
Ministry of Forest and Environment
Forest Research and Training Center
Sagarnath, Sarlahi, Madhesh Province

कर्पोरेट

'एनएमबि हाइब्रिड फन्ड एल-२' को इकाइमा बिहीबारसम्म आवेदन दिन सकिने

काठमाडौं/ एनएमबि क्यापिटलले माघ २४ गतेदेखि निष्कासन तथा बिक्री खुला गरेको सामूहिक लगानी कोष 'एनएमबि हाइब्रिड फन्ड एल-२' को इकाइ खरिदका लागि बिहीबारसम्म आवेदन दिन सकिनेछ। फन्ड आकारलाई केही ठुलो बनाउन आवेदन दिने समय बिहीबारसम्मका लागि थप गरिएको क्यापिटलले जनाएको छ।

क्यापिटलले प्रतिइकाइ १० रुपैयाँ अंकित दरमा एक अर्ब २० करोड रुपैयाँबराबरको १२ करोड इकाइ बिक्रीमा ल्याएको छ। एनएमबि म्युचुअल फन्डअन्तर्गत सञ्चालन हुने 'एनएमबि हाइब्रिड फन्ड एल-२' दशवर्षे बन्दमुखी योजना हो। फन्डले १५ प्रतिशत अर्थात् एक करोड ६८ लाख इकाइ कोष प्रवर्द्धक कम्पनी एनएमबि बैंकलाई र १ प्रतिशत अर्थात् १२ लाख इकाइ योजना व्यवस्थापकलाई सुरक्षित गरी बाँकी रहेको १० करोड २० लाख इकाइ सर्वसाधारणलाई बिक्री खुला गरेको हो।

उक्त फन्डमा न्यूनतम १०० देखि एक करोड २० लाख इकाइसम्म अर्थात् प्रतिइकाइ १० रुपैयाँका दरले एक हजारदेखि १२ करोड रुपैयाँसम्मको आवेदन दिन पाउने व्यवस्था गरिएको छ। म्युचुअल फन्ड निष्कासनका लागि गराएको रेटिङमा क्रेडिट रेटिङ संस्था इक्रा नेपालले कोष प्रवर्द्धकलाई इक्राएनपी-आइआर, ए माइनस प्रदान गरेको छ भने योजना व्यवस्थापकलाई इक्राएनपी एमसी क्वालिटी-२ रेटिङ प्रदान गरेको छ।

कर्पोरेट बास्केटबल सिजन-२ को शीर्ष प्रायोजक भाटभटेनी

काठमाडौं/ गेटसेटगेम एरोस सोलुसन प्रालिको खेल व्यवस्थापन शाखाले भाटभटेनी सुपरमार्केट श्री बाई श्री कर्पोरेट बास्केटबल प्रतियोगिता घोषणा गरेको छ। प्रतियोगिता १७-१८ फागुनसम्म मम्बा स्पोर्टस् सेन्टर, काठमाडौंमा आयोजना हुँदै छ।

१६ कर्पोरेट टोलीहरू लिग-कम-नकआउट ढाँचामा प्रतिस्पर्धा गर्दै उपाधि जित्न मैदानमा उत्रनेछन्। गत वर्षका विजेता इजी सर्भिसेज र उपविजेता भाटभटेनी सुपरमार्केट पुनः आफ्नो उपाधि बचाउन फर्कँदै छन्। एरोसले सबै कर्पोरेट संस्थाहरूलाई टिम दर्ता गर्न आह्वान गरेको छ। टिम दर्ता फेब्रुअरी २४ सम्म गर्न सकिनेछ। यो प्रतियोगिता कर्पोरेट जगत्मा खेल भावना र मित्रता प्रवर्द्धन गर्ने उत्कृष्ट प्लेटफर्म हुने आयोजकको भनाइ छ।

गोकर्णेश्वर नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
जोरपाटी, काठमाडौं

मिति २०८१ माघ ३० गते नयाँ पत्रिकामा प्रकाशित सूचनामा संसोधन गरिएको सम्बन्धमा

सङ्कल्प विद्याश्रम निजी शैक्षिक गुठी, गोकर्णेश्वर ९ ले विद्यालयको गुठीयारहरू श्री नारायण प्रसाद नेपाल, का.म.न.पा ७, काठमाडौं, श्री मनोज कुमार ढुङ्गाना, गोकर्णेश्वर ८, काठमाडौं, श्री कृष्ण प्रसाद पौडेल, गोकर्णेश्वर ६, काठमाडौं, श्री डोल प्रसाद लामिछाने, साविक नाङ्लेभोर ७, काठमाडौं, श्री राजेन्द्र भण्डारी, गोकर्णेश्वर २, काठमाडौं समेत ५ जनाको नाममा रहेकोमा निज गुठियारहरूले राजिनामा दिई अवउप्रान्त श्री कृपेश लोहनी, का.म.न.पा. २९, काठमाडौं, श्री विशाल थापा क्षेत्री, सा.वि.क. का.म.न.पा ३३, काठमाडौं, श्री कृपा लोहनी, का.म.न.पा. ३२, काठमाडौं, श्री राम बस्नेत, का.म.न.पा ५, काठमाडौं, श्री शितल राणा, सा.वि.क. का.म.न.पा. ३३, काठमाडौं समेत ५ जनाको नाममा कायम हुनेगरी गुठियार परिवर्तन गर्ने तथा विद्यालयको स्थान गोकर्णेश्वर ९, काठमाडौंबाट गोकर्णेश्वर ५, काठमाडौं कायम गर्ने हुनुपर्नेमा अन्यथा भएको हुँदा भुलसुधार गरी संसोधित सूचना पुनः प्रकाशन गरिएको छ।

भोलिदेखि भृकुटीमण्डपमा नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी



काठमाडौं/ नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनीको १०औं संस्करण बिहीबारदेखि सुरु हुँदै छ। मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरएक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपमा आयोजना गर्न लागेको यो प्रदर्शनी ८ देखि ११ फागुनसम्म भृकुटीमण्डप, काठमाडौंमा चल्नेछ।

प्रदर्शनीमा विभिन्न देशका तीन सयभन्दा बढी प्रख्यात ब्रान्डका डेढ सयभन्दा बढी स्टल रहनेछन्। निर्माणसम्बन्धी उद्योग, कम्पनी, डिलर तथा सबडिलर र विक्रेताले निर्माण व्यवसायसँग सम्बन्धित उत्पादनबारे जानकारी गराउने प्रदर्शनी र स्टल रहने आयोजकको भनाइ छ। उक्त प्रदर्शनीमा निर्माण सामग्री तथा उपकरण, केमिकल्स, युपिभिसी फ्यालढोका, आर्किटेक्चरल हार्डवेयर, बाथरुम फिटिङ पाइप, टायल्स, कंक्रिट ब्लकलगायत उत्पादक कम्पनीले सहभागिता जनाउनेछन्। प्रदर्शनीले नेपालमा उत्पादन भइरहेका सामग्री र प्रविधिलाई पनि अन्तर्राष्ट्रिय बजारसम्म लैजान सहयोग पुग्ने आयोजकले विश्वास लिएको छ।

आयोजकका अनुसार निर्माण क्षेत्रमा काम गरिरहेका नेपालका दिग्गज आर्किटेक्ट, इन्जिनियर, कन्ट्र्याक्टर, बिल्डर, इन्टेरियर डिजाइनरहरूको समेत उल्लेख्य सहभागिता रहनेछ। निजी घर बनाउन चाहने, व्यापारिक कम्प्लेक्स, व्यावसायिक भवन बनाउने व्यक्ति तथा संस्थाको पनि उपस्थिति रहनेछ। चार दिनसम्म चल्ने प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ।

विद्यालयलाई एसबिआई बैंकको शैक्षिक सामग्री



काठमाडौं/ नेपाल एसबिआई बैंकले विद्यालयलाई शैक्षिक सामग्री प्रदान गरेको छ। बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विराटनगर महानगरपालिका- ७, मोरङस्थित आदर्श बालिका माध्यमिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीलाई स्कुल ब्याग तथा शैक्षिक सामग्री प्रदान गरेको हो।

बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका सदस्यलाई एक कार्यक्रमबिच उक्त सामग्री हस्तान्तरण गरेका थिए। सामग्री हस्तान्तरण कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत राजेशकुमार पंडा, प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख कर्जा अधिकृत अर्जुन नेपाल, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत रितेश अर्याल र बैंक तथा स्कुल समितिका अन्य उच्च पदाधिकारी तथा शिक्षकहरूको उपस्थिति रहेको थियो। बैंकले देशभरका एक सय शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, एक सय २३ एटिएमबाट वित्तीय सेवा दिँदै आएको छ।

कपास विकास समिति
(Cotton Development Board)
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)
कपास विकास समिति (गठन) आदेश २०३७ बमोजिम स्थापित
प्रधान कार्यलय खजुरा, बाँके

रेशा कपास र प्रशोधित तथा अप्रशोधित बियाँ बिक्री गर्ने सम्बन्धि बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८१/११/०७

विगत आ.ब.मा उत्पादित बीउ सहितको कपास प्रशोधन गरी प्राप्त भएको उच्च गुणस्तरको **रेशा कपास र कपासको अप्रशोधित तथा प्रशोधित बियाँ** यस समितिले तोकेको न्यूनतम दररेटमा नघट्ने गरी बोलपत्रको माध्यमबाट बिक्री गर्न यो सूचना प्रकाशित गरिएको छ। आ.ब. २०८०/०८१ को कर चुक्ता एवम् बोलपत्र खरिदकर्ताको कम्पनीको कागजपत्रहरू, भ्याट दर्ता समेत यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम (पछि फिर्ता नहुने गरी) रु.३,०००।- नगद तिरी समितिको प्रधान कार्यालय खजुराबाट खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नु पर्ने छ र दर्ता हुन आएका बोलपत्र सोही दिनको ३:०० बजे प्रधान कार्यालय खजुरामा खोलिने छन्। थप जानकारीको लागि कार्यालय, समय भित्र सम्पर्क राख्न सकिने छ।

तपसिल

क्र.सं.	सामानको विवरण	बिक्री परिमाण	इकाई	न्यूनतम दर प्रति किलो ग्राम रु.
१	रेशा कपास ए ग्रेड	७०००.०	किलोग्राम	३००।-
२	कपासको अप्रशोधित बीउ	२७६३०.०	किलोग्राम	५७।-
३	कपासको प्रशोधित बीउ	१७०५.०	किलोग्राम	७०।-

कपास विकास समिति
प्रधान कार्यालय, खजुरा
फोन नं. ०८१-५६००८२, मो.न. ५८४७८४०७०७

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

■ आइसिसी च्याम्पियन्स ट्रफी आजदेखि

१६ वर्षपछि पाकिस्तानमा ठुलो क्रिकेट प्रतियोगिता

सन् २००९ मा लाहोरको गद्दाफी रंगशालाबाट बाहिरिने क्रममा श्रीलंकाली खेलाडी सवार बसमाथि १२ आतंककारीले अन्धाधुन्ध गोली चलाएका थिए। ६ प्रहरी तथा दुई सर्वसाधारण मारिएको घटनापछि आइसिसीले पाकिस्तानलाई अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न प्रतिबन्ध लगाएको थियो।

एजेन्सी

सन् २००९ मा लाहोरको गद्दाफी रंगशालाबाट बाहिरिने क्रममा श्रीलंकाली खेलाडी सवार बसमाथि १२ जना आतंकवादीहरूले अन्धाधुन्ध गोली प्रहार गरेका थिए। आतंकारीको आक्रमणमा श्रीलंकाका ६ खेलाडी घाइते भए। ६ प्रहरी तथा दुई सर्वसाधारण आक्रमणमा मारिए। तत्कालीन श्रीलंकाका कप्तान महेला जयवर्धने, उपकप्तान कुमार सांगाकारा, थिलान समाराविरा, थरांगा परानताना, चामिदा भास तथा सुरागा लकमाले आतंकारीको आक्रमण कहिले बिर्सन सक्दैनन्। उनीहरू बालबाल बचेका थिए।

आतंकारीहरूले एके-४७ र ६-७ आरपिजी गनले श्रीलंकाली टोलीमाथि आक्रमण गरेका थिए। उनीहरूबाट २२ देखि ७० ग्रेनाइड बरामद गरिएको थियो। पाकिस्तानी सरकारले रंगशालाबाटै विशेष सुरक्षाका साथ घाइते खेलाडीका साथ श्रीलंकाली टोलीलाई सुरक्षित स्थानमा पुऱ्याइएको थियो। विश्व क्रिकेटकै एक अप्रिय घटना भएको मार्चमा १६ वर्ष पूरा हुँदै छ। अन्तर्राष्ट्रिय क्रिकेटमा लाहोर आक्रमणलाई एक कालो दिनका रूपमा लिइन्छ।

पाकिस्तानमा सुरक्षा व्यवस्था अत्यन्तै फितलो र आमनागरिकहरूको ज्यान जोखिम भएकाले खेल आयोजना गराउन नसकिने अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)को ठहर थियो। यसैकारण पाकिस्तानमा लगभग सात वर्ष कुनै पनि अन्तर्राष्ट्रिय क्रिकेट खेल भएन। सन् २०११ मा एकदिवसीय विश्वकप क्रिकेटको सहआयोजक बनेको पाकिस्तानले एक खेल पनि खेलाएन। तर, पछिल्लो समय पाकिस्तान सरकारले नागरिक तथा विदेशीहरूको सुरक्षामा शतप्रतिशत प्रतिबद्धता दिँदा आइसिसीले यहाँ अन्य अन्तर्राष्ट्रिय खेल आयोजना गर्न अनुमति दिएको छ।

यसैको उदाहरणस्वरूप आइसिसी च्याम्पियन्स ट्रफी हो। १६ वर्षपछि पाकिस्तानले आइसिसीको ठुलो अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता गर्न अवसर पाएको हो। अन्तर्राष्ट्रिय जगत्मा पाकिस्तानले आफ्नो छवि सुधार गर्न ठुलो मौका पाएको विज्ञहरूले बताएका छन्। 'पाकिस्तानले आइसिसी च्याम्पियन्स ट्रफी सफलतापूर्वक आयोजना गर्दा छवि सुधार हुनेछ,' विज्ञले भनेका छन्, 'पाकिस्तानी सरकार र पिसिबीले यो मौका गुमाउनुहुन्न।' प्रतियोगितामा आठ टेस्ट राष्ट्रले भाग लिँदै छन्। समूह 'ए' मा बंगलादेश, भारत, न्युजिल्यान्ड र आयोजक पाकिस्तान छन्। समूह 'बी'मा अफगानिस्तान, अस्ट्रेलिया, इंग्ल्यान्ड र दक्षिण अफ्रिका रहेका छन्। प्रतियोगिताको बुधबार पहिलो खेलमा पाकिस्तानले न्युजिल्यान्डविरुद्ध खेल्नेछ।



अहिलेसम्मका विजेता

राष्ट्र	संस्करण
भारत	२००२, २०१३
अस्ट्रेलिया	२००६, २००९
द.अफ्रिका	१९९८
न्युजिल्यान्ड	२०००
वेस्ट इन्डिज	२००४
पाकिस्तान	२०१७

धेरै खेल जित्ने

राष्ट्र	खेल	जित	हार	जित %
भारत	२९	१८	८	६२
इंग्ल्यान्ड	२५	१४	११	५६
श्रीलंका	२७	१४	११	५२
वेस्ट इन्डिज	२४	१३	१०	५४
अस्ट्रेलिया	२४	१२	८	५०
न्युजिल्यान्ड	२४	१२	१०	५०
द.अफ्रिका	२४	१२	११	५०
पाकिस्तान	२३	११	१२	४८
बंगलादेश	१२	२	९	१७
जिम्बाबे	९	०	०	०

व्यक्तिगत सर्वाधिक रन

ब्याट्सम्यान	खेल	रन	शतक	अर्धशतक
क्रिस गेल (वेस्ट इन्डिज)	१७	७९१	३	१
महेला जयवर्धने (श्रीलंका)	२२	७४२	०	५
शिखर धवन (भारत)	१०	७१०	३	३
कुमार सांगाकारा (श्रीलंका)	२२	६८३	१	४
सौरभ गांगुली (भारत)	१३	६६५	३	३

सर्वाधिक विकेट

बलर	राष्ट्र	खेल	विकेट	इकोनोमी
केल मिल्स	न्युजिल्यान्ड	१५	२८	४.२९
लाथिस मलिंगा	श्रीलंका	१६	२५	५.३१
मुथैला मुरलीधरण	श्रीलंका	१७	२४	३.६०
ब्रेट ली	अस्ट्रेलिया	१६	२२	४.७९
जेम्स एन्डसन	इंग्ल्यान्ड	१२	२१	४.५०

सुरक्षामा चुनौती

पछिल्लो केही समययता पाकिस्तानमा आतंकारीहरूको हमलामा कमी आएको छ। तर, त्यहाँका जनता निर्धक्कसाथ दैनिक जीवन बिताउन सकिरहेका छैनन्। अहिले पनि पाकिस्तानले आफूलाई आतंकवाद पूर्ण रूपमा निर्मूल भइसकेको सन्देश दिन सकेको छैन। सरकारले च्याम्पियन्स ट्रफीका सहभागी खेलाडीहरूलाई विशेष सुरक्षा व्यवस्था अपनाएको दाबी गरेको छ। होटेलदेखि भेन्युसम्म भिभिआइपीको सुरक्षा व्यवस्था प्रदान गर्ने आयोजकले जनाएको छ। अपरिचित व्यक्तिहरूलाई होटेल प्रवेश रोक लगाएको छ। साथसाथै खेलाडीहरूलाई पनि होटेलबाट बाहिर जान 'सुरक्षा प्रोटोकल' पार गर्नुपर्ने निर्देशन छ।

स्वेच्छाले खेलाडीलाई होटेलबाहिर जान अधिकार दिएको छैन। फेरि आठ वर्षपछि हुन लागेको च्याम्पियन्स ट्रफीमा कुनै अप्रिय घटना नहोस् भनेर पाकिस्तानी सरकारले १० हजार सुरक्षाकर्मीलाई विभिन्न खेल स्थानमा खटाइएको छ। कराँची, लाहोर तथा रावलपिन्डीका होटेलमा आर्मीका विशेष गार्ड व्यवस्था गरिएको पिसिबीका अध्यक्ष मोसिन नाभीले बताए। 'सरकारले प्रतियोगिता दौरान सबैलाई सुरक्षाको प्रत्याभूति दिलाउन विशेष रणनीति अपनाएको छ,' उनले भने, 'आर्मीबाहेक रंगशाला परिसरमा १० हजार प्रहरी तैनाथ हुनेछन्।'

पाकिस्तानमा नजाने भारतको अडान

छिमेकी राष्ट्र भारतले पाकिस्तानमा नखेल्ने अडान राखेको छ। भारत र पाकिस्तान एकै समूहमा छन्। प्रतियोगिता यी दुईबिच प्रतिद्वन्द्वीको खेल युएईमा हुनेछ। सरकार र भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले पाकिस्तानको सुरक्षामा आफूहरू ढुक्क हुन नसकेको जनाउँदै आफ्ना खेलाडीलाई त्यहाँ प्रतिस्पर्धा गराउन नसकिने अडान राखेको छ। सन् २००९ को मार्चपछि भारतले पाकिस्तानको भ्रमण गरेको छैन। भारत आफ्नो अडानबाट पछि नहट्ने भएपछि आइसिसीले पाकिस्तानमा हुने प्रतियोगिता 'हाइब्रिड मोडेल' अपनाएको छ। यसअनुसार भारतका सबै खेल युएईको मैदानलाई 'तटस्थ' मानेको छ। सन् २०२३ मा पनि एसिया कप दौरान भारत र पाकिस्तानबिचको खेल कोलम्बोमा भएको थियो। दुई वर्षअघिको एसिया कपको आयोजक पाकिस्तान नै थियो।

सन् २०१५ मा जिम्बाबेको भ्रमण

आतंककारीको हमलापछि पाकिस्तानमाथि अन्तर्राष्ट्रिय जगत्ले प्रतिबन्ध लगायो। आइसिसीले पनि सुरक्षाको कारण देखाउँदै अन्तर्राष्ट्रिय खेल आयोजना गर्न दिएन। यसबिच पाकिस्तानले लगभग सात वर्ष युएईलाई घरेलु मैदानका रूपमा प्रयोग गरेको थियो। तर, सन् २०१५ मा जिम्बाबेले पाकिस्तानको भ्रमण गऱ्यो। सात वर्षको अवधिमा विदेशी टोली पाकिस्तानमा आउने जिम्बाबे पहिलो राष्ट्र बनेको थियो। त्यसपछि बिस्तारै यहाँ क्रिकेट माहोल बढ्दै गएको हो। सन् २०१७ मा आइसिसीले लाहोरमा फाप डु प्लेसिसको कप्तानीमा रहेको विश्व ११ अन्तर्गत तीन खेल आयोजना गरेको थियो। सो यता श्रीलंका, वेस्ट इन्डिज र बंगलादेशले पाकिस्तानमा आएर खेलेका छन्।

■ 'बी' डिभिजनका १० क्लबका माग

'५० दिनभित्रै लिग सकाऊ'

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले आउँदो २५ फागुन देखि २५ जेठ ०८१ सम्म सहिद स्मारक 'बी' डिभिजन लिगको खेल तालिका सार्वजनिक गरिसकेको छ। खेल तालिकाअनुसार च्यासल युथ र वीरगन्ज युनाइटेडबिच उद्घाटन खेल हुनेछ। एन्फाले लिग आयोजनाको तयारी गरिरहँदा सहभागी १४ मध्ये १० क्लबले प्रतियोगिता निकै लामो अवधि भएको भन्दै ५० दिनमा सकाउनुपर्ने दबाब दिएका छन्।

एन्फाले तीन महिनाको खेल तालिका राखेर लिग गर्दा आफूहरूलाई अन्याय गरेको १० क्लबका संयुक्त भनाइ छन्। रानीपोखरी कर्नर (आरसिटी), वीरगन्ज युनाइटेड, टुसाल युथ, श्री कुमारी, मध्यपुर युथ एसोसिएसन, सरस्वती युवा, ब्रिगेड ब्वाइज, नयाँबस्ती युवा, च्यासल युथ र ब्वाइज युनियनले मंगलबार एन्फाको खेल तालिका मान्न तयार नभएको जनाएका छन्। तर, प्लानिङ ब्वाइज युनाइटेड, श्री भगवती, झापा फुटबल र बाँसबारी क्लबले एन्फाको खेल तालिका सम्बन्धमा केही प्रतिक्रिया जनाएका छैनन्।

उनीहरूले यसअघि भएका सहमति कार्यान्वयन हुनुपर्ने र नियमावली संशोधन गर्नुपर्ने मागसहित एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङलाई पत्र बुझाएका छन्। 'बी' डिभिजन लिग खेल तालिका र दिन छोट्याउन हामी १० क्लबले ज्ञापनपत्र दियौं, खेल तालिका तीन महिना छ, अधिल्लापटकको भन्दा दोब्बर हो, यसले एकातिर क्लबको खर्च पनि एकातिहाइ बढ्नेछ,' ज्ञापनपत्र बुझाउन पुगेका एक सदस्यले नयाँ पत्रिकालाई भने, 'हामीले आबद्ध गरेका खेलाडीको पढाइ र उनीहरूको परीक्षासमेत ध्यानमा राख्नुपर्छ, यसअघि पनि खेल तालिकाको विरोध गरेका थियौं।'

आर्थिक भार कम गर्न एन्फाले हप्तामा दुई खेलका दरले ५० दिनमा लिग सक्ने गरी पुनः खेल तालिका मिलाउनुपर्ने ती क्लबहरूले माग राखेका छन्। आफ्नो माग तीन दिनभित्र सम्बोधन नभए लिग खेल्न बाध्य नहुने र त्यसको सम्पूर्ण जिम्मेवारी एन्फाले लिनुपर्ने क्लबले चेतावनी दिएका छन्।

तीन वर्षपछि हुँदै लिग

०७८ पछि हुन लागेको 'बी' डिभिजन लिग तीन महिना लामो हुनेछ। लिगमा १४ टोलीले एक-अर्काबिच एकपटक खेल्नेछन्। ११ चरणसम्म सातदोबाटोमा हुने लिगमा ९१ खेल हुनेछन्। अन्तिम दुई चरणको समय र खेल्ने मैदान एन्फाले सार्वजनिक गरेको छैन।

यसैबिच, एन्फाले लिगमा सहभागी प्रत्येक क्लबलाई तयारी खर्चस्वरूप दुई लाख दिने भनिएको छ। यद्यपि, एन्फाले तयारी खर्च क्लबहरूलाई उपलब्ध गराएको छैन। 'लिगअगाडि नै तयारी खर्च पाउँदा सहज हुनेछ,' ती पदाधिकारीले भने। दुई लाखबराबरको केल्मी ब्रान्डको सामग्रीमा छुटको व्यवस्था मिलाउनुपर्ने माग १० क्लबले राखेका छन्। पछिल्लो समय क्लब लिगमा सहभागी नहुँदा कारबाही तथा जरिवाना गरिएको थियो। तर, एन्फाबाट लिग समयमै आयोजना गर्न नसक्दा रोकिएको खण्डमा क्लबको खर्च रकम उपलब्ध गराउनुपर्ने बुँदा नियमावली संशोधन गर्नुपर्ने माग अगाडि राखेको छ।

ALL NEPAL FOOTBALL ASSOCIATION ANFA

तीन दिनभित्र आफ्नो माग सम्बोधन नभए लिग खेल्न बाध्य नहुने र त्यसको सबै जिम्मेवारी एन्फाले लिनुपर्ने १० क्लबको चेतावनी

खेल संक्षेप

हिमाली र रिलायन्स फाइनलमा

काठमाडौं/ प्रथम हिमाली अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा मंगलबार आयोजक हिमाली बोर्डिङ स्कुल र रिलायन्स रेसिडेन्सियल फाइनलमा प्रवेश गरेका छन्। घरेलु कोर्टमा हिमाली ग्रिन लन्सलाई १९-१३ ले पराजित गऱ्यो। हिमालीकी जस्तिना लामाले ९ स्कोर गरिन्। रिलायन्सले क्यान्भासमाथि ३८-११ को फराकिलो जित निकाल्यो। रिलायन्सकी एलिसा तामाङले २० स्कोर गरिन्।



यसैगरी, सिनियर पुरुषमा ज्ञान निकेतनले हेम्सलाई ६०-४० ले पराजित गरेको छ। ज्ञान निकेतनका महेन्द्र प्याकुरेलले सर्वाधिक ३० स्कोरको योगदान गरे। अर्को खेलमा विल्सन एकेडेमीले हिमालीलाई ७४-६० ले पाखा लगाउँदै उपाधि भिडन्त पक्का गऱ्यो। विल्सनलका रेहान डंगोलले ३२ स्कोर गरे। प्रतियोगिताको जुनियर पुरुषमा सम्भावीले हिमालीलाई ३४-२० ले हराउँदै फाइनल स्थान सुरक्षित गरेको छ। पहिलो क्वार्टरदेखि सम्भावीले हिमालीमाथि दबाब राखेको थियो। ग्रिन लन्सले सनसाइनलाई ३६-२७ ले पन्छ्याउदै सम्भावीविरुद्धको उपाधि भिडन्त पक्का पाऱ्यो।

देउराली शीर्ष स्थानमा

धरान/ धनकुटाको देउराली युथ क्लब प्रदेश प्रिमियर लिगमा शीर्ष स्थानमा उक्लिएको छ। प्रतियोगिताको मंगलबार धरान रंगशालमा भएको खेलमा देउरालीले पाँचथरको पाँचथर युनाइटेडलाई ७-० ले हरायो। ४ अंकसहित देउराली लिगको शीर्ष स्थानमा पुगेको हो। समान ४ अंक जोडेको उदयपुरको गाईघाट गोलअन्तरमा दोस्रो स्थानमा छ। गाईघाटले खोटाङको बुइपा ११ लाई २-० ले पाखा लगायो। गाईघाटका प्रवीन राईले पहिलो हाफमै दुई गोल गरे। लिगमा एक अंक जोडेको बुइपा ११ तेस्रो स्थानमा छ। प्रतियोगितामा ११ जिल्लाका लिग च्याम्पियन क्लबबिच प्रतिस्पर्धा भइरहेको छ। विजेताले दुई लाख र उपविजेताले एक लाख ५० हजार रुपैयाँ पाउनेछन्।

बास्केटबल आजदेखि

काठमाडौं/ नेपाल लोकतान्त्रिक खेलकुद संघ ललितपुर र नखिपोट युवा क्लबको संयुक्त आयोजनामा बुधबारदेखि पुरुष तथा महिला बास्केटबल हुँदै छ। प्रतियोगिताको पुरुषतर्फ १५ र महिलामा ३ टोलीले प्रतिस्पर्धा गर्ने मंगलबार संघका अध्यक्ष पुनित गुरुङले जानकारी गराए। पुरुषको खेल नकआउट आधारमा हुनेछ। महिलामा सहभागीबिच पहिलो राउन्ड रोविन लिग र त्यसपछि शीर्ष दुई टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन्। पुरुषमा पहिलो हुनेले एक लाख र दोस्रोले ५० हजार रुपैयाँ पाउनेछन्। महिलाको उपाधि विजेताले ५० हजार र उपविजेताले २५ हजार रूपैयाँ हात पार्नेछन्। मोस्ट भेलुएबल प्लेयरले २० हजार पाउनेछन्।

हिमालयनमाथि श्री स्टारको सानदार जित

मकवानपुर/ श्री स्टारले सातौं बागमती गोल्डकप फुटबल प्रतियोगितामा मंगलबार हिमालयन शेर्पा क्लबलाई ४-० ले हराएको छ। जितसँगै श्री स्टार सेमिफाइनलमा प्रवेश गरेको छ। सहिद स्मृति रंगशालामा श्री स्टारलाई अन्तिम चार स्थान पक्का गराउने क्रममा सुशील राई, नवीन लामा, फोफना र एलेक्सले समान एक गोल गरेका थिए। हिमालयनको फितलो डिफेन्सको फाइदा लिँदै श्री स्टारले चारै गोल पहिलो हाफमा गरेको थियो।

हिमालयनले दोस्रो हाफमा रक्षात्मक खेल अपनाएको थियो। हिमालयनको बलियो रक्षापंक्ति शैलीमा श्री स्टारले दोस्रो हाफमा एक गोल पनि थप्न सकेन। हिमालयनले मध्यान्तरपछि केही पोस्ट आक्रमण गरे पनि सबै फितलो रहे।

श्री स्टार चौथो संस्करणको विजेता र हिमालयन तेस्रो संस्करणको उपविजेता हो। अफ्रिकन रुट्स एसोसिएसनलाई हराउँदै श्री स्टारले उपाधि जितेको थियो। हिमालयन फाइनलमा जावलाखेल युथ क्लबसँग पराजित भएको थियो। हिमालयनविरुद्धको खेलमा श्री स्टारका नवीन लामा म्यान अफ दी म्याच घोषित हुँदै १० हजार रुपैयाँ पाए। १२ फागुनसम्म हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन्। सर्वोत्कृट खेलाडीलाई एक लाख एक हजार रुपैयाँ प्रदान गरिनेछ। विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार दिइने आयोजकले जनाएको छ।

■ अमेरिकाको अप्रत्याशित जित



आइसिसी विश्वकप लिग २ मा अमेरिकाले मंगलबार ओमनलाई अप्रत्याशित रूपमा ५७ रनले हराएको छ। लिगअन्तर्गत ५४औं खेलमा अमेरिकाले पहिलो ब्याटिङ गर्दै ३५.३ ओभरमा सबै विकेट गुमाउँदै १२२ रन बनायो। प्रत्युत्तरमा अमेरिकाले ओमनलाई २५.३ ओभरमा ६५ रनमा समेट्यो। ओमनविरुद्ध अमेरिकाका मिलिन्दकुमार म्यान अफ दी म्याच भए। उनले ४७ रन बनाउनुका साथै दुई विकेट लिए। २२ अंकका साथ अमेरिका शीर्ष स्थानमा छ। अमेरिकाले १६ खेलमा ११ जित र पाँच हारको सामना गरेको छ। दोस्रो स्थानमा रहेको ओमनले १८ अंक बनाएको छ। लिग २ मा नेपाल ६ अंकका साथ सातौं स्थानमा छ। तस्बिर : एजेन्सी

निशाले फोर नेसन्स कप गुमाउने

किर्गिस्तानविरुद्ध घाइते भएकी डिफेन्डर निशा थोकरलाई आराम गर्न चिकित्सकको सल्लाह

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला टोलीकी डिफेन्डर निशा थोकरले फोर नेसन्स कपका बाँकी खेल गुमाउने भएकी छिन्। प्रतियोतिगाको सोमबार नेपालले किर्गिस्तानविरुद्ध १-० को जित निकाल्दा निशा गम्भीर घाइते भएकी थिइन्। उनी इन्जुरी समयमा किर्गिस्तानकी डिफेन्डर नगिमा तुरालेइभासँग ठोक्किन पुगेकी थिइन्। निधारमा चोट लागेपछि उनलाई तत्कालै एम्बुलेन्सको सहायतामा त्रिपुरेश्वरमै रहेको ब्लुक्रस अस्पताल पुऱ्याएको थियो।

'निशाको निधारमा आवश्यक टाँका लगाइएको छ, अहिले चिकित्सकहरूले उनलाई आराम गर्न भनेका छन्,' एन्फा प्रवक्ता सुरेश शाहले भने। मुख्य प्रशिक्षक राजेन्द्र तामाङले नियमित सेन्टर ब्याक खेलाडी अमृता जैशीको स्थानमा निशालाई किर्गिस्तानविरुद्ध प्लेइङ ११ मा स्थान दिएका थिए। एन्फाले निशाको टाँका नखोलुन्जेलसम्म आराम दिने जनाएको छ। 'निशालाई आराम दिनुपर्ने भनी चिकित्सकले जानकारी हामीलाई दिएका छन्,' शाहले भने, 'यसैकारण उसले फोर नेसन्स कपका बाँकी खेल गुमाउने सम्भावना छ।'

घाइते निशा सोमबारै साँझ अस्पतालबाट डिस्चार्ज भएकी छिन्। उनी अहिले बेड रेस्टमा छिन्। अस्पतालले उनलाई बुधबारै फलोअपका लागि बोलाएको छ। यसैबिच, मुख्यप्रशिक्षक तामाङले खेलको अवस्थाअनुसार निशालाई खेलाउने वा नखेलाउने टुंगो लाग्ने बताए। नेपालले च्याम्पियनसिपअन्तर्गत बिहीबार लेबनानसँग प्रतिस्पर्धा गर्नेछ। सहभागी टोलीमध्ये माथिल्लो फिफा वरीयतामा रहेको म्यानमारसँग लेबनान ३-१ ले पराजित भएको थियो।

नेपाली टोलीमा चोटको समस्या

पछिल्लो समयमा महिला राष्ट्रिय टोलीमा खेलाडीहरूको चोट समस्या बन्दै गएको छ। विशेष गरी डिफेन्सका खेलाडी विभिन्न प्रतियोगितामा घाइते भएका छन्। गत कात्तिकमा साफ महिला च्याम्पियनसिपमा हीराकुमारी भुजेल भुटानविरुद्धको खेलमा घाइते भएकी थिइन्। सोही साफ च्याम्पियनसिपमा मिडफिल्डर दीपा शाही पनि घाइते भइन्। यी दुवै खेलाडीका चोट निको भएको छैन। प्रशिक्षक तामाङले फोर नेसन्समा डिफेन्समा राम्रो गर्न सक्ने भनी निशालाई स्थान दिएका थिए। तर, निशा पनि घाइते हुँदा अब डिफेन्स लाइनमा समस्या आउने देखिन्छ।



फाइल तस्बिर

एपिएफले ब्ल्याक बुल्सको सामना गर्ने

काठमाडौं/ तेम्रो केपी ओली कप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा एपिएफले उज्वेकिस्तानको ब्ल्याक बुल्सविरुद्ध प्रतिस्पर्धा गर्ने भएको छ। ११ देखि १९ फागुनसम्म हुने ओली कपमा दुई विदेशीसहित नौ क्लबले भाग लिनेछन्। राष्ट्रिय युवा संघ नेपालको आयोजनामा हुने प्रतियोगिताको विजेताले १५ लाख ११ हजार र उपविजेताले पाँच लाख रुपैयाँ जित्नेछन्।

उत्कृष्ट खेलाडीले एक लाख पाउनेछन्। उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले जनही ५० हजार रुपैयाँ पुरस्कार युवा संघले जनाएको छ। म्यान अफ दी म्याचले १५ हजार र हरेक खेल जित्ने टोलीले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको क्वार्टरफाइनल खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदान हुनेछ। त्यसपछि सेमिफाइनल र फाइनल दशरथ रंगशालामा हुने आयोजकले जनाएको छ।

उज्वेकिस्तानको ब्ल्याक बुल्सले गत शनिबार २४औं आहारारा पोखरा गोल्डकप जितेको थियो। उत्कृष्ट फर्ममा रहेको उज्वेकिस्तानलाई रोक्ने प्रयासमा एपिएफ रहनेछ। १२ फागुनमा दुई खेल हुने आयोजकले जनाएको छ।

पहिलो खेलमा त्रिभुवन आर्मीले नेपाल पुलिस क्लबविरुद्ध भिड्नेछ। दोस्रो खेल न्युरोड टिम (एनआरटी) र आयोजक केपी ओली एफसीबिच हुनेछ। प्रतियोगितामा सहिद स्मारक 'ए' डिभिजन लिग उपविजेता मच्छिन्द्रसँगै एपिएफ, पुलिस, आर्मी, एनआरटी, संकटा र भुटानको ट्रान्सपोर्ट युनाइटेड क्लबले सहभागिता जनाउनेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com